दायित्व
(साहित्यिक मासिक)

वर्ष १२ | पौष २०५५ | पूर्णाङ्क-३३

प्रधान सम्पादक/ प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त

विशेष सहयोगी
विनोद ढुंगेल

सहयोगी
ऋषिराम डाँगी
विष्णु ज्ञवाली
कमल ज्ञवाली
गोविन्द नेपाल

कार्यालय
घ १-६०१ चावहिल, काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विषयक्रम

अन्तर्वार्ता:

गद्यमा म छरिन्छु तर पद्यमा म भरिन्छु	१	- कविवर माधवप्रसाद घिमिरे प्रस्तुति: - रामप्रसाद पन्त - ठाकुर शर्मा

कथा/लघुकथा

रगत जाँच	५	- बलदेव मजगैयाँ
झोल	७	- पुस्कर लोहनी
धाइरिङकी दमीनी	१०	- खगेन्द्र संग्रौला
साँचो	१६	- भागीरथी श्रेष्ठ
चन्दा	२७	- नवराज पुडासैनी 'ज्योत्स्ना'
परिचय	३४	कमला सरुप
प्रतीक्षा	४७	सिर्जना शर्मा

समालोचना/ समीक्षा

'दायित्व'को यात्रा विशेषाङ्कलाई हेर्दा	३	- डा. तारानाथ शर्मा
कवि विद्यारण्यकेशरीको लघु-परिचय	३०	- प्रभात सापकोटा
कृति परिक्रमा	४१	- रामप्रसाद पन्त - ठाकुर शर्मा - युवराज नयाँघरे

लेख/निबन्ध

कला निर्माणको कला	२३	- ज्ञानेन्द्र विवश
तिहारको एकदिन	४४	- कृष्णप्रसाद ढकाल

यात्रा संस्मरण

जर्मनीको भ्रमण: केही संस्मरण	१७	- डा. गोविन्द टण्डन
भुल्न नसकिने यात्रा: पूर्णागिरि	३७	- ऋषिराम डाँगी

धर्म संस्कृति

हाम्रो नेपाली संस्कृति - एकचर्चा	२१	- भैरवनाथ रिमाल 'कदम'
शालिग्राम शिला सङ्गात्सर्वं याति पवित्रताम्	४६	- तुलसीराम पाण्डेय

भेटघाट:

दिनेश अधिकारीसँगको एकक्षण	५	- अरुणबाबु खत्री 'नदी'

कविता/गजल/गीत

माधव पन्त -२२/ सुरेन्द्रजंग वराल - २५/ आत्माराम ढुङ्गाना - २५/ रामेश्वर राउत 'मातृदास' - २६/ केदारप्रसाद सुवेदी - २६/ काशीराम 'विरश' - २९/ रमेशजंग सिजामती -२९/ राजेश्वर रेग्मी - ३२/ खड्गसेन ओली - ३३/ कैलाशसिंह ठकुरी 'आँशु' ३३/ यादव भट्टराइ - ३६/ यस. के. चौलागाई 'निर्दोश' - ३६/ प्रशन्ना शर्मा - ४९

कम्प्युटर: कम्प्युटर सलुसन (पवन रेग्मी) चावहिल, फोन नं. ४८६४३३
मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, चावहिल, कठमाण्डौ । फोन नं.. ४७४१०५

सम्पादकीय

* साहित्यकार भनेका देश र सामाजका निर्देशक हुन्/सचेतक हुन् । तिनले समाजका विसङ्गति र विकृतिहरूलाई औंल्याएर समाजलाई मार्ग निर्देशन गर्दछन् । त्यस कारण उनीहरूले कुनै पार्टी विशेष वा गुट विशेषमा लागेर आफ्नो विशाल दायरालाई सङ्कुचित बनाउनु हुन्न । देश र जनताप्रति इमान्दार बन्नु पर्छ र जनताको पीडा, उत्कण्ठा र समस्यालाई उजागर गर्नसक्नु पर्दछ । जनोत्थान र देश विकासको पहिलो सिंढी भनेको समाजिक सभ्यताको विकास हो । साहित्य र संस्कृतिको विकास हो ।
* आज लेखक साहित्यकारहरूको इमानन्दारीतामा ह्रास आउन थालेको छ । चोरीकला तीब्ररुपमा बढेर गएको छ अर्थात् साहित्य चोरीका कुराहरू/साहित्यमा मनपरीतन्त्र चलाउने कुराहरू/साहित्यको नाममा डकैती गर्ने कुराहरू ।
* त्यस कारण अहिले प्रतिलिपि अधिकारका कुराहरू टङ्कारोरुपमा अगाडि आएका छन् । साझा प्रकाशन स्थापना भएको दोस्रोवर्ष अर्थात् २०२२ सालमा लेखकको प्रतिलिपि अधिकार सुरक्षित गर्ने हेतुले प्रतिलिपि अधिकार ऐन निर्माण भएको हो तर त्यस ऐनमा केही त्रुटीहरू देखिएकाले गतसाल पहिलो संशोधन भएको छ । सो ऐनले भनेको छ --

'प्रतिलिपि अधिकार प्राप्त व्यक्ति वा रजिष्टारको इजाजत प्राप्त नगरी वा इजाजत प्राप्त गरेको भएतापनि कवुलियत या इजाजत पत्रमा उल्लेख भएको शर्त र बन्देजहरूको उल्लंघन गरी आर्थिक लाभ उठाई वा नउठाई देहाय बमोजिमको कुनै काम गरेमा अनधिकार प्रकाशन गरेको मानिने छ ।'

भनेर चारवटा दफामा गर्न नहुने कामहरू उल्लेख गरिएका छन् । अतः लेखक जस्तो सचेत एवं सम्मानित विशिष्ट वर्गले चोरी कलामा लागेर आफ्नै लेखकीय मर्यादाको खिल्ली उडाउनु हुँदैन । वास्तवमा भन्ने हो भने लेखक जस्तो मर्यादित व्यक्तिको लागि ऐनको खाँचो नहुनु पर्ने हो, यदि आवश्यक परीहाल्यो भने ऐनको परिधिभित्र बस्नसक्नु पर्दछ ।
* हाम्रो मुलुकका साहित्यकारले आफ्नो पेशामा निर्भर रहेर जीविकोपार्जन गर्न सकेका छैनन् । यसो हुनुमा केही हदसम्म हामी स्वयं दोषी छौं किनभने हामी आफ्नो पेशामा पूर्ण इमान्दार बन्न सकेका छैनौं । जसको नकारात्मक असर सबैतिर पर्दछ । अन्यथा बालकृष्ण पोखरेल जस्तो भाषाविद् एवं समालोचकलाई 'वसन्त'को आडमा जिउनु पर्ने थिएन । यस्ता उदाहरणहरू अरु पनि छन् ।
* अर्कोतिर केही साहित्यकारहरूबाट अन्य केही साहित्यकारहरूको सिर्जनामा ढिलो असर पार्ने बिष हालेर उनीहरूको भविष्य संकटमा पारिदिने योजनाको शुरुआत हुन थालेको छ । जसको मूलतत्त्व वा स्रोतलाई समेत गुमराह पारेर लेखकीय अहं र आडम्बरलाई प्रस्तुत गर्दा यथार्थ सत्य संकटमा पर्दछ र एउटा लेखकले अर्को लेखकको भविष्य समाप्त पारिदिन सक्दछ । यस अवस्थामा यस्तो ठाउँमा प्रतिलिपि अधिकार ऐनको प्रावधान रहन्छ रहँदैन सोच्नुपर्ने विषय भएको छ ।
* हिजोआज कृति विमोचन र अन्तर्क्रिया कार्यक्रम लगायतका विभिन्न साहित्यिक समारोहहरू धमाधम संचालन भैरहेका छन् र यसैगरी साहित्यिक पुरस्कारहरूको पनि बाढी नै लागेको छ । यस्ता कार्यक्रमहरू हुनु वा भैरहनु खुसीकै कुरा हो तर साहित्यकारहरूको लिष्टमा नाम थप्ने हिसावले वा संख्या बढाउने अस्वस्थ मानसिकताले प्रेरित भई कृति लेख्नु र पुरस्कार स्थापना गरेर एक आपसमा पुरस्कार साटासाट गरेर साहित्यिक आडम्बर सिर्जना गर्ने परिपाटी बस्यो भने त्यसले साहित्यिक भविष्यलाई कलुषित बनाउँछ । त्यसैले नेपाली साहित्यमा संख्यात्मक तथा आडम्बरपूर्ण अस्वस्थ संरचनाको विकास हुनुभन्दा गुणात्मक एवं सन्तुलित विकास होस् भन्ने हामी चाहन्छौं ।
* अब दायित्वका कुरा गरौं -

लेखकहरूकै स्नेह र सद्भावबाट नै आज दायित्व यौवनावस्थातिर लम्कँदै छ । केही समय अघि दायित्व परिवारले यात्रा विशेषाङ्क (पूर्णाङ्क ३२) लाई एक समारोहका बीच सार्वजनिक गऱ्यो । यसैगरी आगामी दिनहरूमा पनि दायित्व प्रकाशनले अन्य उत्कृष्ट प्रकाशनहरू गर्दै जानेछ । श्रद्धेय लेखकहरू, विज्ञापन दाता महानुभावहरू र दायित्व प्रेमी साहित्यानुरागी मित्रहरूको सहयोग विगतमा जस्तै भविष्यमा पनि हुँदै रहोस् - यही सविनय आग्रह सहित ।

अन्त्यमाः दायित्वको उचित मूल्याङ्कन गरी यसवर्ष दायित्वलाई सम्मान गरेकोमा प्रेश काउन्सीलप्रति दायित्व परिवार धन्यवाद प्रकट गर्दछ ।

संकल्प

वि.सं. १९८८ साल फागुन १९ गते मङ्गलवारका दिन माता भक्तकुमारी घले र पिता कृष्णबहादुर घलेको कोखबाट डिल्लीबजार काठमाडौंमा जन्मेकी सुश्री भद्रकुमारी घले सानै उमेरदेखि समाजसेवी आमाको प्रेरणाबाट सामाजिक चिन्तनतिर उन्मुख हुनुभएको हो ।

अध्ययनको क्रममा वर्धा (भारतको नागपुर नजिकै) गान्धी आश्रममा बस्दा उहाँले नेपाली विषयका गुरु कृष्णचन्द्र सिंह प्रधानको प्रेरणाबाट साहित्य लेख्न शुरु गर्नुभयो र उहाँकै निर्देशन र सहयोगमा सम्पादन हुने हस्तलिखित 'हामी' मासिक पत्रिकामा प्रकाशन शुरु गर्नुभयो । त्यसपछि हिन्दी भाषामा निस्कने 'ज्योति' हस्तलिखित पत्रिकामा पनि उहाँका रचनाहरू प्रकाशित हुन थाले । फलस्वरूप हालसम्म उहाँका ३ कथासङ्ग्रह, ४ कवितासङ्ग्रह, १ निबन्धसङ्ग्रह र १ गीति नृत्य नाटिकासङ्ग्रह प्रकाशित भएका छन् ।

सुश्री भद्रकुमारी घले

काशी विद्यापीठबाट स्नातक गरी नेपाल फर्केपछि उहाँले आफ्नो जीवन पूर्णतः समाजसेवामा लगाउनु भयो । खासगरी उहाँले सिन्धुली र जनकपुर जिल्लाको स्वास्थ शिक्षा र सडकको क्षेत्रमा व्यक्तिगत तथा सामूहिक सहभागिताको आधारमा विशेष योगदान पुऱ्याउनु भयो भने सर्लाही, महोत्तरी, दोलखा, रामेछाप, सप्तरी आदि जिल्लाहरूका रेडक्रस, बाल संगठन, हुलाक र नारी शिल्पको विकासको लागि विभिन्न रूपबाट सहयोग गर्नुभयो । अन्ततः उहाँ जिल्ला सभापति, अञ्चल सभापति तथा महिला संगठनबाट ३ पटकसम्म माननीय र सिन्धुली जिल्लाबाट निर्वाचित भै राज्यमन्त्रीसम्म हुनुभयो ।

यसरी साहित्य रचना र समाजसेवाको अतिरिक्त सुश्री घलेले चित्रकला र नाटक मञ्चनमा पनि ख्याति कमाउनु भएको छ । काजल, रातोमाटो, गेरु, वेसार, ढीकेनीर आदि नयाँ विधि प्रयोग गरेर उहाँले ५०० जति चित्र कोर्नुभएको छ भने करिव १० पटकसम्म एकल चित्रकला प्रदर्शनी गराइसक्नु भएको छ । यसैगरी स्वदेश र विदेश (इण्डिया) मा सामूहिक गान, सामूहिक नृत्य, भेराइटी शो र सांस्कृतिक कार्यक्रमहरूमा भागलिएर भारतीय नेताहरू - डा. राजेन्द्रप्रसाद, जवाहरलाल नेहरु र इन्दिरा गान्धीको समेत मन जित्न सफल हुनु भई धेरै सम्मान र पुरस्कारहरू प्राप्त गर्नुभएको छ ।

राजप्रतिनिधि परिषद्की सम्माननीय सदस्य रहनु भएकी सुश्री घलेले प्रबल गोरखादक्षिणबाहु, रत्न पदक, हीरक पदक, शुभराज्याभिषेक पदक लगायत धेरै पदकहरूबाट सम्मानित हुनुभएको छ भने थाइल्याण्ड, हङ्ककङ्ग, जापान, मंगोलिया, सोभियत रुस, जर्मनी, बेल्जियम, बेलायत, फ्रान्स, स्वीजरलैण्ड आदि देशहरूको भ्रमण र नेपालका ७० जिल्लाको भ्रमण गरिसक्नु भएको छ ।

मिति २०५५/७/२७ गते दायित्व परिवारद्वारा आयोजित "दायित्व प्रकाशनको ३२ औं पुष्प 'यात्रा विशेषाङ्क' को विमोचन समारोह" मा सभापतिको आसनबाट सुश्री भद्रकुमारी घलेले आफ्नो जनकपुरको घर बिक्री भएपछि प्राप्त हुने रकमबाट दायित्वको अक्षयकोषको लागि रु. १ लाख प्रादान गर्ने घोषणा गर्नु भएको छ । उहाँका अनुसार- उक्त रकमको वार्षिक ब्याजवाट दायित्व परिवारले विभिन्न क्रियाकलापहरू (रकम प्राप्त भएपछि कार्यक्रम प्रकाशित गरिनेछ) सञ्चालन गर्नेछ ।

यसरी भद्रकुमारी घलेले गर्नुभएको संकल्पले दायित्व परिवारलाई ठूलो गौरव र प्रतिष्ठाको विषय भएको छ । र, जिम्मेवारी पनि अरू थपिएको महशुस भएको छ । अतः दायित्व परिवारप्रति विश्वास गरेर दायित्वको उत्थान र प्रगतिको निम्ति कृतसंकल्पित हुने सुश्री भद्रकुमारी दिदीज्यू प्रति **दायित्व परिवार** हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

साहित्यकार शङ्कर कोइराला र 'विद्यासागर'को उपाधि

क्रमश: समय वितिरहेको छ । आज करीब डेढवर्ष समाप्त भयो - शङ्कर कोइरालाको अवसान भएको पनि । जसको नाम आज पत्र-पत्रिकामा देखिदैन, साहित्यिक सभा/समारोहहरूमा त्यो अनुहार झुल्कदैन, मैतिदेवीबाट शुरु हुने जीवनको क्रम थामिएको छ ।

शान्त जीवन ..., शान्त मृत्यु, शान्त वातावरणवीच जीवन बाँच्दै कुनै पुरस्कार, सम्मान, र पदक विनाको शङ्कर कोइरालाको साहित्यिक यात्रा मृत्यु पश्चात् 'वायोडाटा'को माग गर्दै परिवारमा पठाएको एउटा पत्रले साहित्यिक वर्ग र साहित्यिक उत्थानमा समर्पित संघ संस्थाहरूमा एउटा ठूलो हलचल पैदा हुनु पर्ने हो । यो सत्य हो, कुनै कथा होइन - जुन धरतीमा रही साहित्यमा साधनरत एउटा व्यक्तित्व आफ्नो सम्पूर्ण आधा दशकको साहित्यिक जीवनकालमा अभिनन्दित हुँदैन त्यही मृत्यु पश्चात् विक्रमशिला हिन्दी विद्यापीठद्वारा विद्यासागर'को उपाधि ग्रहण गर्न आमन्त्रण गर्नुलाई साहित्यिक जगत्ले कुन रुपले लिन्छ कुन्नि ? स्मरण रहोस् - विक्रमशिला हिन्दी विद्यापीठद्वारा प्राप्त पत्रबाट यो थाहा हुन्छ कि साहित्यकार शङ्कर कोइरालाको मृत्यु बारे अनभिज्ञ त्यहाँको प्राज्ञ समाजले एक तपस्वी साहित्यकारलाई सम्मान गर्न पाउनुलाई गौरव महशुस गरी आमन्त्रण गरेको थियो । यति ठूलो सम्मान साहित्यकार शङ्कर कोइरालाको जीवित स्थितिमा भएको भए सो अवर्णनीय आनन्दलाई शायद शब्दवाट प्रकट गर्न असम्भव हुन्थ्यो होला, तर मानिसहरूले सोचे झैं परिस्थिति बन्दैन । कर्मप्रति समर्पित व्यक्ति फलको आशा पनि गर्दैन, निरन्तर साधनामा लिप्त रहन्छ । यस्तै सिद्धान्तवाट अभिप्रेरित शङ्कर कोइराला आफ्नै साहित्यिक परिवेशवाट फ्याँकिएको व्यक्ति विदेशवाट यति ठूलो सम्मानवाट विभूषित हुने व्यक्तित्व रहने छन् भन्ने तथ्यलाई साहित्योत्थानमा स्थापित संघ संस्था र प्राज्ञ समाजले कसरी हेर्छ खै ? विशुद्ध साहित्यिकक्षेत्रमा समर्पित विद्वत्वर्गले अलिकति सम्वेदनशील भएर सोच्ने हो भने यो एउटा गम्भीर विषय हुन सक्छ । आफ्नो समग्र जीवनको साहित्यिक क्षेत्रमा समर्पित रहने एक सच्चा साहित्यकारले पाउनु पर्ने न्याय पाएको थियो थिएन ? थिएन भने कुन आधारमा किन ! र, थियो भने हामीले किन चिन्न सकेनौं ? हामी भित्र के त्रुटी रहेको छ र चिन्न सकेनौं ? आफैले आफैलाई प्रश्न गरेर उत्तर खोज्नु पर्दछ ।

स्व. शङ्कर कोइराला

भविष्यमा पनि यस्तै प्रकारको भाट र चारण साहित्य विकसित हुँदै जाने हो भने सच्चा समर्पित साहित्यकारहरूको सही मूल्याङ्कन र कदर गरिदिन पनि हामीले भारतीय विश्वविद्यालयको दैलो ढक्ढकाउन पर्ने त होइन ?

✧✧✧

दायित्व बोल्छ !

- दायित्वमा प्रकाशनार्थ पठाइएका लेख/रचनाहरू अन्यत्र नदिनु होला । दिनु पर्ने भएमा दायित्वलाई पूर्व सूचना गर्नुहोला । किनकि उपयुक्त ठहरिएका सार्वकालिक रचनाहरू उपयुक्ततालाई हेरी वर्षदिन भित्र प्रकाशित गर्न सकिने छ ।
- दायित्वलाई सर्वमान्य र सुपाठ्य बनाउनको लागि पत्रिकामा विविध खुराकहरू समावेश गर्नु जरुरी हुन्छ। तसर्थ पत्रिकालाई विविधतातिर उन्मुख गराउन लेखक महानुभावहरुबाट विविध विधाहरू जस्तै - कथा, कविता, निबन्ध, समालोचना, नाटक, यात्रा संस्मरण, धर्म/संस्कृति, कला, स्वास्थ्य र अनुसन्धानमूलक लेख रचनाहरूको याचना गरिन्छ ।

अन्तर्वार्ता

गद्यमा म छरिन्छु तर पद्यमा म भरिन्छु

- कविवर माधवप्रसाद घिमिरे

कविवर माधवप्रसाद घिमिरे वर्तमान नेपाली काव्य जगत्को शीर्षस्थानमा स्थापित व्यक्तित्व हुनुहुन्छ। लेखनाथ, देवकोटा, सम र सिद्धिचरण जस्ता विख्यात अग्रज सर्जकहरूको सङ्गत गरी उहाँहरूकै प्रेरणा श्रोतबाट काव्य क्षेत्रमा उच्च शिखर छोइसक्नु भएका कविवर घिमिरेले ८० वर्षको उमेरमा पनि लेखनी दौडाउन छोड्नु भएको छैन भने साहित्यिक सभा-समारोहहरूमा पनि शारीरिक क्षमताले भ्याएसम्म आमन्त्रित गरिएका ठाउँमा पुगेर साहित्यिक कार्यक्रमहरूलाई सफलिभूत पारिदिनु भएको छ। यस प्रकार साहित्यिक क्षेत्रमा लागेका वर्तमान पुस्तालाई कर्मको सन्देश दिएर साहित्यिक क्षेत्रमा लागिपर्ने प्रेरणा र हौसला प्रदान गर्नु भएको छ।

कवि घिमिरेको कृतित्वले उहाँलाई जति उच्च शिखरमा पुऱ्यायो त्यत्तिकै उहाँको सरल, सरस र आत्मीय स्वभावले नेपाली साहित्य जमातको माझमा उहाँ अभिनन्दित हुनु भएको छ। यही सरल स्वभाव र आत्मीय स्नेहबाट प्रभावित भएका हामीहरूको आग्रहलाई उहाँले सहज स्वीकर गर्नु भएपछि हामी उहाँको निवासस्थान लैनचौर पुगेका थियौं र निम्न जिज्ञासाहरू राखेका थियौं। अति व्यस्तताका बाबजुद पनि हाम्रो आग्रहलाई तत्काल स्वीकार गरेर उहाँले निम्न लिखित वचनामृतले हामीलाई अभिषिक्त गर्नु भएको छ। जसको संक्षेपीकरण यहाँ प्रस्तुत छ।

प्रश्नः- नेपाली काव्य जगत्का मूर्धन्य विद्वान् तपाईंले यस क्षेत्रमा लाग्ने प्रेरणा कसैबाट पाउनु भएको हो कि स्वतःस्फूर्त ?

उत्तरः- रोमाञ्च स्वतःस्फूर्त हुने लहर हो, तर पनि कसैको स्पर्शबाट स्फूर्त हुन्छ। रोमाञ्च पछि स्पर्श हुनुभन्दा पहिले छोइन्छ कि छोइन्छ को मात्र दशा मनमा कताकता उत्पन्न हुन्छ। अज्ञात तवरले कविको रुप मनमा भएको पनि सुतेको हुन्छ। अनि कसैको कविताले स्पर्श गर्छ, सुस्त सुस्त त्यो भाव प्रकट रुपमा विउँझदै जान्छ। मैले कविता योजना वनाएर लेख्न थालेको होइन र मैले कविता लेखुँला भन्ने पनि लागेको थिएन। तर रुचि भनेको र संस्कार भनेको चिज अचम्मको हुँदो रहेछ। कसैलाई कुनै फूल मन पर्छ र त्यतैतिर आकर्षित हुन्छ। त्यस्तै मलाई पनि लोकगीतको भाका औंधी नै मनपर्थ्यो र खैंजडीको तालमा चुटकामा पनि नाच्ने गर्थें। मलाई मेरा पिताजीले मीठो भाका हालेर गाएको उपदेश मञ्जरीका कविता पनि त्यत्तिकै मन पर्थ्यो। त्यो यति मन पर्थ्यो कि त्यसको रन्को मेरो मनको पत्रमा अझै कताकता मगमगाई रहे जस्तो लाग्छ। मलाई पनि - म भित्र वासनारुपले रहेको कविलाई यस्तै लोकगीत, लेखनाथका फुटकर कविता र ऋतुविचारले विउँझाए।

प्रश्नः- तपाईंको लेखन प्रारम्भ कविताबाट नै भएको हो कि अन्य कुनै विधाबाट ? यदि कविताबाटै भएको हो भने प्रथम कविता कुन हो ?

उत्तरः- मेरो लेखन कविताबाटै भएको हो र आज ६६ वर्षपछि पनि कविता लेख्न जति सजिलो लाग्छ, गद्य लेख्न त्यति सजिलो लाग्दैन। गद्यमा म छरिन्छु, तर पद्यमा म भरिन्छु। पहिलो कविता 'वैराग्यपुष्प' हो, त्यो कविता त्यस वखत साप्ताहिक रुपमा निस्कने गोरखापत्रमा छापियो। सायद त्यो समय १९९३ सालतिरको होला। त्यो विरक्त पुष्पाञ्जलिको अनुकरण मात्र हो। त्यसमा मेरो कवि सालनालभित्रको शिशु जस्तै छ, त्यसमा रुदन त छ तर सङ्गीत छैन। तपाईंको पहिलो कविता कुन हो भनेर सबै सोध्छन् तर तपाई आफ्नो कुन चाहिं कवितालाई पहिलो कविता मान्नुहुन्छ भनेर कोही सोध्दैनन्। पछि अचम्म लाग्छ।

प्रश्नः- भनिन्छ - कविता त जोसुकैले पनि लेख्न सक्छ, साहित्यकारहरू पहिले कविताबाट लेखन आरम्भ गर्छन् र अन्य विधातिर लाग्छन्। के यो सत्य हो ?

उत्तरः- कविता त जो सुकैले पनि लेख्न सक्छ - यो ज्यादै हल्का भनाइ हो। म त भन्छु - कविता जोसुकैले लेख्न सक्तैन - यदि त्यो कविता नै हो भने र गद्य पनि जो सुकैले लेख्न सक्तैन - यदि त्यो गद्य हो भने। लेख्य विषय र लेखकीय रुचिले गर्दा नै कविता (पद्य या गद्य) निर्धारित हुन्छ, कुनै कुनै विधा विशेष अर्को भन्दा उच्च

भएर हैन ।

प्रश्नः- तपाई त छन्दमा कविता लेख्ने गर्नुहुन्छ र धेरै काव्य रचना पनि गरिसक्नु भएको छ, तर अहिले छन्दमा ह्रास आएको छ । यसको दोष कसलाई दिने ?

उत्तरः- मैले, छन्दमा रचित कविताप्रतिको मधुर बोलिको निम्ति धन्यवाद !

म त छन्द प्रयोगमा ह्रास आएको देख्दिन, झन् आजभोलि छन्दमा कैयौं महाकाव्य लेखिंदै छन् । छन्द जोड्दैमा पनि कविता बन्दैन, छन्द तोड्दैमा पनि कविता बन्दैन । कविता हुन त कविता तत्त्व नै चाहिन्छ ।

प्रश्नः- सशक्त, सुन्दर एवं हृदय छुने खालका कविता तयार गर्न कुन कुन कुरा आवश्यक पर्दछ, यहाँको विचारमा ?

उत्तरः- लय, सौन्दर्य, रस र अन्तर्दृष्टि !

प्रश्नः- साहित्य क्षेत्रमा लागेर यहाँले धेरै समय खर्चनु भयो, वर्तमान जीवनधारा कुन गतिबाट अगाडि बढिरहेको छ ?

उत्तर- २०१९ सालको कुरा हो - कवि सिद्धिचरण र म कालीगण्डकीमा पुगेर रानीघाटबाट तानसेनतिर उक्लदै थियौं । कवि सिद्धिचरणजीले कालीगण्डकीमा डुङ्गा चढ्दा मेरो गीत सम्झनु भएछ -

तरुँ भने रिडीघाट चढी तुहिनमा
मेरै छायाँ रिगाउँछ माझै मिहिनमा ।

कविजीले मलाई भन्नुभयो - तपाई ठीक बाटोमा हिड्नु भएछ । मैले सोधें -किन र कविजी ?

उकालो लागि हरिया पाखाबाट गाएका गीत सुन्नासाथ कविजीले छायाँ रिङ्गाएको कुरा खोल्नुभयो, त्यो गीत गुञ्जित पाखातिर र शुभ्र, धवल, धवलश्री हिमालतिर देखाउँदै उहाँले त्यो कुरा भन्नुभयो । मलाई पनि के लाग्छ भने - म सही दिशातिर यात्रा गरिरहेछु । मैले आफ्नो जीवनका अमूल्य क्षण कविता कै निम्ति समर्पण गर्न पाएँ । अब जति समय भगवान्ले दिन्छ, त्यो पनि कविता कै निम्ति समर्पण गर्न सकूं ।

प्रश्नः- 'चतुर्वर्ग फल प्राप्ति' साहित्यबाट प्राप्त हुन्छ भन्ने पूर्वीय साहित्य सिद्धान्तकारहरूले व्यक्त गर्दछन्, के यस किसिमको प्राप्ति नेपाली साहित्यले गर्न सकेको छ ?

उत्तरः- साहित्यको यो सिद्धान्त, जीवनलाई समग्रताले हेर्ने सिद्धान्त हो । यसलाई हाम्रा मनीषी समालोचकहरुले समसामयिक सन्दर्भमा ढालेर व्याख्या गर्नु नितान्त आवश्यक छ । नेपाली साहित्यले त्यो पूर्वीय साहित्यको उद्देश्य प्राप्त गर्दैछ कि छैन, - यो कुरा उहाँहरूसँग नै सोध्नु बढी वेस होला ! साहित्य, कला र संगीतप्रतिको पूर्वीय दृष्टि समग्रता हो - म त यत्ति मात्र भन्छु ।

प्रश्नः- यहाँले कतिपय उच्च संस्थामा रहेर कार्य सम्पादन पनि गरिसक्नु भयो । ती संस्थाहरूको उद्देश्य प्राप्तिमा यहाँले के कति योगदाग गरेको महशुस गर्नुहुन्छ ।

८. आफूले काम गर्दा नै कति गर्न सकियो र ? उचित योजना तर्जुमा हुनु र त्यस अनुसार बजेट प्राप्त हुनु परस्पर सम्बद्ध कुरा हुन् । त्यसको तारतम्य मिलेको छ कि छैन ? मलाई थाहा छैन । मलाई त राम्रो काम भइरहेको होला भन्ने लाग्छ ।

प्रश्नः वर्तमान साहित्यको बारेमा तपाई के भन्न चाहनुहुन्छ र यसको भविष्य के कस्तो देख्नुभएको छ ?

उत्तरः- वर्तमान समयमा प्रशस्त साहित्य-सृजना भइरहेछ, तर पनि त्यो पढिंदैन र 'अहिलेको तुलनामा केही भएन' भनिन्छ, म त आफ्नो समयलाई सराप्तिन ।

प्रश्नः यहाँका समकालीन साहित्यकारहरू को को थिए ? र, ती मध्ये अत्यन्त प्रिय साहित्यकार कोही भए भनिदिनु हुन्छ कि ?

उत्तरः- स्वर्गीय कविहरूको नाम लिन सजिलो छ - लेखनाथ, लक्ष्मीप्रसाद र सिद्धिचरण अत्यन्तप्रिय कवि हुन् । वर्तमानका कविहरू पनि मेरा समकालीन नै हुन् र तिनीहरूसँग म पनि सहयात्रा गर्दैछु - सहगान गर्दै ।

प्रश्नः आफ्नो जीवनको सबभन्दा आनन्ददायी समय र सबभन्दा दुःखदायी समय भए बताइदिनु हुन्छ कि ?

उत्तरः- सबभन्दा आनन्ददायी क्षण युरी गागरिनले अन्तरिक्षमा प्रथम प्रवेश गरेको क्षण र सबभन्दा दुःखदायी घटना पत्नी गौरी दिवङ्गत भएको घटना !

प्रश्नः अहिले अनगिन्ती पुरस्कारहरू नेपाली साहित्यमा देखा परेका छन् ती पुरस्कारहरूको प्रयोग उचित ठाउँमा भएको छ कि छैन, यहाँको अनुभव ?

उत्तरः- साहित्यका तपस्वीहरूलाई र प्रतिभाशालीलाई दिने गरी पुरस्कार स्थापित हुनु नै यो क्षेत्रमा विशेष कार्य भइरहेछ भन्ने सङ्केत हो । धेरै कार्य भएको क्षेत्रमा धेरै प्रत्याशी हुन्छन् । जतिले पाए त्यो सबै योग्यले नै पाए, त्यस्ता योग्य अरु पनि छन् । पुरस्कारको नाम र राशी हेरेर प्रदान गर्नुपर्छ, एउटैलाई उस्तै पुरस्कार दोहोऱ्याउन हुन्न ।

प्रस्तुति - रामप्रसाद पन्त
ठाकुर शर्मा

समालोचना

'दायित्व'को 'यात्रा विशेषाङ्क'लाई हेर्दा

✍ डा. तारानाथ शर्मा

रामप्रसाद पन्तको प्रधान सम्पादकत्वमा प्रकाशित हुने 'दायित्व' नामक साहित्यिक मासिक पत्रिकाले २०५५ को आफ्नो असोजको अङ्कलाई यात्र विशेषाङ्कका रुपमा पाठकहरूसमक्ष प्रस्तुत गरेको छ । यो प्रस्तुति प्रशंसायोग्य छ भन्ने प्रमाण दिन सकिन्छ । एक त यात्राका सम्बन्धमा वा यात्रावर्णन गरेका निबन्धहरू निकै नै कम लेखिन्छन् र त्यसो कमै लेखिने विधामा मात्र केन्द्रित रचनाहरूलाई समयमै भेला पारेर सम्पादन र प्रकाशन गरी बाहिर निकाल्न लर्तरो प्रबन्धले हुनसक्ने कुरो होइन र त्यसमा पनि यात्रालाई रोचक तुल्याउने स्वदेश र विदेशका वर्णनहरू एकै ठाउँमा भेला पार्नु यथेष्ट जाँगर, मनग्गे सीप र प्रशंसनीय अठोट भएका व्यक्तित्वले मात्र गर्न सक्ने उपलब्धि हो ।

जीवनमा यात्रै नगर्ने मानिस बिरलै पाइन्छन् । एक न एक ठाउँको लामो, मझौलो वा छोटो भ्रमण सबैले एक न एक दिन गरेकै हुन्छन्, हुनत जीवनका समस्तजसो गतिविधिहरूमा केही न केही ओहोरदोहोर गर्नैपर्ने हुन्छ र यस्तै ओहोरदोहोरलाई यात्रा भने पनि हुन्छ, तापनि सामान्य अर्थमा हामी एक ठाउँबाट अर्काठाउँमा हिंडेर वा कुनै सवारी को साधन प्रयोग गरेर कुनै काम गर्न वा खालि घुमफिर गर्न गयौं भने त्यसलाई यात्रा भन्न सकिन्छ ।

यात्रा गर्नेहरू धेरै हुन्छन् र तिनले धेरै खालका यात्राहरू गरेका हुन्छन् । तर त्यस्ता यात्राहरूका वर्णन मौखिक रुपले गर्ने व्यक्तिहरू केही भए तापनि लेखेर गर्ने चाहिं हाम्रो समाजमा बिरलाकोटी पाइन्छन् । 'दायित्व' ले त्यस्तै विरलाकोटी फेला पर्नेहरूका अनुभूतिहरूको सङ्कलन गरेर नेपाली भाषालाई निकै ठूलो गुन लगाएको छ ।

वस्तुगत वर्णन गर्नाले सामान्य यात्रवृत्तान्तको रचना हुन्छ । स्थानको परिचय, दर्शनीय स्थलहरूको सर्सर्ती टिपोट, दूरीको सूचना, खानेबस्ने वा सवारीसाधनको प्राप्यता जस्ता यात्रीलाई चाहिने प्राथमिक आधारभूत कुराहरू देखाउने लेख पर्यटकहरूको पुस्तिकामा पाइने खालको हो । यस्ता लेखको साहित्यिक मूल्य हुँदैन ।

हामी आत्मपरक यात्रावर्णनलाई नियात्रा भन्छौं र साहित्यका पाठकहरूले पनि नियात्राकै अपेक्षा गरेका हुन्छन् । नियात्राका लेखकले सूचना दिँदैदिँदैन भन्ने चाहिं होइन, तर यात्रावाट पाइएको आकर्षक अनुभूति नै नियात्राको मर्म हो ।

'दायित्व'को यस यात्राविशेषाङ्कमा शिवगोपाल रिसालको 'यात्रादर्शन दिग्दर्शन' नामक रचनाबाहेक अरू २४ रचनाहरू नै नियात्रा हुन् । यी २४ रचनाहरूमध्ये १२ वटा विशुद्ध रुपले स्वदेशभित्रको यात्रामा रमाएका छन् भने १२ वटा विदेशमा घुम्न पुगेका छन् । विदेशमा घुम्न तम्सने लेखकहरूमध्ये ५ वटा त भारतको विशाल भुल्भुलैयामा अल्झेका छन् भने एउटा फुस्केर पाकिस्तानसम्म पुग्न सकेको थियो, बिचरो गोमांसमा झुक्एर डुब्न पुगेछ र थाहा पाएपछि रातभरि रोएर त्यसले नीरस निन्द्रा विताउनुपरेछ । अमेरिका, बेलाइत, जापान, मलेसिया र स्वीडनमा पुग्ने सबै लेखकले ती देशका भ्रमणबाट प्राप्त अनुभूतिलाई राम्ररी सजाएका छन् । एउटा लेख मानसरोवरमा नुहाउन पुगेको छ । त्यो मानसरोवरमा डुबुल्की मार्न पुग्ने लेख विदेश तिब्बतमा पुगे तापनि त्यसको आन्तरिक संरचना र पात्रहरूको चरित्रले गर्दा स्वदेशको रमाइलो यात्रावर्णन हुन पुगेको छ ।

शिवगोपाल रिसालको 'यात्रादर्शन दिग्दर्शन' वस्तुगत यात्रावर्णन होइन र नियात्रा पनि होइन । यो त यात्रालाई पौराणिक विचारधारा अनुसार व्याख्या गर्न खोजिएको लेख हो । गरुडपुराणमा पुण्यात्माले वैकुण्ठतिर र पापात्माले नरकतिर यात्रा गर्ने प्रसङ्गलाई अघि सारेर लेखक रिसालले पाठकहरूलाई सतर्क गराउन खोजेका छन् । यसरी खबर्दारी गराउने पुण्यकर्मतिर सोझै नढल्के पनि टीकाराम पन्थीको 'युगान्तरीय यात्रीहरू' र भरतराज शर्मा 'मन्थलीय' को 'संस्मरण:अधुरो यात्राको' त्यसै विलुप्त विगतका तीर्खाले आकुलव्याकुल भएका छन् ।

सङ्ग्रहमा यस्ता रचनाले तीतो, पीरो र टर्रो स्वाद मिसाएर रसिलो अचारको काम पनि गर्छन् । पन्थीको रचना निजात्मक विचारले भरिए तापनि पूर्ण निजात्मक होइन । पुराणमा वर्णित यात्राहरूलाई लेखकले स्वदेशभित्रका विभिन्न स्थानसँग गाँसेको कुरो निकै स्वादिलो छ । उनका वर्णनभित्र देवतादेवी आउँछन्, राक्षस आउँछन् र अप्सरा आउँछन् । यथार्थ लोकलाई चटक्क विर्सेर कल्पना र त्यसमा पनि परापूर्वकालका पुर्खाहरूका कल्पनामा चुर्लुम्म भएर आकाशकुसुम फुलाउन पाउनु पनि निकै आनन्ददायी कुरा हो । त्यसरी नै 'मन्थलीय' ले पनि यात्राविषयक लेख लेख्दै छु भन्ने तथ्यलाई एकातिर पन्छाएर जगन्नाथ र कालिदासजस्ता संस्कृत श्रृङ्गारकविहरूको उल्लेख गर्दै तिनका कृतिमै आकण्ठ चोवलिनु विषयगत विश्लेषण गर्नेका लागि निकै ठूलो खोट ठहर्न सक्छ, तर महमा डुबेको झिंगो महमै रमाउँछ र उसलाई मुक्तिको ज्ञानसमेत हुँदैन भन्ने सत्य यहाँ छर्लङ्ग भएको छ । वास्तवमा

शिवगोपाल रिसाल, टीकाराम पन्थी र भरतराज शर्मा 'मन्थलीय' का माथि वर्णित लेखहरूमा 'यात्रा' र 'भ्रमण' जस्ता शब्दहरू जतातै परे तापनि लेखक त्रयको मूल उद्देश्य नेपाली साहित्यमा नियात्राको विकास नभएर आजका समस्त जनता भौतिक लोभ र पापमा डुबेकाले तिनलाई पुराणका थोत्रा उपदेशहरूका माध्यमवाट आध्यात्मिक ज्ञान दिई वैकुण्ठतर्फ आकर्षित गर्नु नै हो । यस्ता सस्ता अर्ति उपदेश त हामी दिनहुँ टपरे वाहुनहरूबाट सुन्दै नै आएका छौं र यस्तो अन्धविश्वासको प्रचार रिसाल, पन्थी र मन्थलीय जस्ता सुपण्डितहरूले पनि गरिदिंदा र भूल प्रसङ्ग नै नमिल्ने गरी गरिदिंदा हामी तीनछक परेका छौं ।

तर संग्रहमा यस्ता अप्रासङ्गिक कुराहरू भएका एकदुई लेख हुँदा राम्रै लाग्दो रहेछ भन्ने कुरो त मैले अघिनै भनिसकेको छु ।

ध.च. गोतामे सिद्धहस्त लेखक हुन् । उनका संस्मरणात्मक लेखहरू औधि रोचक र मनोविश्लेषणात्मक हुन्छन् । औपन्यासिक आकर्षले सिंगारिएको 'कालान्तर' गोतामेका निबन्धात्मक प्रतिभा र सामर्थ्यको ज्वलन्त उदाहरण हो । यस्ता कलमका धनी गोतामेको 'वेलाइतको एक साँझ' शीर्षक संस्करणात्मक लेख यहाँ परेको छ । यो लेख नियात्रात्मक भन्दा पनि संस्मरणात्मक बढी छ । नेपालीहरूका चरित्रको अत्यन्त मार्मिक चित्र उनका एकएक वाक्यबाट झल्किन्छ । उदाहरणका लागि एक ठाउँमा उनी भन्छन् - यहाँ सडकमा मन्टो वटारेर हिंड्ने मानिस पनि त्यहाँ अङ्गमाल गर्न आतुर हुँदो रहेछ । अर्थात् विदेशमा आन्द्रा गाँसिएको जस्तो अभिनय गर्ने नेपाली घर फर्केपछि त्यही व्यक्तिलाई पटक्कै चिन्दैन । यो हामी सबैले देखेभोगेकै कुरो हो । ध.च. गोतामेले आफ्नो लेखमा यस्ता सत्यहरूलाई आफ्नो शैलीगत कुशलताले प्रकट गरेका छन् ।

जय छाङ्छा हाम्रो परराष्ट्र मन्त्रालयका एक कर्मचारी हुन् । उनले नियात्राको एउटा ग्रन्थनै प्रकाश गरिसकेका छन् । भर्खरै संयुक्त राज्य अमेरिकाको राजधानीमा खटिएका छाङ्छाले त्यहाँ नजिकैको समुन्द्र किनारमा गरेका भ्रमणको अनुभूति आफ्ना लेखमा प्रस्तुत गरेका छन् । यस्तो प्रस्तुतिमा अङ्ग्रेजी वाक्यहरूलाई ठाडै नदिई भावानुवाद गरेर नेपालीमा दिइएको भए छाङ्छालाई बेस हुन्थ्यो । स्थानीय मानिसले बोलेको अङ्ग्रेजी उनीहरूकै शैलीमा टिप्न सकेपछि मात्र शुद्धसँग लेख्नु उपयुक्त हुन्छ, नत्र कृत्रिम हुन्छ जस्तो छाङ्छाको भएको छ । लेख भने राम्रो छ ।

परराष्ट्रमा काम गर्नेहरू धेरैले राम्राराम्रा र विचित्र-विचित्र स्थलहरूको भ्रमण गर्ने मौका पाउँछन् । तिनका अनुभूतिरू पनि विभिन्न स्थान, काल र प्रसङ्गमा विभिन्न हुन्छन् । ती अनुभूतिहरूलाई नियात्रात्मक रुप दिन पाए नेपाली साहित्यको ठूलो उपलब्धि हुने थियो । अचेल आएर प्रसिद्ध कथाकार कुमार ज्ञवाली यस दिशातर्फ सक्रिय भएका छन् । अरु त आफ्नै सङ्कीर्ण जगत्मा मग्न र निमग्न पाइएका छन् ।

विदेशयात्राको वर्णनमा राप्रसाद पन्तको 'वुकिट कियारा, अर्थात् उच्च स्थानमा रहेको बस्ती' ले मलेसियाको सुन्दर परिचय प्रस्तुत गरेको छ । श्रीकृष्ण गौतमले जापानलाई निकै राम्रो प्रतिनिधित्व गरेका छन् । विदेशवर्णनमा पन्त र गौतम सफल छन् ।

स्वदेशभित्रका यात्रामा रमेश विकलको सुदूर पश्चिमको बाल्यकालको संस्मरणात्मक विवरण, रामचन्द्र गौतमको संकान्ति डाँडाको वृत्तान्त, शैलेन्द्रप्रकाश नेपालको भानुभक्त आचार्यको जन्मस्थलको भ्रभण, तेजप्रकाश श्रेष्ठको आफ्नो बालक छोरो सौजनको आँखाविषयक चिन्तासहितको यात्रा र नरेन्द्रराज पौडेलको दहीका खुट्टाको प्रदर्शन अत्यन्त रोचक प्रस्तुति हुन् । सुनिल पौड्यालको थलीसम्मको पुनर्यात्रा होस् अथवा सूवसेनको तम्घासतिरको सफर होस् हरेकजसो 'दायित्व'को रचना मनमोहक पाइन्छ ।

युवराज नयाँघरे ठेचोर ठैवको प्रदल यात्राको बयान गर्छन् । उनको यात्रा आफ्ना मित्र ज्ञानेन्द्र विवशसित फगत आनन्दका लागि भएको हो । भीष्म उप्रेती र मञ्जुल दुबै नियात्राकार हुन्, तर यस सङ्ग्रहमा तिनका रचना उति सक्षम पाइँदैनन् । उप्रेती रेलको झ्यालमा उड्न र दरिद्रताको दर्शन भट्याउन समय बर्वाद गर्छन् भने मञ्जुल स्वीडनमा पुगेर पनि अंशैको कुरामा अल्मलिन्छन् । नियात्रात्मक कुतूहल खोइ ?

पहिले चाहिं टन्नसँग डम्प्याउने र पछि गोरुको मासुभन्ने थाहा पाएपछि बान्ता गर्दागर्दा हुरुक्क भएर रुन लाग्ने भैरव अर्याल र बादेपालाई देख्दा टीठ मात्र पल्हाउँछ । यसरी बादेपा नियात्रात्मक नभएर संस्मरणात्मक हुन्छन् । बरु गोपीकृष्ण शर्मा राराको यात्रालाई सजीव र बिर्सी नसक्नु तुल्याउँछन् । केशवराज पन्तको गोसाईंकुण्डको साहसिक यात्राले चौचौ बनाएको हृदयलाई र पाटलीपुत्रको ऐतिहासिक परिचयका साथ दिइएको आकर्षक यात्रावर्णनलाई हामी यथेष्ट रुचिका साथ ग्रहण गर्दा र पन्त तथा मनु ब्राजाकीलाई धन्यवाद दिंदै तुलसी भट्टराईको छब्बीस वर्ष अगाडिको सिरिङ्गयाउँदो इलामे र पाँचथरे भ्रमणलाई प्रशंसा गर्न पुग्छौं । तुलसी भट्टराईले आफ्नी नवविवाहितावस्थाकी धर्मपत्नीलाई बाँसको भत्किन लागेको साँघुमा वोकेर पारि तार्नु मृत्युको मुखबाट फर्केर पुनर्जीवन पाउनु हो । मलाई पनि तीस वर्षजति अघि अछाम जिल्लाको वूढीगङ्गा त्यस्तै धराप साँगुवाट तर्नुपर्दा त्यस्तै अनुभूति भएको थियो । यस्तै अनुभूतिलाई नियात्रामाप्रस्तुत गर्न सकियो भने सफल भइयो । होइन त ?

कथा

रगत जाँच

✍ वलदेव मजगैयाँ

'जमाना कहाँ पुगिसक्यो कहाँ ? तपाईहरू चिना-टिप्पन नजुराई विहे गर्नु हुँदैन भन्नुहुन्छ । चिना-टिप्पनको महत्त्व कुनै जमानामा थियो होला, आजभोलि म यसको कुनै महत्त्व देख्दिन । आमाले पनि बेकारमा किन यी ज्योतिपीलाई बोलाउनु भएको होला ।' काशीरामले रुखो स्वरमा जवाफ लगायो । 'ज्योतिषीकी छोरी राँड, वैद्यकी छोरी गलगाँड' काशीरामले उही शैलीमा भन्यो, 'हैन ए ज्योतिषीजी ! तपाईंले आफ्नी छोरीको विहे चिना जुराएर गरेको होइन र ? काशीरामबाट अप्रत्याशित प्रश्न सुनेर ज्योतिषीजी केही झस्किए । तैपनि उनले पात्रोवाट आँखा भने हटाएनन् । पात्रोमा नै कुनै गूढ रहस्य खोज्न व्यस्त भए झैं औंला भाँच्न थाले । पण्डितले पात्रोमै आँखा लगाउँदै जवाफ दिए -'त्यसो हैन बाबु, घरमा दुलही सुत्केरी हुने बेला म अन्यत्रै गएको थिएँ । घडी-पलामा मामुली अन्तर पऱ्यो भने पनि गणित गलत हुन सक्दछ । फेरि विधवा त अरुका छोरीहरू पनि त हुन्छन् ।' काशीरामले पुन: प्रश्न गरे -'त्यसो भए मेरी बहिनीको चिनाको गणित पनि त फरक पर्न सक्दछ । के, अन्दाजको भरमा चिना जुराउनु हुन्छ त ?' काशीरामले दृढ स्वरमा भने -'गाह्रो नमान्नु होला ज्योतिषीजी केटाले कुनै कुलत सिकेको छ कि, इस्म्याक्स तान्छ कि तान्दैन, के तपाईंको ज्योतिपले बताउन सक्दछ ? मेरो विचारमा आजको जमानामा जुराउनु पर्ने कुरा यिनै हुन् । राहु-केतु-चन्द्र-सूर्य यिनै हुन् - ज्योतिषी बाजे ।'

कृपया तपाईं पोथीपात्रो टिपेर पाल्नुहोस्, म आमालाई यी सव झमेलामा पार्न दिन्न । भनेजस्तो केटा पाइएको छ, यति भए पुग्यो ।'

ज्योतिपीले आफ्नो जीविकाको साधनको यति ठूलो अपमान सुनिसकेपछि अरु केही बोल्न उचित ठानेनन् । तैपनि उनले भने -'विश्वासको कुरा हो काशीराम बाबु, अव विश्वासै छैन भने ओखती पनि त लाग्दैन ।' अँध्यारो अनुहारले उनले पोथीपात्रो पट्याएर कोटको जेबमा कोचे । काशीरामकी आमाले केही भन्न सकिनन्, उनले ज्योतिपी बाजेको अभिवादन मात्र पर्काइन् ।

ज्योतिपी बाजे मध्यान्हमा घर पुगे । मैलो कोट दलानको किलामा टाँगे । उनी खल्खल्ती बगेको पसिना पुछ्दै मात्र के थिए, लोग्ने आएको थाहा पाएर ज्योतिपीनी वजै भित्रवाट हुर्रिंदै आइन् मानौं ज्योतिपीलाई भन्दा उनलाई यो विहेको चासो वढी थियो । ज्योतिषी घरवाट जाने बेलामा उनले सिफारिसको शैलीमा भनेकी थिइन् -'यो जोडीलाई नचुँडाल्नु होला है ! जसरी भएपनि चिना जुराउनु होला ।' उनले लोग्नेलाई देख्नासाथ भनिन् -'जुऱ्यो त चिना-टिप्पन ?' 'के गर्नु बुढी ! जुराएको भए पो जुर्छ टिप्पन, हेर नारायणकी आमा ! अब हाम्रो जमाना गयो । यो द्यिामा मानिसको विश्वासै हराइसक्यो । घोर कलियुग भनेको यही हो, राम ....राम ..... । हेर ! यो काशीराम मेरै बाटो हेरेर बसेको रहेछ । दुई-चार अक्षर पढ्दैमा मसँग कत्रो वहस गरेको, तिम्रो विद्याले यो जान्या छ, त्यो जान्या छ । मलाई कसरी होच्याएर कुरा गऱ्यो, थाहा पाइस् ?' ज्योतिपीनी वज्यैले साक्खै भएर भनिन् -'भन्नुस् न, तपाईंकी छोरी किन विधवा भै अरे ?' कसरी आलो घाउमा नून छर्कन सकेको । म यो अपमान सहन नसकी त्यसै फर्केर आएको छु । भात त परै जावस् त्यो कुजातले पानीसम्म सोधेन ।' के टिङ्ग उभिएको, जा छिटो पका गुन्द्रुक र भात ।' उनको भोकको झोंक निस्क्यो । विचरी बज्यै झस्किएर भान्सातिर लागिन् ।

ज्योतिषी बाजे छेवैको खाटमा लम्पसार परे । उनी चिन्तामग्न भए । उनको कानमा 'ज्योतिपीकी छोरी राँड...' काशीरामले भनेका शब्द गुञ्जिरहेका थिए । उनको अगाडि त्यही छोरी ठिङ्ग उभिन पुगी । मानौं उ भन्दै थिई, 'खै बुवा ! तपाईंको गणितले के गऱ्यो ?' ज्योतिपीको मन भरङ्गियो । उनलाई लाग्यो उनको पात्रोले उनलाई गिज्याउँदै छ । यसैबेला कान्छी छोरी स्कूलबाट आइपुगी । 'बुबा .. बुबा, थाहा पाउनु भयो ! तल्लाघरे जिम्बालका छोरा मरे रे ! एड्स भन्ने रोगवाट, अव उनकी दुलही पनि त्यही रोगले मर्छिन रे !" बुढाको दिमाग भन्नायो, उनले झर्कंदै छोरीलाई हपारे, 'यतिखेर तँ के यही खबर सुनाउन आएकी होस् ?

'होइन बुबा आज त शुक्रवार हाफ छुट्टी । अव बुबा पनि बुढो हुन भएछ, वार पनि विर्सन थाल्नु भएछ । ज्योतिषी मनमनै

खेस्सिए । यतिबेलासम्म उनलाई जिम्वालको छोराको टिप्पन पनि उनी आफैले नै जुराएको कुराको सम्झना भयो । उनले कुल-घरानाकी केंटीलाई टिप्पन जुराइ दिएकोमा बक्सिस पनि पाएका थिए । उनको मुखबाट अचानक निस्कियो - हे भगवान् ... ! उनलाई ग्लानी भएर आयो । उनलाई लाग्यो मेरै कारणले त्यो छोरी विधवा भई । उनलाई काशीरामले भनेका एक-एक कुराको सम्झना हुन थाल्यो -'ज्योतिषी बाजे अब विहे गर्नु अघि चिनाको होइन, रगतको जाँच गर्नु पर्दछ । अब पोथी-पात्राको जमाना गयो, अब त एड्सको अमाजा आएको छ । विहे गर्ने केटाकेटीमा एड्स भाइरस (कीरा) छन् कि छैनन्, डाक्टरी जाँच आवश्यक छ, अब तपाईंले चिना जुराउनुको सट्टा सबैलाई एड्सको रगत जाँचपछि मात्र विहे गर्ने स्वीकृति दिनु होला । हैन भने तपाईंलाई ज्यानमाराको पाप लाग्ने छ ।'

यत्तिकैमा अलिपर गाउँमा कोलाहल सुनियो । ज्योतिषी बाजेका कान ठाडा भए । 'जिन्दावाद .....! मुर्दावाद ..... ! नभन्दै ज्योतिषी बाजेले सय डेढसयको हुल ज्योतिषी बाजेको घरतिर आउँदै थियो । ज्योतिषी बाजेले लख काटे, अब मेरो कल्याण छैन । उनले हत्तपत्त कीलाको कोट टिपे अनि ओन्हालो तिर लागे । ज्योतिषीनी बज्यै चिच्याउँदै थिइन्, हैन पाकेको भात छोडी यी बुढा कता लागे ? त्यसबेला सम्म त्यो जुलुश ज्योतिषी बाजेको आँगनसम्म आइपुगेको थियो । ज्योतिषीकी छोरी आमालाई भन्दै थिई - म पनि यही जुलुससँगै भाषण सुन्न शहर जान्छु है !

✧✧✧

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

ग्रामिण आवास कम्पनि लि.

पुल्चोक ललितपुर

भेटघाट:

दिनेश अधिकारीसँगको एक क्षण

प्रस्तुति :- अरुणबाबु खत्री 'नदी'

प्रश्न: तपाईं साहित्यिक विषयलाई कस्तो दृष्टिले हेर्नुहुन्छ ?

उत्तर: यो अभिव्यक्तिको एउटा माध्यम हो-आन्तरिक भावनाहरूको अभिव्यक्ति हो । सार्वजनिकता निहित रहेको तर नितान्त निजी कार्य नै संभवत: साहित्य-लेखन हो ।

प्रश्न: हालसम्म तपाईंका रचनाहरू कुन-कुन पत्रिकामा प्रकाशित भएका छन् ?

उत्तर: नेपालवाट प्रकाशित हुने प्राय: सबै साहित्यिक पत्रिकाहरूमा मेरा रचनाहरू छापिएका छन् तापनि रुपरेखा, मधुपर्क, गरिमा, अभिव्यक्ति र कवितामा चाहिं अलि बढी संख्यामा छापिएका छन् जस्तो लाग्छ । केही कविताहरू हिन्दी, उर्दू र अंग्रेजीमा अनुवाद भई अन्य मुलुकका साहित्यिक पत्रिकाहरूमा पनि प्रकाशित छन् ।

प्रश्न: आफ्ना रचनाहरू छपाएर पाएको पारिश्रमिकले आफ्नो जीवन निर्वाह गर्न कति सक्नुहुन्छ ?

उत्तर: प्रथमत: यो अन्तरवार्ता छापे वा लिए वापत तपाईंले मलाई पारिश्रमिक दिनुहुन्छ कि दिनुहुन्न ? यदि दिनुहुन्छ भने कति दिनुहुन्छ ? यसैवाट अब तपाईं नै अन्दाज गर्नुस् - रचना छपाएर पाउने पारिश्रमिकवाट घाँच्न सकिन्छ कि सकिदैन ?

प्रश्न: साहित्यिक क्षेत्रमा लाग्न कसद्वारा प्रेरणा मिल्यो ?

उत्तर: शायद आफैबाट पनि हो कि ?

प्रश्न: हालसम्म कुन कुन चलचित्रमा गीतहरू लेख्नुभएको छ ?

उत्तर: फेहरिस्तको केही अर्थ छ जस्तो मलाई लाग्दैन । करिब ३० वटा जति चलचित्रका लागि गीत लेखेंहुँला ।

प्रश्न: तपाइंले हालसम्म कतिवटा गीत लेख्नुभएको छ ?

उत्तर: मैले संख्या गनेर वसेको छैन ।

प्रश्न: तपाईंलाई कुन कुन गीतकार राम्रा लाग्छन् ?

उत्तर: सबै सिर्जनशील व्यक्तिहरू मेरो सलामका लायक छन् ।

प्रश्न: तपाईंलाई हवाइ-पत्रिका कस्तो लाग्छ ?

उत्तर: त्यसमा प्रकाशित हुने सामाग्रीहरूमा भर पर्छ ।

✧✧✧

कथा

झोल

✍ पुस्कर लोहनी

हामीलाई थाहा होला अथवा थाहा नहुन पनि सक्छ, जुन दिन तिमीसँग म एकजना नजिकको नातेदार कहाँ खाना खान बोलाएको बेला गएको थिएँ । हुन त चार-पाँच वर्ष अगाडिको कुरा हो - यसको कुनै महत्त्व छैन अहिले । किन सम्झें र किन सम्झना आयो आफै जिल्ल पर्छु' ह्विस्कीको बोतल खोलेर गिलासमा हाल्दै कृष्णले भन्यो -'स्वास्नीमान्छेले स्वास्नीमान्छेलाई कहिले पनि महत्त्व दिंदैनन् । 'जहिले पनि यस्तै छेउ न टुप्पोको कुरा, मलाई कसैले महत्त्व दिनु परेको पनि छैन । मैले कसको महत्त्व खोजेको छु र ? जति खाने हो नकराइकन खुरुक्क खाएर सुत्नु ।' सिरकले मुख छोप्दै भित्तापट्टि मुख पारेर गङ्गा सुतिन् ।

'मजासित सुत है गङ्गा' कृष्णले लेघ्रो तान्दै भन्यो ।

'सुत्न पनि कसैले सिकाउनु पर्छ ? तिमी जस्तो म हुँ र ? म त आफै सुत्न सकिहाल्छु नि ! तिमीलाई जस्तै ओछ्यानमा लगेर सुताउन नपरोस् वा । नकराउ । चुप लागेर खानु सम्म खाउ । कसैले सुन्यो भने के भन्ला ? राती त आवाज परसम्म पुग्छ' गङ्गाले अलि हेपेर भनी ।

कृष्णले केही पनि बोलेन । सुनिमात्र रह्यो । गिलासमा हालेको रक्सी उठायो तर पिएन । भुँइमा राखेर जगको पानी गिलास नभरुञ्जेल हालिरह्यो । कृष्ण जुरुक्क उठेर भित्ताको बत्ती निभायो र टेबुलको टेबुलल्याम्प बाल्यो । आफू पहिले बसेकै ठाउँमा आएर कृष्ण बस्यो र गिलास उठाएर एक घुँड्को पियो । मुख बङ्ग्याउँदै फेरि अर्को घुड्को पियो । उसको शरीरमा अलिकति तातोपन आए जस्तो लाग्यो । उसले आफ्नो कोठाको चारैतिर हेर्‍यो । सबै चिज शून्य । एउटा थुप्रोको रुपमा स्वास्नी सुतिरहेकी छ पलङमा । कपबोर्डको ऐनामा आफ्नो अनुहार जुध्न पुग्दा कृष्णलाई अप्ठ्यारो लाग्न पुग्छ । यत्तिकैमा एउटा लामो फोनको आवाज आउँछ । फोन उठाउनु भन्दा अघि आफ्नो घडी हेरेर कृष्ण भन्छ -'साढे एघार भइसकेछ ।'

'हल्लो !' कृष्णले टेलिफोन उठाउँदै भन्यो ।

'कहाँ पर्‍यो होला ?'

'कसलाई खोज्नु भएको ?' कृष्णले मसिनो स्वर निकाल्दै सोध्यो ।

'तिमीलाई नै खोजेको । कस्तो नचिनेको नि ! अब त चिन्यौ ?'

'खै ..... ।' सम्झिन खोजे जस्तो गर्दै कृष्णले भन्यो ।

'स्वाद लिन सकेनौ, गन्ध त आएको होला नि ! पारखी बन्न सक्नु पर्छ पारखी । अझ पनि सम्झिदैनौ भने भैगो । अहिले तिमीसँग को छ ?'

'मैले त चिन्नै सकिन । भनी बक्सियोस् न । कसलाई खोजी बक्सिएको । हजूर को ?' कृष्ण नरम नरम हुँदै फोनमा कुरा लम्ब्याउन खोज्छ ।

'फर्सी ! चिनिस् ?' हाँसोको आवाज निस्कन्छ फोनबाट ।

सब फर्सी ..... होइन त हजूर ? पाकेको फर्सी ..... बेसरी हाँस्दै कृष्ण भन्छ ।

'खूब लागे जस्तो छ नि !'

'लागेर पछारिन मात्र बाँकी छ ।' कृष्ण फेरि हाँस्दै भन्छ ।

'पछारिए पछि मलाई बोलाउनु म उठाउन आउँला ।'

'हल्लो .... हल्लो ..... हल्लो. ।' कराउँदै कृष्ण भन्छ - 'राखि दिएको हो कि ..... लाइन काटिएको हो कुन्नि ।'

गिलासमा रहेको रक्सी एकै घुड्कोमा पिएर कृष्णले रक्सीको बिर्को खोलेर आधा गिलास जति रक्सी फेरि गिलासमा हाल्यो ।

'अझ सुत्ने बेला भएको छैन तिम्रो ? बाह्र बजिसक्यो । म त सुतिसक्यौ होला भनि ठानेको' गङ्गाले ओछ्यानैबाट कराई ।

'तिमीले त के के ठान्छ्यौ के के । तिमीलाई डिष्टर्व भयो कि कसो ?' अलि अलि लागेको स्वरमा चिच्याउन थाल्यो ।

'के कराएको त्यसरी ? रक्सी खाए पछि टोलै सुन्निने गरेर चिच्याउनु पर्छ र ? कसैले नखाएको रक्सी । हुन्छ नि एउटा मात्रा' गङ्गाले सातो लिंदै भनी ।

कृष्णले केही पनि बोलेन । धेरैबेर सम्म गम खाएर बसिरह्यो । रक्सीको गिलासलाई धेरैबेरसम्म हेरिरह्यो । एकाएक भुँइको गिलास उठाएर एकै घुड्कोमा आधा गिलास रक्सी कृष्णले

पियो र ड्याङ्ग आबाज आउने गरेर रित्तो गिलासलाई भुइँमा बजाऱ्यो ।

'के भो ? के गरेको ?' जुरुक्क ओछ्यानबाट उठेर गङ्गाले सोधी ।

'आशाहरू पग्लियो तिमी जस्तै । मैनवत्ती त पग्लियो बल्दावल्दै । टुप्पो त कालो भएछ । तिमीले बालेको मैनबत्ती जापानी थियो क्यारे । धेरैबेर बल्न सक्दो रहेनछ । मैले लखनऊबाट ल्याएको मैनबत्ती कहाँ छ ? त्यो त धेरैदिन टिकछ ? कसैलाई दिएर पठाएको त छैन होला । खूब बलियो थियो । ढले पनि नभाँच्चिने' आफ्नै तालमा कृष्ण फलाक्न थाल्यो ।

'रक्सी खाए पछि बौलाउनै पर्छ ? खुरुक्क मुखबन्द गरेर सुतिहाल्नु । बर्ता कराएको मलाई मन पर्दैन । भनि दिएको छु' गङ्गा फेरि भन्छे ।

'म तँ भन्दा पाको । भरंखर पचास मात्र त लागेको छु । तेरो तिघ्रा भन्दा मेरो झन कस्सिएको छ । तँलाई मन परेन भन्दैमा जे मन लाग्यो त्यही बोल्ने । नढाँटीकन भन् त तँ कतिवर्ष भइस् ।' बरबराउँदै कृष्ण भन्न थाल्छ ।

गङ्गाले केही पनि बोल्न सकिन । ट्वाल्ल परेर कृष्णको मुखमा हेरिमात्र रही । के भएर हो गङ्गाले मुठी कस्न पुगी । रात धेरै नै छिप्पिसकेको थियो । विस्तारै कस्सिएको मुठीलाई गङ्गाले खुकुलो पार्दै लगी । कृष्णले मुख हेर्न सकेन । धेरैवेर पछि गङ्गाले भनी -'अब त सुत्ने होइन ?'

'किन सुत्ने ? कोसित सुत्ने ?' कड्किदै कृष्णले भन्यो ।

'रक्सी खाएपछि सुत्नु पर्दैन र ?' गङ्गाले सोझो तालले भनी ।

'मैले रक्सी कहाँ खाएँ र ?' कृष्णले भन्यो ।

'अति भयो । मलाई त रीस उठेर आइसक्यो है' गङ्गाले तर्साउँदै भनी ।

'कस्ता कस्ता फर्सी गुडेर कहाँ पुगे कहाँ । कुहिएर गनाउने जात । कत्ति न आफूलाई ठूलो ठानेको होला नि । एकचोटी उठाएर भुइँमा बजारिदिए पछि छताछुल्ल ।' कृष्ण गम्भीर हुँदै फेरि भन्छ -'अब त जमाना ढिलो भइसक्यो । मैले तँलाई रक्सी नखा भनेर कहिले भनें ? एक घुँड्को खानु र एक गिलास खानुमा के फरक ? आखिर स्वास्नी मान्छे नै त हो नि ! चालीस वर्ष पुग्दैमा यत्रो फूर्ति ? भुत्रोको फूर्ति ? तिमी जस्तै नाङ्गै भएर झ्यालनिर राति म उब्बेको छु र ? तिमी भन्दा तिम्रो साथीको अनुहार कति राम्रो कति । उसले रक्सी पिएपछि यसरी अँगालो मार्छे -मैले सुरुवालको इनार फुकाले पनि केही भन्दिन । अस्ति तिम्रो साथीले के भनी थाहा छ ? गङ्गा दिदीलाई मेरो लोग्नेले भगाएर लगेपछि म सित उ सुत्न आउने रे । मोरेकाटे पनि गङ्गा दिदीलाई त्यसले छाड्दैन । कुन दिन गङ्गादिदीले पेट बोक्ने हो कुन्नि । गङ्गा दिदी पोइल गएपछि त मलाई झन सजिलो । गङ्गा दिदी सुत्ने ओछ्यानमा म सुत्छु । मेरो लोग्ने सुत्ने ओछ्यानमा तिमी आएर सुत । नाँइ नभन है कृष्ण दाइ ! आज शुक्रवार भइहाल्यो । हेरुँ भोलि बेलुका सम्म । स्वास्नीमान्छे भएर पनि लोग्ने मान्छेको जस्तो पेट । त्यस्तालाई पेट बोकाउने पनि कस्तो होला । घीन पनि लाग्दो रहेनछ । अनुहार देख्यो कि चिथोरेर कच्याक कुचुक परिदिउँ जस्तो लाग्छ । तीनचार जनालाई विहा गरिसकेछ । जेठीले त कठालो समाएर जुत्ताका जुत्ताले हानेर थिलथिलो पार्दी रहिछ । रक्सी खाएपछि दुवै उस्तै । त्यो गङ्गे मोरीलाई मैले जानेको छु । कस्तो लोभलाग्दी कसैनी । आऊ राजा आऊ । मलाई तिम्रो स्वास्नी बनाऊ । चुसी देउन मलाई । आजदेखि म पनि कसाइँ बनें ।"

"के बौलाएको ? रक्सी खाएँ भन्दैमा जे मनलाग्यो त्यही बोल्ने ? खुरुक्क नसुतेर । दुईबज्न लागिसक्यो, सुत्न नपाएर मेरो टाउकै दुख्न थालिसक्यो । यस्ता मान्छेले वाथरुममा गएर छादे भइहाल्छ नि !" रिसाउँदै गङ्गा भन्छे ।

"तँलाई कसले रोकेको छ र ? जहाँ गएर छाद्न मन लाग्छ त्यहीँ गएर छाद्न । म किन छाद्ने ?" एकोहोरो तालले कृष्ण लरबरिएको स्वरले भन्दै जान्छ ।

"एकबाजी अनुहार हेर् त, खुब छादिस् ! नील डाम हेर् त ! खुब कसौनीलाई सम्झन्छस् । हिजो ढोका बाहिर कुन्नि कसले छाडेर गएको होला ! कुकुरले मुख चाटिरहेको थियो । एक मनले त जे हुन्छ होस् भनी ठानेकी थिएँ । कुकुरले घिसार्थ्यो कि कसैनीले घिसार्थी कुन्नि । अब त यस्तै हो भने म पनि यो घरवाट निस्किदिन्छु । म पनि रक्सी खाएर मात्तिन सक्छु । कसको बावुको तागत छ मलाई गाली गर्न ? दुई-चारवटा वङ्गारा धुस्काउन मैले पनि जानेको छु । को कस्ता नामर्द हुन् भन्ने कुरा मैले देखेकी छु ? सुँघेर तुर्क्याउने कुकुरहरूको चाला मैले पनि थाहा नपाएको कहाँ छु र ! लोग्नेमान्छे भएँ भन्दैमा जे

बोल्न पनि छुट छ कि कसो ? हाम्रो पनि कम छ र ? च्याल चुहाउँदैमा पाइने भए सबैले पाउँथे ।" कृष्णले भन्दा चर्को स्वरले चिच्याउँदै गङ्गाले भनी ।

धेरै बेरसम्म केही नबोली कृष्ण चुप लागेर बसिरह्यो ।

'मैले रक्सी पनि खान नपाउने ! तेरो झोल त पिउन गएको छैन मैले ?' कृष्ण दार्शनिक बन्दै भन्छ - 'हो, मैल भूल गरें । अर्को कोठामा गएर पिउनु पर्ने थियो मैले ।'

'किन अर्को कोठामा ? भट्टीमा गएर पिएको भए वेश हुन्थ्यो ।' गङ्गाले व्यङ्ग गर्दै भनी- 'मलाई देखाएर किन पिउने ।'

'मैले तलाइँ हेर्न आइज भनेर भनेको पनि त थिइन ।' कृष्ण भन्छ ।

'त्यही फर्सीलाई हेरेर पिएको भए भइहाल्थ्यो ।' गङ्गा कृष्णको मुखमा हेर्दै भन्छे- 'यस्तै बुद्धिले कति दुःख पाउने हो कुन्नि !'

'सुख त तैंले पाइहालेकी छस् नि ! मैले दुःख पाऊँ कि सुख तँलाई के को वास्ता ?' कृष्ण मुख बिगारेर भन्छ ।

'मैले यति नगरिदिएको भए थाहा हुन्थ्यो सब कुरा, मलाई थाहा छ । म पनि हेर्दै छु । मैंले छोडेको दिनमा देख्छु नि !' गङ्गा स्वाभिमानसाथ भन्छे ।

'तैंले छोडेको दिनसम्म मैले कुर्नुपर्‍यो होइन त ?' कृष्ण अलि भावुक भएर भन्छ - 'म त जुनसुकै बेला पनि छोड्न सक्छु । अझ मसँग लिनु के बाँकी छ तेरो ? त्यो पनि म दिन तयार छु ।'

टेलिफोनको घण्टी ठूलो आवाजमा आउँछ । दुवैको ध्यान टेलिफोनमा जान्छ । दुबैको आँखा भित्ताको घडीमा पुग्छ । दुईवज्न लागिसकेको थियो । लामो घण्टी पछि गङ्गाले टेलिफोन उठाउँदै भन्छे- 'हल्लो'

'हल्लो .... को बोल्नुभएको ?'

'कसलाई खोज्नुभएको ?' गङ्गाले नरम भएर सोध्छे ।

'यो कहाँ पर्‍यो ?'

'तपाई को भन्नुस् न ?' गङ्गा फेरि सोध्छे ।

'मैले गङ्गा दिदीलाई खोजेको ।'

'गङ्गा दिदीलाई तपाईंले चिन्नुभएको छ ? कसले बोलाएको भनेर गङ्गा दिदीलाई बोलाउने ?' गम्भीर भएर स्वर मिलाउँदै गङ्गा सोध्छे ।

'कसको खबर ?' गङ्गा अलि तर्सिए झैं सोध्छे - 'तिमी को ?'

'म मैत्राको नोकर्नी ।'

'कान्छी बोलेको हो ? मैले त स्वरै नचिनेको के भयो ? यसवेला किन फोन गर्नु परेको ?' आश्चर्य मान्दै गङ्गा सोध्छे ।

'अरू केही होइन दिद्ज्यू । हजुर एकछिन आइवक्सियोस् न !'

'यस्तो राती !' डराउँदै गङ्गा भन्छे ।

'खै कुन बेलादेखि हो मैत्रा दिदी त ओछ्यानको ओछ्यानमै !'

हातको फोन भुइँमा खस्छ । गङ्गा उभिन नसकेर भुइँमा थचक्क बस्दै कृष्णलाई भन्छे - 'मैत्राले आत्महत्या गरिछ ।'

'ठीक गरिछ । अब कतिले आत्महत्या गर्ने हुन् । हेर्दै जा ।' 'पालो सबको आउँछ ।' व्यङ्ग हान्दै कृष्ण भन्छ- 'गाली गर्नु छ भने गरिहाल् । बाँकी नराख । अब त बुझि होलिस् नि ! धोक्ने भए एक गिलास पिइहाल ।'

गङ्गा केही बोल्न सक्तिन । एकनाससित कृष्णको मुखमा हेरिरहन्छे ।

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछु ।

सूर्यबहादुर थापा

(भू.पू. प्रधानमन्त्री)

तथा

केन्द्रीय अध्यक्ष -

राष्ट्रिय प्रजातन्त्र पार्टी

कथा

धाइरिङकी दमिनी

✍ खगेन्द्र संग्रौला

धाइरिङकी दमिनी जुनेलीका जीवनको अर्को दिन ढल्यो । बेनी बजारका साहुले चालीस रुपियाँमा उसको एक दिनको जीवन खरिद गऱ्यो । चालीस रुपियाँको साटो उसले बेनी बजारको पुलवारिबाट पुलपारिसम्म जम्मा दश खेप सिमन्टीका बोरा लगालग ओसारी । ढाड कुप्रो पार्दै, पसिनाका धारा चुहाउँदै, सुस्केरा हाल्दै र आफ्नो घरका दुईटा चितुवालाई सम्झिँदै । ज्याला थापेर घर आइपुग्दा पट्ट फुट्लाझैं गरी उसको टाउको दुखेको थियो । सकीनसकी उसले भात पकाई । उसलाई बरु गाँसै नटिपी त्यत्तिकै ढल्न र चुपुक्क निदाउन पाए कस्तो हुन्थ्यो भन्ने लाग्यो । पोई र ससुरो तल हर्केकहाँ तास खेलेकाखेल्यै होलान् । थपक्क आएर पाकेको भात खाइदिए पो आफू उम्कन पाइन्थ्यो । मनमा दया-माया भए न हो ।

"फुपु ! तिमी भात खाऊ, मलाई सन्चो छैन, सुत्छु" गलेको शुष्क स्वरमा जुनेलीले सासुलाई भनी ।

"उसै त दिनभरिकी भोकी, उसमाथि भातै नखाई सुत्छु रे ? सुन्न पनि के के सुन्नुपर्छ हँ ?"

"लाग्नेमुन्छेलाई नख्वाई कुन मुखले खानु र फुपु ! त्यसै त मलाई मार्न खोज्छन् ।"

"आ ... तेरा कुरा पनि ..."

"फुपु ! म मर्ने भएँ फुपु ! पुसाइँ र पोइले मलाई मार्ने भए । सरापेर, लतारेर, चुटेर, कुल्चेर ... । फुपु, एक दिन मलाई ..." दुई हातले टाउको अँठ्याउँदै थाकेको र ढल्न लागेको मलिनो स्वरमा जुनेलीले मनको निसास पोखी ।

"आ ... क्यै नपार फेरि उही गन्दे फत्फत् ! खुरुक्क खा र चुपुक्क सुत् भन्या ! जुवाडे मुर्दारहरू आधा रात मातेर आउलान्, बाँकी रहे खालान्, नरहे त्यत्तिकै डल्लो पर्लान् । भन्त, दुनियाँमा यस्ता स्वास्नीमारालाई पनि भात कुरेर बस्छ क्वै ?"

जुनेली पिंडीको गुन्द्रीमा डङ्रङ्ग लडी । बिहानदेखिकी भोकी, यो त भोकै पो सुती हँ ? -बुहारीको हालत देख्दा सासुको मन त्यसैत्यसै पग्ल्यो । आँगनको डीलमा उभिएर तल्तिर हेर्दै ऊ लेग्रो तानेर पोईलाई बोलाउन थाली-

"सन्तेका बा होउ सन्तेका बा... ! एई... सन्ते मुर्दार !"

न पोइ बोल्यो, न सन्तेले सुन्यो ।

उसले चार-पाँचफेर बोलाई । भएभर्को तागत सँगालेर लेग्रो तानीतानीकन बोलाई । निस्पट्ट अँध्यारो रात चकमन्न थियो । उसको तीखो र अग्लो आइमाई स्वर तल्लागाउँको आकास छिचोल्दै पारी पाखामा ठोकिन पुग्यो होला तर ढुङ्गा हाने पुग्ने ठाउँमा तास खेल्नेले सुनेनन् । न पोई बाल्यो, न सन्तेले सुन्यो ।

"यस्तो पोइ त बाँचेको भन्दा बरु मरेको जाती !" जुनेलीकी सासु मुर्मुरिदै, दारा किट्दै झोक्किन थाली । "बिहान अवेलापख उठ्यो, बाबु-छोरा नारिएर तिनका बाउका चिहानमा लुसुक्क तास खेल्न तल झऱ्यो । काम त गरेनन्, तिनका बाउको काट्टो घिच्न त बेलैमा मुन्टिए हुन्थ्यो नि ! सन्तको बा होउ सन्तेका बा... ! एई... सन्ते मुर्दार !"

फुपुको घाँटी सुकिसक्यो । न पोइ बाल्यो, न सन्तेले सुन्यो ।

बाक्क-दिक्क भएकी फुपु छरछिमेकका आइमाईलाई सराप्न थाली, "आओ न मिलेर यिनका टुप्पी उखेल्न जाऊँ भन्यो कुनै मुर्दार्नी अघि सर्ने होइनन् । हाम्रा घरका तास खेल्न गा छैनन् केरे भन्या छन्, कानाँ तेल हालेर ढुक्क बस्या छन् । यिनका पोइंका पनि त क्यै न क्यै अर्घेला बानी होलान् । कुनै दिन यिनलाई पनि त पर्ला । यो गाँवै कुहेको, जातै कुहेको ! अरु मरुन् कि मारियून्, कसैलाई क्यै मतलब छैन । यी राँडहरूलाई पनि त दुःख पर्दो हो नि कुनै दिन । पख, हाम्ले नि हेरम्ला !"

फुपु हारथाक भई । पिंडीमा आएर जुनेलीको जीउमाथि निहुरिदै भनी "ती मुर्दारले सुनेनन्, तँ उठ्, म पस्किदिन्छु, गाँस टिपेर सुत् !"

उसै त मलाई घरबाट निकाल्ने भन्या छन् फुपु, उसमाथि पुसाइँ र पोइलेभन्दा पहिले भात खाएर ...!"

"जोरी खोजेछन् भने म वजार्छु तिनका थाप्लाँ दाउरो । जति रुचेको खा र चुपुक्क सत् !"

जुनेली हलचल नगरी त्यत्तिकै लमतन्न सुतिरही । उसको जीउ खपिनसक्नु गरी दुखेको थियो । हिजो तासको खालवाट पुसाइँ र पोइ फर्किंदा आधारात भएको थियो । उसले आँखा मिच्दै

उठेर भात तताइदिई, पस्किदिई । बाबु-छोरा दुबै मातेर टिल्ल परेका थिए ।

"आइमाई भ'र भात पकाउने तेरो ढङ्ग !" एक गाँस मुखमा हाल्नासाथ मुख बिगार्दै पोइले भन्यो ।

"भात हो कि माटो हो यो ! यसो बिनीबाट तरकारी-सरकारी क्यै ल्याइनस् ?" दच्काउने काइदाले ससुराले साध्यो ।

"के का पैसाले ल्याउनु र फुपाजु ?"

"कमाइनस् राँड पैसा ?" पोइ चाइने कुर्ल्यो ।

"भात घिच्न चामल किन्नु परेन ?" खपिनसक्नु भयो र जुनेलीले पनि जवाफमा सवाल उठाई ।

"सुँगुरको बिष्टाजस्तो तेरो भात ..." सन्तेले जङ्घैदै जोडले थाल हुर्क्यायो । हुर्रिदै गएको थाल जुनेलीका घुँडामा बज्रियो ।

"मीठो खान खोज्नेले आफै काम गर्नुपर्छ । कमाउनु पर्छ, पकाई-तुल्याई गर्नुपर्छ । दिनभरि तास, रातभरि रक्सी, अनि उसैलाई चाहिने मीठो-मसिनो !" ठक्करले रनन्न दुखेको घुँडो मुसार्दै र जिउमा लागेको जुठो स्याहार्दै कठोर स्वरमा फत्फताई

"तँ रण्डी नबोल् !"

"तिमी मात्रै बोल्ने ? रातदिन हड्डी घोटेर म तिम्रो पेट भर्ने, अनि तिमी मात्रै बाल्ने ?"

स्वास्नीले ठाडो शिरले बालेको देखेर सन्ते रिसले मुर्मुरियो । उसले जुठो हातले जुनेलीको चुल्ठो अँठ्यायो र डँडेल्नामा लात्ती बजाऱ्यो ।

"फुपु !" अताल्लिदै जुनेलीले सहारा खोजी ।

निन्द्रामा झुलिरहेजस्ती फुपु दैलानेर पक्क परेर उभिइरही । सन्ते भेडामाथि चितुवा झम्टेझैं स्वास्नीमाथि झम्टिइरह्यो । जुनेलीको मुखबाट छाती चिरिदाखेरिको छाती चिर्ने चिच्याहट पोखियो, मन भरङ्ग पार्ने गरी पोखिइरह्यो ।

"फुपु, माऱ्यो ! तिम्रा छोराले मलाई माऱ्यो ।"

"खोज्या थिस्, भेटिस् ।" भात चपाउँदै पुसाइँ चाइनेले भन्यो ।

"तेरो थुतुनो पनि उस्तै छ, किन दुख पाइस् आफ्नै ढङ्गले भन्यास्तो । म बूढी बरु भुतुक्कै मोर्न पाए हुन्थ्यो के मात्रै देख्नु पऱ्या हो मैले यस अलच्छिनी चिहानमा ?" निदाउरो स्वरमा फुपु फत्फताई ।

अहिले जुनेली पिंडीमा लमतन्न सुतेकी छे । उसको आङ नराम्रोसँग दुखिरहेको छ । हिजोको त्यो कुटाइ, दिनभरिको भारी बोकाइ, जिउको थकाइ र मनको औडाहा -ऊ थकित र दिक्क भएर लमतन्न सुतेकी छे ।

आज बिहान झिसमिसे बिहानीमा ऊ गोरुलाई घाँस काट्न माथि वनतिर गई । पुसाइँ र पोइ तास खेल्न उँधो झरे । घाँसको भारी बोकेर आउँदा फुपु चाइने अँगेनामा आगोसम्म नजोरी गुत्थ फुलेर बसिरहेकी रैछ । जुनेलीले हत्तपत्त आगो जोरी र थोरैतिनो बासी भात तताई । चामल एक गेडो बाँकी थिएन, साजी भात पकाउने कुरै भएन । उसले पस्किदिई, फुपुले केही नबोलीकन भात कुपुकुपु खाई ।

घाम शिरमाथि आउने बेला भइसक्यो, तास खेल्न गएकाहरू आ' होइनन् । भारी मन लिएर, नाम्लो बोकेर जुनेली चारो खोज्न बेनीतिर हिंडी ।

"तँ खाएर हिंडिस् ?" फुपुले सोधी ।

"उनारु आ छैनन्, म पैल्यै कसरी खाऊँ फुपु ?"

"आ... यस्ता बारमासेलाई पनि पर्खेर साध्ये हुन्छ ?"

"मलाई माछ्न् फुपु ! देखिनौ हिजो मलाई झण्डैले नमारेका !"

फुपुले जुनेलीलाई पाखुरामा समातेर तान्दै भित्र हुली ।

"खा'र जा । खाई कि खाइन कसरी था' पाउँछन् ती जैरेले । आफ्नै मान राख्न नजान्ने मुर्दाहरूलाई दुनियाँमा कस्ले गर्छ मानमनितो ?"

जुनेलीले दुई डाडु फर्फराउँदो बासी भात पस्किई । एक गाँस मुखमा हालेकी मात्र के थिई उसलाई झल्याँस्स चल्लाहरूको सम्झना भयो । चल्ला कलिला छन्, अस्ति मात्रै फुलवाट निस्केका । मकै त निल्न सक्दैनन् नि, तिनले के खान्छन् ? जुनेलीका घाँटीमा बासी भातको गाँस अड्केजस्तो भयो । थालको भात लिएर ऊ वाहिर निस्किई । भोका चल्ला डोकाको झ्यालखानामा थुनिएका थिए । भोकले छटपटाउँदै मसिनो, मायालाग्दो आवाजमा च्याउँच्याउँ कराइरहेका थिए । जुनेलीले आफ्नो भागको भात चल्लालाई दिई, कचौरामा पानी हालिदिई र नाम्लो बोकेर खाली पेट बेनीतिर लुखुर-लुखुर हिंडी ।

"खा'र हिंडिस् ?" फुपुले सोधिन् ।

जुनेली फर्केर हेर्दै नहेरी चुपचाप फटाफट गई ।

वाटाभरि जुनेलीका आँखाबाट विरहका आँसु वगिरहे । सन्तेसँग पोइल आएको उसलाई हिजैजस्तो लाग्छ । मेरा वावै, सन्तेले उसलाई कसरी फकाएर ल्याएको थियो -पेटभरि खान दिम्ला, आङभरि लाउन दिम्ला, फूलको थुँगोलाई झैं जतनले सम्हालेर राखम्ला, दुःख परे दुःख बाँटम्ला, सुख पाए सुख

काटम्ला । सँगै खाअम्ला, सँगै पिअम्ला, सँगै हाँसम्ला, सँगै रोअम्ला, सँगै सुतम्ला, मायाको न्यानो गुँड बनाएर बच्चा पारम्ला र जीवनलाई सिंगारम्ला । घरमाथिको सल्लेरीमा, एकलासको चप्लेंटी ढुङ्गामा, हात समातेर, काखमा राखेर सन्तेले किरिया हालेको हिजैजस्तो लाग्छ । तँलाई मैले दुःखसास्ती दिएँछु भने जुनेली, सतोसत् मलाई यिनै सूर्य भगवान्ले नाश गरुन् ! सन्तेको त्यो बचन कति मायालु थियो ! बोल्ने पापीले भुसुक्कै बिर्स्यो, सुन्ने अभागीका कानमा त्यो वचन अझै गुन्जिरहेको छ ।

जुनेलीको पहिलो पोइ चितुवाजस्तो थियो । तास खेल्थ्यो, रक्सी धोक्थ्यो, उसलाई रातैपिच्छे, कुट्थ्यो । कहिले हातले, कहिले लात्ताले, कहिले लौराले । हुँदाहुँदा कहिले त हातमा खुकुरी नचाउँदै काट्न खोज्थ्यो । जिउमा र हृदयमा चोट लागुन्जेल त उसले मुटु गाँठो पारेर खपी तर ज्यानै लिने उद्योग हुनलाथ्यो र उसको मन ज्यानको मायाले अताल्लियो । अनि ज्यान जोगाउन भनेर ऊ सन्तेसँग पोइल आइथी । चितुवाका खोरवाट फुत्केर मान्छेका घरमा भित्रिएँ भन्ने उसलाई लागेको थियो तर भित्रिएपछि चाल पाई, ऊ एउटा चितुवाका खोरवाट अर्को चितुवाका खोरमा थुनिन पुगिछ । पहिलो पोइतिर छोरी जन्मेकी थिई, कति राम्री थिई त्यो छोरी बरिबिचरी ! फूलको कोपिलो जस्ती, जूनको टहक जस्ती । त्यसले हाँसेको देख्दा जुनेलीको अँध्यारो चित्तमा उज्यालो, न्यानो घाम झुल्किन्थ्यो । सारा पीर-व्यथा मनवाट सनक्क पन्छिन्थे । त्यो आँखाको नानी, त्यो दिलको टुकुरोलाई उतै छोडेर ऊ पोइल आई । चहऱ्याइरहेको हृदयको घाउ सन्तेको मायाको मलमले निको पारम्ला भनेर ऊ वाहिर-वाहिर हाँस्दै र भित्रभित्र रुँदै आइथी । चिताएको एक थोक थियो, हात लाग्यो अर्कै थोक । चितुवाको खोरवाट भागेर ऊ चितुवाकै खोरमा थुनिन पुगी ।

जुनेली फरिया उचालेर हुर्रिदै तल्तिर झरी । वेनीवाट काँधमा नाम्लो बोकेर फर्किंदा वाटामै उसले चाल पाइथी - माथिवाट विकासे सर र मिसहरू गाउँमा आ' छन् रे ! त्यो सुन्दा उसको छाती फुलेर नाड्लो जत्रो भयो । लौ, आएछन् । हाम्लाई माया मारे, माथि नै हराए भन्ठान्या त ती हाम्लाई सम्झेर आएछन् । उसको घावैघाउ भएको मन फुरुङ्ग पऱ्यो । उसका पाखुरा फलामका पाखुराजस्ता भए, पिंडुला बलवान् सत्तिसालको हेमानको फेदजस्ता । उसलाई आफ्नो मनको सक्कल आशाले, उमङ्गले, आँटले फुलेर सगरमाथा भएझैं लाग्यो । अहिले उसलाई सम्झना भयो -पहिले माथिका बिराना सरहरू गाउँमा आ'थे । जान्नेहरू तिनलाई विकासे सर भन्थे । नचिताएको सपनामाझैं ती धाइरिङका दमाईका पिंडीमा आएर टुसुक्क बसे । गच्छे अनुसार तिनले पस्किदिएको खाए, तिनले लाइदिएका ओछ्यानमा सुते । जातले ती वाहुन थिए, सोमतले आँखामा हाले नि नविझाउने जस्ता मान्छे । आउँदा तिनले आशाका बात लिएर आए, उमङ्गको उज्यालो लिएर आए । तिनले गाउँमा नयाँ जमानाको नयाँ हावा चलाउने कुरा झिके, तिनले मान्छे जोडेर बैठक गराए, बात मार्न सिकाए । गाउँका आइमाइहरू पोइ र ससुरादेखि डराउँदै, लजाउँदै, भित्रभित्र खुम्चिँदै मजेत्राले मुख छोपेर जाम् कि नजाम् गर्दै वैठकमा जान्थे । बच्चा हुनेहरू बच्चा खोकिलामा हालेर जान्थे, भुँडी बोकेकाहरू भुँडीमा हात राखेर जान्थे । तर दिनपछि रात बिते, रातपछि दिन फर्के । ओठ कमाउँदै, आँखा लोलाउँदै, चड्ख भएर वरिपरि हेर्दै ती सुस्तसुस्त बोल्न थाले ।

दिनपछि रात बिते, रातपछि दिन फर्के । धाइरिङका दमिनीहरूले धक फुकाएर बात मार्न सिके । कनीकुथी कपुरी क भन्न, ठम्याउन, लेख्न पनि सिके । छरिएको बल बटुल्न भनेर तिनका महिला समूह खडा भए । समूहले जीवनको कालो-मैलो धोइ-पखाली गर्न, जीवनको कसिङ्गर बढार-कुँडार गर्न पाइला चलाउने अठोट गरे । शिर उचालेर, पाखुरा खैंचिँदै, एकगठ भएर, एक तालमा, एक चालमा धाइरिङका आइमाइहरू बाहिर निस्किए । हुर्रिदै तासका खालमा पसेर तिनले हाक्काहाकी तास च्याते । रक्सीले मातेर स्वास्नी कुट्नेहरूलाई तिनले ट्याप्प टुपी-टुप्पीमा समाते । गाउँलेको कुडुँलो जोडेर तिनले जुवाडेको हुर्मत लिए, जँड्याहाको सातो खाए । गाउँमा अचम्म भयो । अचम्मको सपनामा पनि हुन नसक्ने कुरा भयो । खोजीखोजी घरघरका तास च्यातिए र रक्सी पार्ने र रक्सी खानेलाई दुनियाँका मुखेञ्जी दण्ड-सजाय हुने भो । अचम्म भो ! अटेर गर्नेहरू नाङ्गेझार भए । तिनका डँडेल्ना वेइजतीका कोर्राले डामिए ।

जुनेली पोइलाई यसो हेर्छे, त्यो त मेरा वावै, नून खाएका कुखुरो जस्तो पो भएको छ । दिन नबिराई तास खेल्ने उसको वानी, रात नविराई ठाडो घाँटी लाउने उसको सोख । उसको वानी संकटमा पऱ्यो, उसको सोख सोत्तर भयो । एक दिनको कुरा हो, गाउँ झपक्क निदाएको मौका छोपेर ऊ घर फर्क्यो । लाउनुसम्म ठाडो घाँटी लाएछ । खुट्टा लर्खराउँदै, वोली लर्बराउँदै ऊ आयो । धिपधिप् बलिरहेको टुकीको धमिलो उज्यालोमा जुनेलीले यसो हेरी, उसको अनुहारमा डरको गाढा छाया उत्रेको थियो । उसको नूर गिरेको अनुहारले मूक भाखामा भनिरहेथ्यो -प्यारी जुनेली ! मैले आज बिराम गरें, जे भए पनि तेरो पोइ हुँ, मलाई

माफ गर् । तर उसले माफ गरिन । उसको जिउभरि पोइले कुटेका डाम थिए, मनभरि घावैघाउ । आँगनमा निस्केर कोकोहोलो मच्चाउँदै ऊ चिच्याई, "गुहार ! गुहार !! सन्तेले गति छाड्यो ।"

छिनभरमै आँगनभरि मानिसको कुँडुलो लाग्यो । कुँडुलोमा आइमाइ र लोग्नेमान्छे सरावरी थिए । सन्ते बलि चढाउन पर्सेको बोकोझैं काम्न थाल्यो । कसैले केही नभनीकन ऊ लुरुलुरु वाहिर आँगनमा आयो । रक्सीले झोलिएका उसका पिंडुला लैना पाडाकाजस्तै लुला भएका थिए । सुर हराएको उसको स्वर सुन्दैमा हाँसउठ्दो थियो । आफ्नै खटनले उसले कान समात्यो । अनि आफ्नै सुरले ऊ उठबस गर्न थाल्यो । मानिसहरूको कुँडुलोमा हाँसोका पर्रा छुटे ।

"सन्ते गदाहाले बिराम गऱ्यो, आजलाई माफ गर, फेरि फेरिलाई जान्दो गर्नू ।" सन्तेले जोल्ठिङ् परेको स्वरमा भन्यो ।

कुँडुलोको माझमा हाँसोको लहरमाथि हाँसोको अर्को लहर खप्टियो ।

विकासे सर पनि काँधमा गम्चा भिरेर आइपुगे । उनले आँगनको पल्लो छेउमा उभिएर मुसुमुसु हाँस्दै त्यो दृष्य हेरे, सन्तेका ती बात सुने ।

जुनेलीलाई रुनु न हाँस्नु भयो । जे भए पनि आफ्नो पोइ हो । मति जस्तोसुकै होस्, आफ्नो भनेको आखिर आफ्नै हो । सन्तेको हरिविजोकको बेइजती देख्दा उसलाई बित्थामा हल्ला गरिछु भनेजस्तो लाग्यो ।

कुँडुलो बाटो लाग्यो । सन्ते शिर निहुराउँदै भित्र पस्यो । जुनेलीलाई एक्लै पारेर उसले हप्काउला कि, सके दैलो लाएर साटो फेर्ला कि भन्ने रमरम डर थियो तर केही गरेन । पस्किदिएको भात खाएन । ऊ उदास थियो, थकित थियो । उसको निचोरिएको अनुहारमा पछुतोको पीडा थियो । ओछ्यानमा भित्तातिर फर्केर ऊ सुत्यो र फिटिक्क हलचल नगरी ऊ पस्स निदायो र रातभरि अचेत-विचेत मूढो समान भएर त्यत्तिकै लम्पसार परिरह्यो ।

गाउँमा नौलो थिति वस्ला जस्तो छाँट थियो तर माथिवाट आएका विकासे सरहरू 'आउँदै गरुँला' भनेर गाउँबाट पन्छिए । ती आक्कल-झुक्कल औंसी पूर्णिमामा यसो आउँथे । झुलुक्क मुख देखाउँथे र सुइत्त हराउँथे । बस्न खोजेको गाउँको थिति उल्ट्यो । गाउँमा जुवा-तास बौरियो, रक्सी फर्कियो अनि सन्ते मुर्दार फेरि स्वास्नीलाई कुट्न थाल्यो ।

धेरै दिनपछि आज जुनेलीले चाल पाई, माथिका सर-मिस गाममा आ' छन् रे । सुन्दैमा उसको ह्याउ हलक्क बढ्यो र अहिले ऊ फरिया उचालेर हुरिँदै तल झर्दैछे ।

जुनेली तासको खालमा पुगी । पुसाइँ र पोइ कुम जोरेर तास खेलिरहेका थिए । "तिमारु च्यात्छौ कि म च्यातम् ?" कम्मरमा हात राखेर, शिर ठाडो पारेर जुनेलीले ध्वास दिई ।

"तँ किन बाठी हुन्छेस् ?" हान्ने अर्नाका आँखाले सन्तेले स्वास्नीलाई हेऱ्यो ।

"आजलाई च्यात्छु-च्यात्छु ।" हात लम्काउँदै जुनेलीले दरो न दरो स्वरमा भनी ।

"तँ बौलाइछस् कि क्या हो ?" पुसाइँ भन्ने ससुराले उसलाई आँखाले डस्यो ।

"सर-मिसहरू आ' छन् क्यै था' छ ?" जुनेलीले छाती फुलाउँदै सुनाई ।

हँ, सर-मिसहरू ? जुवाडेहरू झस्के । जुनेलीले झम्टामारेर तासका दुईचार पत्ती मुठ्याई र बाटो लाग्दै भनी "आज गाममा बैठक बस्छ, हेरिराख आज ककसको कति पोल खुल्छ र ककसको के गति हुन्छ !"

जुवाडेहरूले खुल्दुली र शंका भरिएका आँखा सोझ्याउँदै मुखामुख गरे । जुनेली तासका पत्ती बोकेर घरतिर उकालो लागी । थलैमा पक्राउ परेको चोरझैं जुवाडेहरू अक्क न बक्क भई ऊ गएतिर हेरिरहे । पुसाइँ र पोइ रात निकै छिप्पिइसकेपछि घर आए । आज ती शान्त थिए, अलि सशङ्कित जस्ता थिए । रक्सी खाएका थिए-थिएनन् कुन्नि झलक्क हेर्दा ती सहेजस्ता देखिन्थे । सके बैठक वस्ला र दुनियाँका मुखेञ्जी आफ्नो बेइजती होला भनेर ती अताल्लिएका थिए ।

बैठक-सैठक वसेन । माथिवाट आउने सर र मिसहरू पहिलेका विकासे होइन रहेछन् । ती त अरू नै रहेछन्, आफ्नै खाइजीविकाका लागि होला, यसो गाउँको रितिथिति बुझ्न भनेर सोधखोज गर्न आएका । त्यो कुरो चाल पाउँदा जुनेलीको फुलेको छाती खुम्च्यो, पुसाइँ र पोइका खुम्चेका छाती फैलिए । सर-मिसहरू दुई दिनका पाहुनाझैं आए, गाउँ डुले, बात मारे र दुई दिनपछि बाटो लागे । ती दुई दिनका बीचमा रमिता देखाउँदै गाउँमा कसैले तास खेलेनन्, रात-साँझ पारेर जड्याहा कुर्लेका साँढे-स्वरहरू पनि सुनिएनन् । खेल्नेले खेले हुनन्, खानेले खाए हुनन् तर जात्रा देखाउने आँट कसैले गरेनन् ।

नयाँ सर-मिसहरू बाटो लागेको दिन जुनेलीलाई खल्लो-खल्लो, रित्तो-रित्तो लाग्यो । उसलाई त्यसैत्यसै विरक्त लागेर आयो । कहाँ अलप भए हुनन् ती पहिले आउने विकासे सरहरू ?

ती त्यसरी किन आएथे, किन त्यसरी हराए ? गाउँ औंसीको गाढा अँध्यारोमुनि निसास्सिएको थियो । चारैतिर चकमन्न थियो, शून्य थियो । गाउँका चितुवाहरू भेंडाहरूमाथि झम्टा मार्थे, भेंडाहरू चुपचाप शिर लतार्थे । गाउँमा बिलौना, चित्कार र रुवाइको कतै नटुङ्गिने जस्तो मेसो चलिरहन्थ्यो तर ती सबले गाउँको चकमन्नतालाई झन् चकमन्न बनाउँथे, गाउँको शून्यतालाई झन् गाढा शून्यमा ढाल्थे । अन्धकार रातमा शून्य आकाशबाट उल्का खसेझैं एक दिन सरहरू आए । तिनले शान्त तलाउजस्तो गाउँमा ढुङ्गा हाने । मानिसहरूमाझ चहलपहल शुरु भयो, हलचल आयो । बलियाहरू थिचोमिचो र हेलाँ-होचोबारे निर्बलियाहरू बात मार्न थाले । बात मार्दै जाँदा तिनमा पातलो चेत खुल्यो, थोरैतिनो आँट पलायो । तिनले आ-आफ्ना घरका चितुवाका जुँगा समाते, तिनलाई लछारे पछारे र तैंविसेक कावुमा राखे । यत्तिकैमा माथिबाट आएका सरहरू शून्यबाट तल खस्न लागेको उल्का भूईमा खस्नै नपाई बीचैमा कतै बिलाएझैं शून्यमै बिलाए ।

मान्छेका मनभित्रका चितुवाहरू मरेका थिएनन् । ती त मनको अँध्यारो ओडारमा लुकेर बसेका मात्र थिए । निर्धाहरूमाथि जाइलाग्ने भनेजस्तो मौका पर्खिबसेका थिए । सरहरू अचम्मसँग अलप भए । गाउँमा बात मार्ने मेसो घटेर गयो । मान्छे-मान्छेका मन फेरि टाढा भए, फाटे । गाउँका छेउकुनामा चितुवाहरू डार्रडुर्र गर्न थाले । अनि मनका अँध्यारा ओडारमा डल्लो परेर लुकेका चितुवाहरू अलि दिनमै ओठ चाट्दै, दारा-नङ्रा तिखार्दै एकएक गर्दै निर्धाहरूको शिकार गर्न फुक्काफाल भई बाहिर निस्के । तिनै चितुवाहरू मध्येको एउटा चितुवा हो -जुनेलीको पुसाइँ, अनि अर्को चितुवा हो -उसको पोइ सन्ते ।

दिन ढल्यो र रात पऱ्यो । आज जुनेलीको मन उदास थियो । त्यहाँ डरको बादल मडारिइरहेको थियो । आज चितुवाहरू कस्तो रुपमा आउलान् ! जुनेलीको मन चिसो भयो । उसको आङ जिरिङ्ग-सिसिङ्ग भयो, फुपु ज्वरोले लट्ठ भएर दिउँसोदेखि माथि आटीमा ढलेकी थिई । जुनेली बाहिर पिंडीमा पल्टिई । फेरि पनि उनै पुराना सरका कुरा मनमा खेल्न थाले । के खालका मान्छे हुनन् ती ? खूबै दयालु र उपकारी हौं जस्तो गरी आ'थे । थिचिएका र पिचिएकाहरूलाई तिनले चितुवालाई जिस्क्याउन सिकाए । अनि चितुवालाई जिउँदै, सग्लै छाडेर ती हराए, भागे । सपना भनुँ भने सपना होइन, बिपना भनुँ भने विपना जस्तो भएन । कस्तो बुझिनसक्नु रहस्य होला यो सब ! सद्दे र ज्ञानी मान्छे कि सन्काहा र निठुरी ?

पुसाइँ र पोइ मातेको लबजमा हल्ला गर्दै आए । जुनेली उठी । केही अनिष्ट आइलाग्ला कि भनेर ऊ चङ्ख भई ।

"पख्, तँ राँडलाई" आँगनको पल्लो छेउमा आइपुगेर सन्ते चितुवा गर्ज्यो ।

"तँ बाठी भनेर खेल्दाखेल्दैका तास थुत्ने ? दुनियाँका सामुन्ने ससुराको बेइजती गर्ने तँ ?" पुसाइँ भन्ने चितुवाले सन्ते भन्ने चितुवाका पाइला पछ्यायो "सोमत नभाकी राँड ! अरुका पोइले पनि त तास खेल्या थे, तिनलाई बाठी हुनु नपर्ने, तैं जैरीलाई मात्तै बाठी हुनुपर्ने ?"

जुनेलीलाई कतै भागुँ, अन्धकारमा कतै बिलाउँ जस्तो लाग्यो । तर ऊ खोरमा थुनिएकी छे, दुईटा चितुवाले उसलाई गाँजेका छन् । ऊ कहाँ भागोस् र कसरी ?

"तँ खुबै जान्ने भ'र घरभित्रका कुरा पराईलाई सुनाउने ?" पोइ कड्क्यो ।

"तँ दुनियाँका अगाडि ससुरालाई नगन्ने ?" ससुरो गर्ज्यो ।

"जोसुकैले जेसुकै भनुन् तास खेलिन्छ" पोइले धाक लगायो ।

"कुनै जैरेको डर छैन, रक्सी खाइन्छ" ससुराले फुर्ति लगायो ।

जुनेली आँगनको एक छेउमा चुपचाप उभिइरही । सेरोफेरोको संसार अन्धकार छ । अन्धकारको बीचमा दुईतिरबाट दुईटा चितुवाले उसलाई घेरामा पारेका छन् । ओठ टोकेर उसले लामो सुस्केरा हाली । सहारा कतै केही छैन । उसलाई उकुसमुकुस लागेर आयो । हैन, कता हराए हुनन् हाम्लाई चिमोटेर व्यूँझाउन खोज्ने ती छली सरहरू ?

"भन्, माथिबाट आउने सर-मिसलाई तैंले के के पोल लाइस् ?" बूढो चितुवा केरकार गर्न थाल्यो ।

"के पोल लाउनु छ र पुसाइँ ? मनका दुःख एकदुई बात भनें ।" जुनेलीले नरम, मिजासिलो स्वरमा जवाफ दिई ।

"पोइका कुरा पराई पुरुषलाई सुनाउने तँ रण्डी !" तन्नेरी चितुवा झम्टिन खोज्दै कुर्ल्यो ।

"स्वास्नीलाई रण्डी भन्ने आफू को हौ नि ? नाठो ?"

"तँ मेरा शत्तुरसँग पोइल जाने रे ?"

"जानै परेछ भने को तिम्रो शत्तुर, को मित्तुर मलाई के मतलब ?"

"तँ जस्ती रण्डीले गए हुन्छ, जा । अहिले गइहाल ।"

"पुसाइँ ! मेरा बा-आमा क्वै छैनन्, पुसाइँ ! मेरा बा भने पनि तिमी नै हौ, जे भने पनि तिमी नै हौ । कतै टेक्ने-समाउने नहुनेलाई पुसाइँले यति सारो भन्ने ? पुसाइँ, घरको सिङ्गो भारी मैले बोक्या छु । कमाउने, पकाउने ख्वाउने ... अनि घाँस-दाउरा । उसमाथि पुसाइँ, मेरै मुटुमा भाला धस्ने ?" भक्कानो फुटेको स्वरमा जुनेलीले पुकरा गरी, घुँक्कघुँक्क रुन थाली ।

"ढाँचा पार्नु पर्दैन, मन नपरे पोइले स्वास्नी फर्काए हुन्छ, स्वास्नीले पोइ फर्काए हुन्छ ।" क्रूर बोलीमा वूढो चितुवाले भन्यो ।

"म कहाँ जाउँ पुसाइँ ?"

'मेरा शत्तुरसँग जा रण्डी !" तन्नेरी चितुवाले बिख ओकल्यो ।

"तेरो शत्तुर तैं होस्, तिमीहरू मेरो जिउमा टाँसिएका किर्ना हौ । रातदिन किर्नालाई रगत चुसाउँदा पनि मैले कैल्यै जस पाइन । कैल्यै चैनले सास फेर्न पाइनँ" रीसले आँखा देख्न छाडेपछि जुनेली कराउन थाली ।

"मुख समालेर बोल् रण्डी !"

"हो, तँ किर्नो होस् । तेरो बाउ किर्नो ..."

सन्ते लुत्त घरभित्र पसेको थियो, मिलिक्कै हातमा नाङ्गो खुकुरी नचाउँदै बाहिर निस्क्यो -"म तँलाई काट्छु ।"

दैलोभित्र बलेको टुकीको धमिलो प्रकाशमा सन्तेका हातको खुकुरी चम्चम् चम्क्यो । जुनेलीको छातीभित्र चिसो-चिसो के के भरियो । रक्सीले मातेर टिल् भा छ, हाताँ नाङ्गो खुकुरी बोक्या छ । चित्त कालो छ, दया-माया नाउँको जिनिस त्यहाँ केही छैन । उसले छ्याक्क हानिहाल्यो भने .... !

"फुपु ! फुपु ! फुपु ! मारेरै छाड्ने भए फुपु मलाई ।"

"आधा राताँ किन बौलाका हौ ?" सुस्त चालमा दैलाबाट बाहिर निस्किँदै शुष्क स्वरमा फुपुले भनी ।

"'तिम्रा छोराले फुपु मलाई काट्न खुकुरी झिकिसक्यो ।"

सन्ते लमक्-लमक् लम्किँदै जुनेली भए ठाउँतिर बढ्यो । डरले खुम्चेर पछि हट्दै जुनेलीले असहाय भावमा सुस्केरा हाली । कतै छ्याक्क हानिहाल्यो भने ....! दुष्टको के भर ? हैन, रक्सीको सुरमा छ्याक्क हानिहाल्यो भने .....!

"मेरा हातबाट तँ आज मरिस्" लर्बराएको पागल स्वरमा सन्ते बर्बरायो ।

लौ, सन्ते आयो । झन् ओर, झन्झन् ओर आयो त्यो । रक्सी र रीसले मातेको वखतमा छ्याक्क हानिहाल्यो भने .... ! जुनेली त्रस्त र चङ्ख हुँदै पछि हटी । सन्ते छेउमा, आयो । जुनेलीले यसो भूइँमा हेरी । पिंडीको डील भित्तामा दोछायाँमा वन्चरो-बन्चरो जस्तो जिनि लम्काएर यसो हेर्दा बन्चरै रहेछ । उसको पालो दुई हातले अँठ्याएर वन्चरो उजाई ।

"आइज सन्ते, ज्यान्को किर्नो बना'र तँल म, अनि तँ चाइने मलाई मार्न दागा धर्ने ! ल आ आज तँ छैनस् कि म छैन" रणचण्डी रुप लिदै दिई ।

मुर्दा सरी लमतन्न सुतिरहेको पुसाइँ वस्यो । दैलो बाहिर एक छेउमा फुपु मूर्तिस उभिई । छोराका हातमा खुकुरी नाचिरहेछ, बु बन्चरो छ । अब के हुने हो ?

ठीक त्यही वेला दमाई बस्तीको पुछार आगाका लप्काको लामो लहर देखियो । आकाश आगोको स्यानो खोलो जस्तो ।

"हेर् हेर् ! विष्ट-बराजुका केटाहेर्ले राँकेभूत चुप लाग । पछि सर, लुक" पुसाइँले काँत्रिएको र भन्यो ।

सन्तेका हातको खुकुरी बिस्तारै तल झ निस्पट्ट अँध्यारोमा पनि तिनले देखिहाल्लान् कि भने गएर सास दवाएर उभियो । जुनेलीको टाउकामा भयो, हावामै टाँसिए झैं त्यो त्यहाँकोत्यहीं झुण्डि

राँकेभूत निस्कँदा ननिस्कँदै झ्याप्झुप्प देख्नेका मनमा त्यो निभेन । विष्ट-बराजुका के निभाएर मास्तिर पो आउँदै हुनन् कि ? पुसा पस्यो । फुपु विराले चालले पोइको पछि लागी दैलानेर चुपचापसँग सास दवाएर उभियो । अनि भित्र पस्यो ।

जुनेली हझै त्यहीं थिई । वन्चरो उसको झुण्रिहेकै थियो । उसका चित्तको भित्री पत्रमा ए तरङ्ग उठ्यो -छल गरेर निन्द्रावाट हाम्लाई सरहरू हाम्लाई भुङ्रोमा पारेर कता भागे हुनन् हुनन् कि सन्काहा ?

२९ मंसिर, २०५५

चावहिल, काठमाण्डौ ।

लघुकथा

साँचो

✍ भागीरथी श्रेष्ठ

उसलाई एकदिन अनुभव भयो- उसले आफ्नो साँचो हराएको छ। आफ्नो कमेजको खल्ती, बक्सा, दराज, टेबल, सबै ठाउँमा निरीक्षण गऱ्यो -कतै भेट्टाउन सकेन साँचो। निरास भएर घरका परिवारहरूसँग सोधपुछ गऱ्यो - पत्ता लागेन। त्यसपछि आगनतिर हेऱ्यो- छरछिमेकीहरूसँग, आफन्तहरूसँग सोध्यो, उल्टै आफन्त र छिमेकीहरूले उसको उपहास गर्दै भने - "कस्तो पागल जस्तो मान्छे! हामीसँग पनि हराएको साँचो सोध्न आउने हो र ?"

उसले चिच्याउँदै भन्यो आकाशतिर हेर्दै - कहाँ छ मेरो साँचो ? कहाँ छ मेरो जीवन सुख ? कहाँ छ मेरो छाती, कहाँ छ मेरो परम सत्य ?

उसको अट्टहास सुनेर सबैले उसलाई पागलको संज्ञा दिए।

उसले आकाशलाई छाम्यो, छातीलाई स्पर्श गऱ्यो, फूलहरूको सुगन्ध सुँघ्यो, घामको किरण हेऱ्यो, सूर्यको विराट अग्निपिण्ड हेऱ्यो, डाँडाकाँडामा आँखा लगायो अहँ भेट्टाउन सकेन उसले साँचो।

ऊ यात्रामा निस्कियो साँचो खोज्न। यात्रा गर्दागर्दै नदी तर्दा बीचैमा बाढी आयो र उसलाई बगाउँदै लग्यो। बग्दाबग्दै उसलाई लग्यो - उसको चेतनाको ढोका खोलिएको छ, उसका हात खुट्टा मनमस्तिष्क अत्यन्त सक्रीय भए, जीवन्त भए, क्रियाशिल भए, सारा शक्तिहरू एकात्म भए। उसले आफ्नो सारा शक्ति लगाएर नदी किनारामा उत्रियो - अनेकौ ढुंगामुढा र बाढीको प्रताडना सहेर। उसले आफैलाई हेऱ्यो, आफ्नै हात खुट्टा हेऱ्यो, उसलाई दिव्य अनुभूति भयो - जीवनको साँचो त यही हातमा रहेछ। यही हात खुट्टामा रहेछ। यही शक्तिशाली मनमस्तिष्कमा रहेछ।

उसले सोच्यो - आजसम्म उसले जीवनको साँचो खोज्नै जानेको रहेनछ। कति ऊ आफूभित्र साँचो हुँदाहुँदै भौंतारिरऱ्यो - साँचो खोज्न।

ऊ नयाँ शक्तिको रूपमा रुपान्तरित भयो।

* * *

Lumbini Airways

Your Friend in Sky

यस लुम्बिनी एयरवेजले नेपाली यात्रु महानुभावहरूको सुविधालाई ध्यानमा राखी माघ १२ गते (Jan. 25. 1998) देखि

काठमाडौं - भैरहवा - काठमाडौं

र

काठमाडौं - पोखरा - काठमाडौं

Round Trip उडानमा १२% (प्रतिशत) विशेष छुट प्रदान गरेको कुरा सहर्ष जानकारी गराउँदछौं। साथै

पोखरा, भैरहवा र सिमरा उडानमा यात्रु वर्गको लागि **Lunch Box** को विशेष व्यवस्था पनि गरिएको जानकारी गराउँदछौं।

कर्पोरेट अफिस :
फोन: ४८२७२५, ४८२७२८
मिनभवन, काठमाडौं

काठमाडौं सिटी सेल्स अफिस :
फोन: २२१५२३, २४५३८१
कमलादी, काठमाडौं

रिजर्भेसन अफिस :
फोन: ४८३३८१ (Hunting Line)
मिनभवन, काठमाडौं

एयरपोर्ट अफिस :
फोन: ४७४९०३

श्री ५ महाराजाधिराज सरकारको

५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा मौसूफको सु-स्वास्थ्य, दीर्घायु, दीर्घ सुशासनको लागि

हार्दिक मंगलमय

शुभकामना चढाउँछौं।

ने. का. जिल्ला समिति

परिवार, दाङ

यात्रासंस्मरण

जर्मनीको भ्रमण : केही संस्मरण केही अनुभव

✍ डा. गोविन्द टण्डन

कहिलेकाहिं नसोचेको कुरा भइदिंदा रमाइलै हुँदोरहेछ । पशुपतिक्षेत्रको विविध विषयहरूमा अध्ययन अनुसन्धान गर्दा मेरा त्यस वेलासम्म प्रकाशित केही लेखहरूको माध्यमवाट त्यसको झण्डै चार वर्ष जति अगाडि जर्मनीका एक्सल मिखाइलसँग परिचय भएको थियो । नेपालमा झण्डै दश वर्षसम्म नेपाल-जर्मन रिसर्च सेन्टरका निर्देशक भएर बसेकाले उनी नेपालसम्वन्धी धेरै कुराको ज्ञान राख्दथे । पछि थाहा भयो उनी पनि पशुपतिसम्वन्धी विषयमा शोधपत्र लेख्ने क्रममा रहेछन् । दुवैको अनुसन्धानको विषय मिलेको र विचार मिलेकोले त्यस वेलादेखि समय-समयमा पत्राचार हुने तथा काठमाण्डौ आउँदा उनीसँग भेटघाट हुनथाल्यो ।

पैतालीस सालमा दोस्रो पटक जर्मनी जाने तारतम्य मिलाउने तथा योजना ल्याउने यिनै एक्सल मिखायल भए मेरा लागि । एकपटक भनेका त थिए -"म तपाईंलाई जर्मनी डाक्छु" भनेर, तर मैले चाहिं विश्वास गरेको थिइनँ । नेपालको धर्म, संस्कृति, इतिहास, पुरातत्वसँग जानकारी राख्न चाहने कतिपय व्यक्तिहरू बराबर सम्पर्कमा आइरहने र त्यस्ता व्यक्तिहरूलाई आफूले जो सकेको मद्दत गरिदिंदा उनीहरू खुसी भएका र आफ्नो भ्रमण सार्थक भएको अभिव्यक्ति उनीहरूको मुखबाट कहिलेकाहीं सुन्न पाउँदा आत्मसन्तुष्टि लाग्छ । यस्तो कार्यलाई मैले आर्थिक दृष्टिकोणले कहिल्यै हेरिन र हेर्नु पनि नपरोस् । एक जना नेपालीले यस्तो बेलामा पुऱ्याउने सहयोग र असहयोगले पुरा नेपालकै प्रतिनिधित्व गर्ने भएकोले आफ्नो सम्पर्कमा आउनेहरूलाई सकेसम्म सन्तुष्ट पारिदिए नेपालकै गुणगान र प्रतिष्ठा वढ्छ भन्ने सम्झेको छु । यही अमीट विश्वासको कारण त्यसरी सम्पर्कमा आउने विदेशीहरू खुसी पनि भएका छन् । उनीहरू खुसी हुँदा जाने बखतमा 'म/हामी तपाईंलाई हाम्रो देशमा छिट्टै भेट्न चाहन्छौं' भन्छन् । उनीहरूले यस्तो भन्दा विदेशीहरू सवैको थेगो नै यस्तै हो कि जस्तो पनि लाग्छ कहिलेकाहीं । यसैले एक्सल मिखाइलले 'म तपाईंलाई जर्मनीमा डाक्छु' भन्दा विश्वस्त हुनसकेको थिइन त्यति बेला ।

एक दिन कार्यालयबाट घर फर्केर एकछिन वसेको मात्र के थिएँ कसैले मेरो नाम काढेर डाकेको सुनें । झ्यालवाट वाहिर हेर्छु त मिखाइलको साथी निल्स गुस्चो आएका रहेछन् । तल भेट्न गएँ, भित्र आउन अनुरोध गरें । उनी आए तर चिया खान मैले गरेको अनुरोधलाई उनले पछि खाउँला अहिले हतार छ भनी टारे । हिजो मात्र जर्मनीवाट आएको धेरै ठाउँमा भेट्न जानुपर्छ भने । मेरो निल्स गुस्चोसँगको चिनाजानी मिखाइलकै माध्यमबाट भएको हो शुरुमा । उनले लेखेका नेपालसम्बन्धी लेख तथा पुस्तकसँग परिचय भए पनि उनीसँग व्यक्तिगत रूपले साक्षात्कार भएको थिएन । त्यसको चाँजोपाँजो मिखाइलले नै मिलाइदिएका हुन् । कुसकानी सकिएपछि उनले मलाई वधाइ दिंदै जर्मनीवाट मिखायलले पठाएको चिठी, जर्मनी आउने निमन्त्रणा र आउँदा-जाँदाको टिकट हातमा थमाइदिए । सोच्दै नसोचेको कुरा हुँदा असमञ्जस्यमा परें ।

निल्स गएपछि पत्र खोलें र पढें । पढ्दा जर्मनीको कील विश्वविद्यालयमार्फत् एकमहिने परियोजनाको कार्यमा जानुपर्ने गरी सवै व्यवस्था भएको रहेछ । *म्याप अफ देवपाटन* नामले अनुसंधानात्मक प्रवन्ध-पत्र तयार गर्नुपर्ने रहेछ ।

त्यसवेला म पशुपतिक्षेत्र विकास कोप, कार्यकारिणी समितिको कोपाध्यक्षको रुपमा कार्यरत थिएँ । त्यसैले आफ्ना केही जिम्मेवारीहरू थिए । कोप स्थापना भएको भर्खरै एक वर्ष जति भएको थियो, गर्नुपर्ने कामहरू धेरे थिए । एक मनले त कोषको अघिल्तिर देखिएका कामका रासहरू देख्दा अहिलेलाई यो यात्रा सार्न पाए पनि हुन्थ्यो जस्तो लागेको थियो तर पुस्तकाकारमा उक्त प्रवन्ध-पत्र प्रकाशित हुँदा पशुपतिसम्वन्धी जानकारी चाहनेको लागि सहयोग पुग्ने भन्ने उहाँहरूको परामर्श उचित लाग्यो । त्यसपछि सवै कुरा अध्यक्ष सरकारमा साप्ताहिक दर्शनभेटको क्रममा जाहेर गरें । पशुपति क्षेत्रसँगै सम्बन्धित कार्य भएकोले जानु भन्ने स्वीकृति वक्सभयो, त्यसपछि जाने तयारीमा लागें ।

दिल्ली र हल्याण्डमा ट्रान्जिट यात्रु भई ट्याम्वर्गमा पुगें । मिखाइल विमानस्थलमा लिन आएका रहेछन् । मलाई लागेको थियो पहिले घरमा लिएर जान्छन्, तर उनले सिधै इन्स्योरेन्स कम्पनीमा पुऱ्याए । किन त्यसो गरेको होला भन्ने मैले पहिले त बुझिन । इन्स्योरेन्सको सवै काम सकिएपछि लामो सास फेर्दै भने -अव जता गए पनि हुन्छ, तपाईं विमित हुनुभयो । विरामी वा कुनै दुर्घटनामा पऱ्यो वा बिरामी भयो भने ती सबैको व्यवस्था गर्न गाह्रो हुन्छ भनेर खुलासा गरेपछि मात्र बुझें कि विमानस्थलवाट सिधै इन्स्योरेन्स कम्पनी किन गएको हो भन्ने

कुरा ।

इन्स्योरेन्स कम्पनीको अफिस शायद मैले पाइला टेकेको पहिलो विदेशी कार्यालय हो बाहिर जाँदा । सुनसान र शान्त वातावरणमा महिला कर्मचारीहरू आफ्नो काममा व्यस्त देखिन्थे । सुग्घर-सफाइको के कुरा गर्ने ! जुत्ताको धुलो भुइँमा टाँसिएला जस्तो थियो । मेरो इन्स्योरेन्ससम्बन्धी कामको आवश्यकीय सबै विधि-व्यवहार मिलाउन पन्ध्र मिनेटभन्दा बढी समय लागेन । आगन्तुकहरूको लागि वस्ने लचकदार सोफामा वस्दा पन्ध्र मिनेट बितेको पत्तै भएन । काममा कति दत्तचित्त ! त्यहाँ तिनीहरूले छिटो छरितो रुपले आएका ग्राहकहरूको कसरी सेवा पुग्न सक्छ भनी पूरा ख्याल राखी गरेको सेवा देख्दा आफ्नो देशको कार्यालयहरू सम्झिन पुगें -यहाँ आएका ग्राहकहरूलाई अल्मल्याइ भोलिपर्सि आउनुस् भन्न सके सही कर्मचारी ठान्ने प्रवृत्ति यत्रतत्र जतातत्तै छ ।

त्यसपछिको सबैजसो समय मेरो ह्याम्बर्गमा नै वित्यो मिखायलको पाहुनाको रूपमा । नेपालमा झण्डै दशवर्ष भन्दा बढी समय बसिसकेकोले उनीहरूलाई नेपालीको बानीवेहोरा, खानपान सबै थाहा भएकोले त्यहाँ बसुञ्जेल मलाई कुनै परदेशको अनुभव भएन । बिहानको नास्तादेखि वेलुकाको खानासम्ममा मिखाइलकी श्रीमती डा. अनितेले पूरा ध्यान पुऱ्याउथिन् । खाना खाएपछि आफूले खाएको वा परिवारका अरूको प्लेटहरू जसले धोइपखाली गरे पनि हुने प्रचलन त्यहाँ देखें । शुरुमा अनौठो लाग्यो । पछि वानी पर्दै गयो ।

झण्डै पन्ध्र दिन जति परियोजनासम्बन्धी काममा बित्यो । बिहानदेखि बेलुकासम्म त्यही काममा व्यस्त रहन पुगें । काठमाण्डौबाटै परियोजनासँग सम्बन्धित नक्साहरू तथा तस्वीरहरू तयार पारिसकेकोले लेख्ने तथा त्यसलाई मिलाउने काममा नै पुरा समय दिइयो । बाँकी समय कील विश्वविद्यालय, ह्याम्बर्ग विश्वविद्यालय, हाइडलवर्ग विश्वविद्यालय, नेपालको राजदुतावास, गेटे स्मृति भवन, त्यहाँका पुराना किल्ला तथा शहर हेर्नमा व्यतित भयो । साथमा मिखाइलसमेत हुनाले कुनै किसिमको कठिनाइ भएन । फ्र्याङ्कफोर्ट नजिक नील्स गुस्चोको घरमा पनि गएँ । जङ्गलको बीचमा भनेजसो रहेको उनको घरमा नेपालीपनको आभाष जो मैले देखें त्यसले खुबै प्रभाव पाऱ्यो । चोकको वाहिर अग्लो बाँसमा भैरवको आकृतिको रङ्गीचङ्गी कपडा टाँगेका रहेछन् । कोठामा तस्वीरदेखि लिएर सजावटका यावत् वस्तुहरू नेपालबाटै ल्याएका रहेछन् । नेपालका मठ, मन्दिर, शिलालेख, स्तूप, विहारका तस्वीर तथा त्यसका नेगेटिभहरू अनगिन्ती उनीसँग रहेछन् । कैयौं शिलालेखका उतार र तस्वीरहरू त्यहाँ रहेछन् । त्यहाँ भएका सामग्रीहरू हेर्दा नेपालको सानोतिनो संग्रहालय नै भएजस्तो लाग्यो । त्यहाँ भएका सामग्रीहरूबाट अध्ययन/अनुसन्धान गर्ने हो भने धेरै विद्यावारिधिका शोधपत्रहरू तयार हुनसक्ने देखें । सामग्रीहरू संग्रह गर्नु एउटा कुरा हो, त्यसलाई क्रमवद्ध ढङ्गबाट मिलाएर चाहेको वखत तुरुन्त पाउन सक्ने तुल्याउनु अर्को कुरा हो । त्यो निल्सकहाँ मैले देखें । कति जतनसँग राखिएका छन् संग्रहित सामग्रीहरू ! निल्सले राम्रो सत्कार गरे । एक रात त्यही बस्न अनुरोध गरेका थिए तर हाइडल्वर्ग विश्वविद्यालयमा जाने कार्यक्रम पहिले नै तय भइसकेकोले बस्न पाएनौं ।

जर्मनीमा गाउँ र शहर झट्ट छुट्याउन गाह्रो पर्दछ । किनभने सडक, टेलिफोन, विजुली, यातायात, खोनेपानी लगायतका सबै किसिमका सुविधाहरू गाउँमा पुगिसकेका छन् । गाउँ र शहर छुट्याउने कडी केवल विकसित बजारक्षेत्र मात्र होला जस्तो लाग्यो । त्यसो त गाउँ शान्त, एकान्त, हराभरा र कम व्यस्त छ । शहरमा त्यसको अभाव खट्किन्छ । त्यसो भए पनि स्थायीरूपले गाउँक्षेत्रमा बसोवास गर्नेहरू पाँच प्रतिशत मात्र छन् भन्थे त्यतिखेर । आजकल के -कस्तो छ कुन्नि ! गाउँका घरहरू सफा, सुग्घर सबै रङ्गरोगन लगाएर चिटिक्क पारिएका छन् । घरहरू हाम्रै जस्ता दुईपाखे छन् । त्यहाँका छानाहरू बढी ठाडा छन् । ठाडो छानाको फाइदा मलाई के लाग्यो भने बुँइगलमा पनि चिटिक्क परेका कोठाहरू निकाल्न पाइने रहेछ । हाम्रो नेपालमा कम ठाडो भएकोले बुँइगल भनेपछि धेरै होचो टाउकै ठोक्किने । एक किसिमले बुँइगलमा जाने भन्ने कुरा अग्ला मानिसहरूको लागि त सजाय दिए जस्तै हुने ।

गाउँक्षेत्रमा खेतीपाती, पशुपालन, फलफूल र फूल व्यवसाय फस्टाएको रहेछ । ह्याम्बर्गमा वस्दा नजिकै गोपालन व्यवसाय गरेर वसेका एक-दुईवटा फर्ममा गएको थिएँ । होलेस्टिन जातका गाईहरू नै त्यहाँ पालिदोरहेछ अधिकांश । दूध दिने गाई र तिनका वाच्छा-वाच्छीवाहेक अरूलाई वारवन्देजयुक्त चरनमा राखिदो रहेछ । एउटा फर्ममा यस्ता चरनहरू दुईचारवटा हुँदारहेछन् । एक चरनमा आठ-दश दिन राखी क्रमैसँग सारिदोरहेछ । गाईवस्तुलाई पुग्दो घाँस त्यहाँ हुने हुनाले घाँसको चिन्ता लिनुपर्ने रहेनछ । घाँस नहुने मौसमको लागि सुकेको घाँसको व्यवस्था पहिले नै गरेर राखिदोरहेछ । उचित खाना, समयमा गरिने चिकित्साको कारण एउटै गाईले ४०/५० लिटरसम्म दूध दिदा रहेछ । मानिसले दुहेर कहाँ साध्य ! दूध दुहुने काममा मेसिनको प्रयोग गरिदोरहेछ । दूध दुहुने वखतमा गाईका कल्चौडामा पाँचमुखे यन्त्र हालिसकेपछि विजुलीवाट सो यन्त्र चलाइदोरहेछ । अलग-

अलग गाईको दूध नलीको माध्यमबाट मूल भाँडोमा जम्मा हुने रहेछ । त्यसपछि कल्चौडामा रह्यो भने थुनबाट रगत पनि वग्न सक्ने रहेछ । यो देखेपछि विदेशमा कतिपय शाकाहारीहरूले किन दूध खाँदा रहेनछन् भन्ने कुरा मैले बुझें । दुधालु गाईका बाच्छा-बाच्छीहरूलाई आमाको कल्चौडाबाट दूध नखुवाई भाँडामा दुहेर कति दिनुपर्ने हो बाल्टिनमा दिइँदोरहेछ । त्यसरी दूध पिउन उनीहरू केही दिनपछि अभ्यस्त हुँदारहेछन् ।

एक जना व्यक्तिले डेढ दुई सयसम्म गाईहरू एक्लै हेरचाह गरेर पालेका हुँदा रहेछन् । गाई दुहुने, घाँस काट्ने, मुठा पार्ने, दाना दिने, पानी खुवाउने सबै काम यान्त्रिक रूपले गर्ने गरी मिलाइएकोले गोपालन व्यवसाय सजिलो रहेछ । हामीकहाँको गोपालन र त्यहाँको गोपालनमा आकाश-जमिनको फरक देखें । दूध दिउञ्जेल राम्रो हेरचाह हुने रहेछ, त्यसपछि वधशालामा पठाइने रहेछ । गाईलाई पवित्र भावले पूज्ने ठाउँमा व्यावसायिक रूपबाट गोपालन स-सानो रूपमा गर्नु त ठीकै होला तर धेरै विस्तृत रूपमा गर्नु ठीक नहुने कुरा त्यहाँको अनुभववाट बुझें । किनभने यान्त्रिक प्रयोग भएका गाईहरू पाँच-छ वर्षको लागि त ठीकै छन्, त्यसपछि भने साह्रै कमजोर हुने रहेछ । त्यसो भयो भने हाम्रो जस्तो देशको लागि त 'न टोक्नु न वोक्नु ।' यसैले पनि होला नेपालमा एक-डेढ दशकअघि गोपालन व्यावसायिक रूपवाट गर्ने गरी केही व्यक्ति र फर्महरू देखापरेका थिए, आजकल सबैले छोडे ।

परिवारकै सदस्यहरू पनि राम्ररी भेटघाट नहुने व्यस्ततापूर्ण जीवन पश्चिमी मुलुकहरूको विशेषता नै भएको छ । छोराको विहानको काम, बुवाको रातमा, आमाको दिनमा अनि कसरी राम्ररी भेटघाट होस् ? राम्ररी भेटघाट हुन क्रिसमसै आउनुपर्ने रहेछ । यसरी हेर्दा के लाग्यो भने उनीहरूलाई समयले नै चलाइ रहेको छ ।

विभिन्न शहरमा हप्ताको भिन्न-भिन्न दिनमा हुने 'हाट बजार' रमाइलो हुनेरहेछ । हाटबजारमा सस्तो पाइन्छ, चाहेको चीज सजिलै पाइन्छ भन्ने धारणा रहेछ । त्यसैले गृहिणीहरू हाटको प्रतीक्षामा हुँदारहेछन् । गाउँ-वस्तीमा पनि यस्ता हाटहरू लाग्ने रहेछन् । धेरैजसो हाटबजारहरू ठूलठूला पुलमुनिको खाली ठाउँमा हुँदारहेछन् । पुलमुनिको खाली ठाउँलाई पनि आकर्षक तुल्याई बाग-वगैंचा र फूलहरूबाट चिटिक्क पारेको खुवै घतलाग्दो पाएँ । हाटबजारमा हल्लाखल्ला नगरी शान्त किसिमले आफूलाई जो चाहिने सामान खरिद गरी जाने चलनले हाटवजारको शालीनता मुखरित भएको देखें । हाटवजार शुरु हुँदाको तौरतरिका मेरा लागि त नयाँ नै लाग्यो । हाटवजार राख्ने पसलेहरू विहानै थपक्क भ्यानमा आउँछन् । आफू कहाँ बस्ने गरेको हो त्यहीं ठाउँमा भ्यानको एकापट्टिको बार खोलिदिनासाथ पसलको रुप लिन्छ । एकछिन सजाउनमा व्यस्त हुन्छन् । पन्ध्र-बीस मिनेटपछि रहरलाग्दो पसल वनिसक्छ । आफ्नो भ्यान नहुनेहरू ठूलाठूला छातामुनि वा छरितो पाल टाँगेर पसल बनाउँदा रहेछन् । हाटमा यस्तो काममा एकै जना मात्र सक्रिय भई लागेको पाइन्छ । पसले नै कुल्ली, पसले नै बिक्रेता, पसले नै साहु बनी काम गर्दा रहेछन् । जहाँ हाटवजार लाग्छ त्यस ठाउँको कर सरकारलाई बुझाउने चलन रहेछ । त्यसले गर्दा पसलको आकार अनुसार निश्चित कर उठाइने रहेछ । हाटवजार खुल्ला ठाउँमा हुने भए पनि त्यहाँ आवश्यक विजुली, पिउने पानी, सार्वजनिक शौचालयहरू नगरपालिकाको तर्फवाट मिलाइने हुनाले पसले र ग्राहकहरूले सुविधा पाएका छन् । फोहर फाल्ने निश्चित ठाउँ, फोहार लिने, कुचो लगाउने नियमित चाँजो-पाँजोले गर्दा हाटबजार आकर्षक देखिन्छ ।

वजारमा वेचिने खाद्यान्नका सामग्रीहरूमा उत्पादन गर्ने संस्था, देश, तौल, उत्पादन मिति, त्यसमा मिलाइएका वस्तुलगायत आवश्यक सबै कुराको सूचना हुने भएकोले मिलावटको सम्भावना छैंदैछैन भने हुने रहेछ । कथंकदाचित मिलाएका वस्तुहरू परी कोही कसैलाई हानी-नोक्सानी भए सम्वन्धित संस्थाले ठूलो हर्जाना वेहोर्नु पर्ने चलनले ग्राहकहरू आफूले खाने खाद्य सामग्रीमा निश्चिन्त छन् । प्रयोगशालामा परीक्षण गरी पठाउनुपर्ने सामग्रीहरू निश्चित रुपले परीक्षण गरी मात्र पठाइदोरहेछ । ब्राजिलको केरा, देहरादूनको वास्मती चामल भनेपछि त्यहाँ सबै परिचित रहेछन् । वजारमा ती वस्तुहरू सजिलै उपलव्ध हुने रहेछ । भारतीयहरू त्यहाँ प्रशस्त सङ्ख्यामा भएकोले पनि होला भारतीय शैलीका खाद्यान्न र मरमसलाका पसलहरू ठाउँ-ठाउँमा रहेछन् । त्यसका मालिक पनि भारतीयहरू नै हुँदारहेछन् ।

सडकका पेटीमा मुख्य वजारवाहेक अन्यत्र मानिसहरू हिंड्दा रहेनछन् भने पनि हुन्छ । किनभने सबै आ-आफ्नो मोटर, मोटरसाइकल जस्ता साधनमा हिंड्ने भएकाले पेटीमा हिंड्ने नै कोही छैन । तैपनि जहाँ सडक छ त्यहाँ पेटी छ । पीच सडकको सौन्दर्य वढाउन र त्यसको आयु वढाउन पेटीले धेरै मद्दत गर्ने रहेछ । यो कुरा चाहे व्यस्त शहरमा होस् चाहे राजमार्गमा सबैतिर देखियो त्यहाँ ।

स्वस्थ्यप्रति सबै संवेदनशील छन् । त्यसो भए तापनि वाटोघाटोमा लाग्नेमानिस-स्वास्नीमानिस दुवैले चुरोट च्यापेर हिंडेको देख्दा धुमपानको लतमा अधिकांश फसिसकेको जस्तो लाग्यो । भर्खरका कलकलाउँदा अनुहारका युवाहरूले निस्फिक्री चुरोट

च्यापेको खेल्दा यो रोग विस्तारै सबैतिर फैलिएर नजाला भन्न सकिन्न । कुन ठाउँमा चुरोट खान हुने कुन ठाउँमा नहुने भन्ने निश्चित नियमहरूले केही नियन्त्रण गर्न खोजे तापनि चुरोटका आकर्षक विज्ञापनहरू जतातते पाइने तथा चुरोटका ठूलठूला कम्पनीहरूले पत्र-पत्रिका, टेलिभिजन, रेडियोलगायतका आमसञ्चारका माध्यमहरूमा खर्च गरिरहेका धनराशीहरूलाई हेर्दा चुरोटलाई व्यापक रुपमा प्रचार-प्रसार गर्ने अवसरहरू प्राप्त भइरहेको त्यहाँ पनि देखियो ।

मनसुनलाई पर्खनु नपर्ने वर्षभरि आवश्यक मात्रामा वर्षा भइरहने भएकोले भएका स-साना डाँडा-पाखाहरू हराभरा छन्; उद्यान-बगैंचाहरू चाहिदो पानीले गर्दा लोभलाग्दा छन्; सडकका दायाँ-बायाँ रूख-बिरुवाहरूले गर्दा आकर्षक देखिन्छन् । एकदिन मनमनै मैले सोचें -बरुण देवता त यहाँ पो वसेका रहेछन् । हुन पनि सबैतिर हराभरा छ । पानी प्रशस्त छ । विभिन्न शहरको वरपर भएका नदीमा शयर गर्ने राम्रो प्रवन्ध छ । डुङ्गा चढ्ने हो कि मोटरबोटमा त्यसको उचित व्यवस्था छ । देशविदेशका पर्यटकहरू ठूलो सङ्ख्यामा जतातते देखिन्छन् त्यस्ता नदीहरूमा ।

आइतबार चर्चमा बूढाबूढीहरू ज्यादाजसो जाने रहेछन् । धर्मको ह्रासोन्मुख स्थिति त्यहाँ देखिदै जान थालेको महसूस भयो । क्रिश्चियन धर्मको 'दश मर्यादा'हरू उनीहरूको समाजको वास्तविक उत्थानको लागि अति आवश्यक भए तापनि त्यसको पालन हुन नसकेकोमा चिन्ता गर्ने व्यक्तिहरू पनि रहेछन् । चर्चहरूको संरक्षण, संवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायमा काम गर्ने सबै कर्मचारीहरूले तलवको केही प्रतिशत प्रत्येक महिना दिनुपर्दो रहेछ । केही आलोचना भए पनि धार्मिक संस्थाहरूको सञ्चालनमा केही भरथेग यसले गरेको अनुभव भयो ।

आजकलका युवाहरूमा आफ्नो खुट्टामा उभिनुपर्छ भन्ने धारणा बढ्दो छ । यसले गर्दा बेरोजगारी भएर कोही वस्न चाहँदैनन् । कुनै न कुनै काममा लागेका छन् । सानो ठूलो कामको मतलब छैन, काम पाए पुग्यो भन्ने रहेछ । त्यो एक किसिमले राम्रै पनि हो । आफ्नो आम्दानी हुन शुरु भएपछि युवाहरू आमाबाबुबाट टाढिदै जाने र बढी स्वतन्त्र हुने कारणले नैतिक, चारित्रिक गुणहरू ह्रासोन्मुख स्थितिमा छ । यसले गर्दा लावारिस झैं जिन्दगी भोगिरहेका छन् । आमा-बाबु, ठूलाबडाप्रति रहनुपर्ने आदर, सम्मान र श्रद्धा दिनानुदिन हट्दो छ । यसले गर्दा एकातिर केटाकेटीहरू बढी स्वतन्त्र हुन पुगेका छन् भने बूढाबूढीहरू पारिवारिक स्नेह, मायाको अभावले विरक्तिएर जिन्दगीदेखि निराश हुँदैछन् । यो क्रम द्रुतगतिले बढ्दो छ । जसले गर्दा वृद्धाश्रमहरू टनाटन हुँदो छन् । पारिवारिक सङ्गठन यसरी चकनाचूर हुँदैछ कि बाहिरफेर देखिएको माया-ममता पनि देखावटीसरह बनेका छन् ।

बोक्सी, भूत, प्रेतको विश्वास झन-झन जीवन्त भई बड्दो छ । यससम्बन्धी अनेकन कथा, उपन्यासहरू सृजिएका छन् । हिस्सी नपरेको कुनै आइमाइलाई बोक्सी कसैले भनेमा आश्चर्य मान्नु पर्दैन त्यहाँ पनि । यो परिपाटीले जरा गाडेर बसेको छ ।

संस्कृत भाषाको महत्त्वलाई जर्मनीवासीहरूले केही आत्मसात् गर्न खोजेको अनुभूति हुन्छ । संस्कृत वाङ्मयबाट जति शिक्षा लिनुपर्ने हो त्यो लिएका छन् कि छैनन् झट्ट भन्न गाह्रो छ तर संस्कृत वाङ्मयका केही सजिला पक्षहरूमा अध्ययन/अनुसन्धान गर्न बाटो खोलिदिन र त्यसप्रति उत्कण्ठा जगाउन भने मद्दत पुऱ्याएको कुरा मान्नैपर्छ । प्राच्य विद्याप्रति बड्दै गएको जागरण राम्रै हो भन्नुपर्छ । संस्कार नभएको ठाउँमा त्यत्ति हुनु पनि कता हो कता ! झण्डै तीसवटा जति विश्वविद्यालयहरूमा संस्कृत शिक्षा दिने व्यवस्था रहेछ ।

शाकाहारमा मानिसहरू जोड दिन थालेको कुरा विश्वविद्यालयका क्यान्टिन र रेष्टुराँहरूमा शाकाहारी खानाको लागि अलग्गै व्यवस्था गरेको देख्दा अनुभव भयो । पहिलो पटक जर्मनी जाँदा रेष्टुरांमा शाकाहारी खाना माग्दा या त त्यहाँ भएको मासुको परिकार हटाएर दिन्थे या उसिनेको सागसब्जिको परिकार मात्र दिन्थे । झण्डै चारवर्षपछि त्यहाँ पुग्दा खानामा यसरी ज्यादै परिवर्तन आएको पाएँ ।

झण्डै एक्काइस दिन जतिको जर्मनी प्रवासकालमा धेरै कुरा सिक्ने, जान्ने मोका पाएँ । त्यस वेलाका अनुभवहरू आज पनि मेरो लागि मार्गदर्शक बनेका छन् । यस पटकको जर्मनीयात्राको प्रवन्ध मिलाउने एक्सल मिखाइललाई धन्यवाद दिनैपर्छ । त्यतिखेर हामीले संयुक्त रुपमा गरेको मेहनतको प्रतिफल *पशुपतिक्षेत्र म्याप्स अफ देवपाटन* नामले झण्डै छ वर्षपछि अर्थात् वि.सं. २०५० मा प्रकाशित भयो । त्यसमा पशुपतिक्षेत्रका विभिन्न मठ, मन्दिरहरूको नक्सा, यात्रा, पर्वहरूको मार्गको नक्सा, मठ, मन्दिर हरूको नामको साथै मशुपतिक्षेत्रको चिनारी प्रस्तुत गरिएको छ ।

झुट बोल्ने विशेषधिकार शासकलाई स्वतः प्राप्त छ, तर त्यो अधिकार राष्ट्रिय हीतमा मात्र प्रयोग गरिनु पर्दछ । - प्लेटो
तिमी जुन पुस्तक पढदा सबैभन्दा धेरै सोच्न विवश हुन्छौ, तिम्रो सबैभन्दा ठूलो सहायक नै त्यही पुस्तक हो । - टी. पार्कर

हाम्रो नेपाली संस्कृति - एकचर्चा

✍ भैरवनाथ रिमाल 'कदम'

नेपाली संस्कृतिको आविर्भाव आर्य तथा आर्येतर संस्कृतिहरूको मिश्रणबाट भएको हो । यस अनुमानलाई धेरै प्रकारका युक्तिहरूमा आधारित मान्न सकिन्छ । हामीले नामाकरण गरेको यो संस्कृति वैदिक र प्राग्वैदिक संस्कृतिहरुको मिलनबाट उत्पन्न भएको थियो । परन्तु यस कुरालाई शतप्रतिशत मान्न चाहिं सकिन्न कि हाम्रो संस्कृति सोह्रैआना आर्यहरूबाट निर्माण भएको हो ।

निगम र आगममा आधारित पौराणिक हिन्दू संस्कृतिलाई हामीले अपनाउँदै आएका छौं । प्राग्वैदिक कालदेखि चलिआएको आगम वैदिकेतर धार्मिक परम्पराको वाचक हो । पाश्चात्य विद्वान्हरूले ठाने झैं पुराण र पौराणिक धर्म त्यतिका नवीन होइनन् । इतिहास पुराणहरूको आरम्भ अथर्ववेदको कालमा भएको मानिन्छ । अथर्ववेदमा के भनिएको छ भने ऋग्वेद, सामवेद, पुराणहरूका साथसाथै यजुर्वेद तथा छन्द ब्रह्मदेवबाट उत्पन्न भएका हुन् । शतपथ ब्राह्मणको ब्रम्हयज्ञमा इतिहास तथा पुराणहरूको पढाइको फल बताइएको छ ।

पुराणहरूको उल्लेख धर्मपुत्रमा पनि पाइन्छ तथा मनुस्मृति, विष्णुस्मृति, याज्ञवल्क्य स्मृति एवं ऋग्विधानमा पनि पाइन्छ । रामायण र महाभारतमा पुराणहरूको नाम ठाउँ ठाउँमा आउँछ । पुराणहरूको परम्परा वेदहरूको परम्परादेखि कम प्राचीन होइन भन्ने कुरा समस्त प्रमाणहरूबाट ज्यादै सुदृढ देखिन्छ । निगम वेदहरूको सुनिश्चित विधान हो भने आगम परम्परादेखि चलिआएर ज्ञानको समवाय, यस प्रकारको कुनै अस्पष्ट भाव प्राचीनको पनि रहेको हुन सक्छ । वेदको पठन-श्रवण पुरुषवर्ग र द्विजवर्ग सम्म मात्र सिमीत राखियो भने पुराणहरूमाथि यस्तो कुनै किसिमको रोक लगाइएन । ब्राम्हणहरूले आफ्नो पूरा बलबुद्धि वेदको लागि नै लगाए । पुराण आर्येतर जनताका भाव, विचारबाट ओतप्रोत मानेनन् । न त तिनलाई जनतासम्म पुग्ने अवसरबाट रोकि राख्ने प्रचेष्टा नै गरे ।

पुराणका यक्ष, राक्षस, विद्याधर, नाग, किरात अदिवारे जुन उल्लेख भएको पाइन्छ, स्पष्टतः त्यसले आर्येतर जातिको अस्तित्वको सूचना दिन्छ । पुराणमा भनिए अनुसार देवताहरूको अपेक्षा असुरहरू प्राचीन हुनुमा बढी सम्भावना देखिन्छ ।

पुराणमा देवता पनि कम्तीमा तीन प्रकारका छन् । केही देवता ती हुन् -जसको कल्पना वेदले गरे र केही ती हुन् - जुन प्राग्वैदिक कालमा पुजिन्थे । र, कालान्तरमा वैदिक धर्ममा प्रवेश पाउन सफल भए । तेस्रो किसिमका देवता चाहिं आर्य-द्रविड मिश्रणपछि बाहिरबाट आउने जातिहरूका साथ आए होलान् ! जसको प्रधानता यता हालका पुराणहरूमा देख्न पाइन्छ । वैदिक देवताहरूमा इन्द्र, अग्नि, वरुण, अश्विनीकुमार, पुषन, ब्रम्हा इत्यादि थिए । शिव र उमा प्राग्वैदिक र वैदिक धारालाई सम्पन्न गर्ने खालका देवता मध्ये मुख्य देवता हुन् ।

यो विषय विचारणीय छ कि हिन्दू संस्कृति मार्फत चलिआएको हाम्रो नेपाली समाजमा एक द्वन्द कर्म र संन्यासलाई लिएर छ भने अर्को प्रवृत्ति र विवृत्ति बीच तथा तेश्रो चाहिं स्वर्ग र नरकका कल्पनालाई लिएर रहेको देखिन्छ । हाम्रो संस्कृतिको एकधारा के बताउँछ भने जीवन सत्य हो र हाम्रो कर्तव्य हाम्रो आइंपरेका बाधाहरूमाथि विजय प्राप्त गर्नुका साथै जीवनमा जयको यश गरौं कमाऔं र मानव बन्धुहरूको उपकार गर्दै देवताहरूलाई समेत प्रफुल्ल तुल्याऔं । यसो गरेर हामी अर्को लोकमा सुख र आनन्द प्राप्त गर्न सकौं । परन्तु दोश्रो धाराको शिक्षा चाहिं छ -जीवन नाशवान् हो । हामी जे गरौं तिनको विपरित रहेको रोग र शोकबाट मुक्त हुन सक्तैनौं । न त हामी मृत्युको पञ्जाबाट भाग्न नै सक्छौं । हाम्रो आनन्दको स्थिति नै जन्मनु अघिको थियो । जन्मेपछि अर्थात् जन्मलिएर नै त हामी वासनाको जालमा फंसेका छौं । तसर्थ हाम्रो निम्ति यसमा लाभ छ कि हामीलाई लोभ्याएर संसारमा बाँध्ने सुखतिर पटक्कै ध्यान नै नदिऔं । यस धारा अनुसार के स्पष्ट हुन्छ भने मनुष्यले घर-परिवारलाई छाडी सन्यास लिनु पर्छ र आवागमनलाई छाडी मुक्तिको मार्ग अनुसरण गर्नुपर्छ ।

ऋग्वेदको आधारमा यस कुरालाई मान्नु युक्तिसङ्गत देखिन्छ कि- आर्य पराक्रमी मनुष्य थिए । पराक्रमी मनुष्य सन्यासको अपेक्षा कर्मलाई बढी महत्त्व दिन्छ, दुःखबाट भाग्नुको साटो ऊ जमेर त्यसको सामना गर्छ । आर्यहरूको यो स्वभाव धेरै मुलुकमा एकदम अक्षुण्ण रह्यो । परन्तु कति देशका स्थानीय संस्कृति र परिस्थितिले आर्यको भित्र पनि असर पाऱ्यो र तीनको मनलाई

त्रिवृत्तीय तुल्यायो ।

आर्यको उत्साह र प्रवृत्तिगामी दृष्टिकोण शायद महाभारतको हिंसाले विशेष गरी हिन्दूहरूको मनलाई चूर पारिदियो । त्यहीं देखि हुन सक्छ - यो सन्दर्भ होइन र जीवनको ध्येय सांसारिक विजय नभएर मोक्ष हुनुपर्छ भन्ने कुरामा शङ्का उत्पन्न भयो । हामीले थाहा पाउन सक्यौं कि महाभारतको लडाइँ पहिले भयो भने उपनिषद्हरू चाहिं पछि निर्माण भए ।

कर्मठपन र प्रवृत्तिगामी विचारवाट संसारलाई सत्य मानेर जीवनको सुखवृत्ति गर्ने प्रेरणा प्राप्त हुन्छ । यसको विपरीत मनुष्यले मोक्षलाई वढी महत्त्व दिन खोज्छ । कर्मप्रति उसको श्रद्धा शिथिल हुन थाल्दछ । मोक्ष साधनाको साथ भित्र भित्रै इन्द्रिय तर्पणको दण्ड परलोकमा नरकवास हुन्छ भन्ने तर्फ हाम्रो भाव जान्छ । यो बडो अनौठो कुरो देखिन्छ कि वेदमा नरक र मोक्षको कल्पना प्राय: छैन भने पछि हुन्छ । तर आर्यका प्राचीन साहित्यमा निवृत्ति विरोधी विचार यति प्रबल छन् कि निवृत्तिवादी दृष्टिकोणलाई आर्येतर नमानिकन हुँदै हुँदैन ।

संस्कृति भन्ने कुरा वास्तवमा के हो त ? शव्दकोशमा यसका अनेक परिभाषाहरू पाइन्छन् । जस अनुसार संसारभरि नै जुन सर्वोत्तम कुरा जानिन्छ अथवा वताइन्छ, तिनवाट आफू स्वयंलाई परिचित गराउनु संस्कृति हो । संस्कृतिका केही राष्ट्रिय दृष्टिकोण पनि हुन्छन् र नि:सन्देह अनकौं राष्ट्रले आफ्नो विशिष्ट व्यक्तित्व तथा आफूभित्र केही खास किसिमका मौलिक गुण विकसित गरेका छन् - नेपाली संस्कृतिको मूल रुप यही हो ।

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा

मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको

हार्दिक मंगलमय शुभ-कामना चढाउँछौं ।

मेरिनोल नेपाल 'आशादीप'

(मानसिक विरामीहरूको पुन:स्थापना केन्द्र)

सिफल, काठमाण्डौ

परजा-तन्त्र गीत

-माधव पन्त

वहुदलको जमाना आयो नि हजुर स्वतन्त्र बस्न पाइँदैन
दलमा नलाग्ने भए नि हजुर, न्याय र निसाफ पाइँदैन ।

भाषण सुन्न पर्छ हजुर यो देशमा के के बन्दैन
खेतीपाती छाड्नुस् हजुर, जुलुसमा नगै हुँदैन
चौतारी मलाई चाहिँदैन हजुर पिपल नकाटी हुँदैन
सोझा-साझा गाउँलेलाई नतर्साइ खान पाइँदैन ।

गाईवस्तु भोंकै मरून् डोको र नाम्लो चाहिँदैन
नराम्रो पनि लाइँदैन अब नमीठो पनि खाइँदैन
चोरेर लाने वानी छ हजुर नचोर भन्न पाइँदैन
आफ्नो छैन अर्काको घरमा नबस भन्न पाइँदैन ।

पढ्न मलाई अल्छी लाग्छ स्कूल पनि गइदैन
फेल गराउने माष्टरलाई हाजीर गर्न दिइदैन
एसएलसी नै किन चाहियो मास्टरी जागिर पाइयो
ऋणपो अव किन तिर्ने पैसा त्यसै चाहियो ।

दुईटी स्वास्नी ल्याएँ हजुर जेठी जान्छे मेला
कान्छीलाई पुल्पुल्याउँदा उसैको परें फेला
पसीना काढी ल्याएको पैसा चलन गर्न पाइँदैन
आफ्नै स्वास्नी आँखा अगाडि नकुट भन्न पाइँदैन ।

वाटो ढुक्ने वानी छ हजुर पुलिस डाक्न पाइँदैन
चन्दा मागे ठटाइदिन्छौं हुलाक, स्कूल चाहिँदैन
खैनी पनि सापट चाहियो दाल तरकारी मागेर खाइयो
साँध मिचे वास बन्छ घडेरी अन्त चाहिँदैन ।

ठूलाको छोरो गाउँमा डुल्छु जे पायो त्यही मुखमा हुल्छु
छेउछाउ वेचे पुगिनै हाल्छ जुवा-तास नखेली आइँदैन
जसलाई भन्छौ उसलाई भोट अरुलाई दिन पाइँदैन
हाम्रो नेताले नजिते हजुर यो गाउँमा बस्न पाइँदैन ।

हात्तीको जस्तो दाँत छ मेरो ठिक्क पार्छु कुरा
अगाडि आए काखमा राख्छु पछाडि हान्छु छुरा
वहुदलको जमाना आयो नि हजुर, स्वतन्त्र बस्न पाइँदैन
दलमा नलाग्ने भए नि हजुर, न्याय र निसाफ पाइँदैन ।

बलेटक्सार-८, गुल्मी

कला निर्माणको कला

✍ ज्ञानेन्द्र विवश

'कुनैबेला महान् कविहरू आफै महान् आलोचक पनि हुने गर्थे । कलाकारहरू पनि आफै आलोचक हुन्थे । तर आज ? न कविसित आफ्नो आलोचक छ, न कलाकारसित ! आज कवि र कलाकारहरूको आलोचक छैंदै छैन भने पनि हुन्छ । मलाई अझै पनि एउटा यस्तो आलोचक पाउने धोको छ जसले मेरा सिर्जनालाई बुझ्न सकोस् ! यदि तपाईंसित र म्रो आलोचक छ भने तपाईंको लेखन पनि राम्रो हुनेछ ।

- टोनी मरिसन

सन् १९९२ को साहित्यमा नोबेल पुरस्कारद्वारा सम्मानित लेखिका टोनी मरिसनका उल्लिखित भनाइ निक्कै सारगर्भित लाग्दछ । यसरी नै सिर्जनात्मक आलेखनमाथि कुनै चर्चा नहुने प्रक्रियाले प्रतिभालाई ऊर्जाशून्य पार्न सघाएको अनुभव हुन्छ । वास्तवमा आज पढिदिने, हेरिदिने र गुण-दोषप्रति प्रतिक्रिया व्यक्त गर्ने मानसिकता नभएको पनि राम्रो वा स्तरीय रचनाको आस्वादन गर्न दुर्लभ हुने गरेको छ । त्यसैले सिर्जनामा आफू के लेख्दैछु र समाजमा त्यसले कस्तो प्रभाव पार्दैछ भन्ने सन्दर्भलाई पनि उत्तिको मनन गरिएको पाइँदैन । यसकै कारण सिर्जनामा रातदिन मरिमेट्नेहरुको कुनै खोजखबर छैन ।

प्रत्येक व्यक्तिका लागि मार्गदर्शनको प्रभावकारी भूमिका हुने गर्दछ । त्यस किसिमको मार्ग दर्शकले नै लक्ष्यमा पुगी सफलता प्रदान गर्न सघाउने निश्चित छ तर हामीकहाँ चेतनशील दृष्टिकोण र त्यसप्रति कुनै अभिरुचि नै छैन भने पनि हुन्छ । समालोचक, आलोचकहरूको अभावकै कारण कवि, कलाकारहरूको सिर्जनात्मक अभियानले विज्ञापनको वर्तमान युगमा प्रतिस्पर्धा गर्न सकिरहेको छैन । अनि सिर्जनालाई बुझ्ने र राम्रो बनाउने संवेदनशीलतामा ह्रास आउनु स्वाभाविक हो ।

विशेषत:कलाक्षेत्रमा समीक्षकहरूको ठूलो हात हुने गर्दछ । कलासाहित्यमा यसले आकृतिको आबाजलाई अरू प्रखररूपमा प्रस्तुत गर्ने विश्वास गरिन्छ । नेपाली कला-साहित्यमा कला-समीक्षकहरूको सहभागिता त्यति धेरै छैन । थोरै हुनुको कारण मात्रै होइन यसमा निरन्तरता नहुनु पनि कला-साहित्य अथवा कला-समीक्षकप्रतिको उपेक्षा हो भन्न सकिन्छ । यसमा कलाकारहरूकै अरुचिले कला-समीक्षकहरू स्थिर रहन नसकेको पाइन्छ ।

कला-समीक्षक नारायणबहादुर सिंहको निधनसँगै कला-समीक्षाको पाटो निम्सरो हुनपुगेको देखिन्छ । डा. अभि सुवेदी, रमेश खनाल, सुरेन्द्रराज भट्टराई, मुकेश मल्ल आदिले कला-साहित्यमा कलम चलाउ नै छाडिसके भने पनि हुन्छ । पत्रकारिताका माध्यमबाट कला-साहित्यमा अरुण रञ्जित, शरद प्रधान, राजेन मानन्धर, रमेश विष्ट, ज्ञानेन्द्र विवशहरूले निरन्तरतालाई अहिलेसम्म पनि मुश्किलले जोगाउँदै आएका छन् ।

यस बाहेक उल्लिखित नामसँगै जोडिन आउने नामहरू हुन्- ध्रुव मधिकर्मी, युवराज नयाँघरे, नारायण वाग्ले आदि । यिनै कलमजीवीहरूले पनि कलाको धुकधुकी छाम्ने जमर्कोमा फाट्टफुट्ट लाग्ने गरेका छन् । उता कलाकार मनुजबाबु मिश्र कला-साहित्यमा पनि स्थापित सर्जक भइसकेका छन् । यता बंशी श्रेष्ठ, शशी शाह, रामकुमार पाँडे, डा. रामकुमार भौकाजीहरू कला क्षेत्रभित्रै पनि क्रियाशील भइरहे जस्तो लाग्दैन ।

यसै प्रसङ्गमा नेपालमा कला-निर्माणको पृष्ठभूमिमाथि अलिकति चर्चा गुर्न पनि प्रासङ्गिक हुनसक्छ । यसै सिलसिला पश्चात् नै कलाकार र कला-साहित्यको धरातल बन्न मद्दत पुगेको विश्वास गर्न सकिन्छ । नेपालमा कलाको जग बसाउने कार्यमा राजसंस्थाको प्रमुख भूमिका प्रारम्भका दिनहरूमा निकै प्रभावकारी र प्रशंसनीय रहेको देखिन्छ ।

वास्तवमा हाम्रो राष्ट्रिय गौरवको प्रतीकका रूपमा हाम्रा कला सम्पदाले ठूलो स्थान लिदै आएको छ । त्यसो हुँदा यसले समृद्ध ललितकला अभिलेखनका आलेखमा छुट्टै र महत्त्वपूर्ण कालखण्ड स्थापित गरेको छ । त्यस कालखण्डलाई कालजयी बनाउन नसक्नु वा क्रियाशील नहुनु हाम्रै अल्छेपन जिम्मेवार छ । कलाक्षेत्रमा लागेर जीवन विताउनेहरूले राष्ट्रका निम्ति के दिए र राष्ट्रले तिनलाई के दियो ? यो यतिवेला सम्झना संस्मरण गर्नुपर्ने भएको छ ।

अन्तत: कार्य शिथिलताको निन्दा मात्रै होइन कार्य प्रगतिको

प्रशंसा र त्यसका भागिदारको सम्मान पनि गर्नसक्नु पर्दछ ।

२००७ सालको प्रजातन्त्र आगमनसँगै नेपाली चित्रकलाको पाटोले पनि परिवर्तनको साथ कोल्टे फेऱ्यो ।

राष्ट्रपिता स्व. श्री ५ त्रिभुवनवाट पहिलोपल्ट ललितपुरमा आयोजित आदर्श कला-प्रदर्शनीको उद्घाटन र अवलोकन भयो । त्यस्तै राजपरिवारका सदस्यहरूलाई कला-शिक्षण गराउने दायित्व चित्रकार चन्द्रमान सिंह मास्केले पाएका थिए । साथै मास्केलाई नै भारतको कला सङ्ग्रहालयको अध्ययन भ्रमण तथा दार्जीलिङमा आयोजित अखिल भारतीय कला-प्रदर्शनीमा नेपालको तर्फवाट भाग लिन सरकारी प्रतिनिधिको सुविधा प्रदान भएको थियो ।

त्यसो त, तत्कालीन स्व. श्री ५ महेन्द्रवाट पनि नेपालीभाषा, साहित्य, कला, संस्कृतिले प्रोत्साहित हुने अवसर पायो । मौसुफ स्वयं कवि होइवक्सेकाले साहित्य कला र संस्कृतिको विकास हेतु २०१३ सालमा 'रोयल नेपाल एकेडेमी' को स्थापना गरिवक्स्यो । त्यस्तै २०१९ सालमा नेपाल आर्ट काउन्सिल ग्यालरीको स्थापनामा पनि मौसुफको अग्रसरता थियो । २०१५ सालमै तत्कालीन सोभियत संघको राजकीय भ्रमणमा कलाकार चन्द्रमान सिंह मास्केलाई सम्मिलित गराई पहिलो पटक नेपाली कलाकारले राजाको भ्रमणदलमा सहभागी हुने सौभाग्य पाएका थिए । कलाक्षेत्रका लागि यस्तो अवसर प्रेरणा र ऊर्जा संग्रह समष्टिको माध्यम थियो ।

त्यसपछि नेपाली कलाको पृष्ठभूमिमा २०२२ सालमा स्थापित 'नेपाल ललितकला संस्था' (नाफा) लाई एउटा पृथक् र महत्त्वपूर्ण घटनाका रूपमा लिन सकिन्छ । तत्कालीन युवराजाधिराज वीरेन्द्रको चित्रकला मोहकै परिणामले सो संस्थाले जन्म लिन मौका पाएको थियो सोही संस्थाको अध्यक्षता ग्रहण गरी मौसुफवाट नेपाली कला र कलाकारको आधार निर्माणमा प्रत्यक्ष सहभागिता वक्स्यो । यसले गर्दा त्यसवेला कला-गतिविधि, कला-समीक्षा र कला-समालोचनाका क्षेत्रमा समेत राम्रो प्रगति भएको थियो ।

२०२२ साल पुस महिनादेखि श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा प्रत्येक वर्ष राष्ट्रिय कला-प्रदर्शनीको परम्परा थियो । यस किसिमको थालनी २०४६ सालदेखि २०५१ सालसम्म बन्द भई पुनः २०५२ सालमा थालनी भयो । त्यसो त २०२९ र २०३२ सालमा पनि सो परम्परा हुन सकेको थिएन । यसले कलाकारको प्रतिभालाई सार्वजनिक गर्ने र प्रतिभाको सही मूल्याङ्कन एवं खोजी गर्ने कार्यको थालनी गरेको थियो । उक्त वर्षहरूमा सो परम्परा बन्द हुँदा कतिपय युवा पुस्ताको प्रतिभा कुण्ठित हुन पुगेको पनि सम्झना हुन्छ ।

यसै गरी नेपाल ललितकला संस्थाको शाखाहरू प्रत्येक विकास क्षेत्रमा विस्तार गरिएको व्यवस्थाले कलाक्षेत्रमा संलग्न कलाकारहरूको उत्साहमा अभिवृद्धि भई सक्रियता बढुलिएको थियो । यसका अतिरिक्त २०२३ सालदेखि नै नेपाली कलाक्षेत्रको सर्वोच्च पदक 'वीरेन्द्र कला स्वर्णपदक' द्वारा एकजना वरिष्ठ कलाकर्मीलाई सम्मानित गरिन थालियो । सो पुरस्कारवाट कलाकार द्वय लैनसिंह बाड्देल र बालकृष्ण सम पुरस्कृत भएका थिए ।

यसै गरी २०२६ सालदेखि कलाकारहरूको प्रोत्साहन र प्रेरणाका साथै दक्ष कलाकार जन्माउने अभिप्रायले मौसूफवाट सो संस्थाका अध्यक्षको नाताले परम्परागत चित्रकलाका शिल्पीहरू सिद्धिमुनि शाक्य, तेजवहादुर चित्रकार, जोगमोहन शाक्य, माणिकमान चित्रकार आदिलाई 'नाफा छात्रवृत्ति' बक्सेको थियो । यसवाहेक कला स्टुडियो, कला-सामग्रीको व्यवस्था लगायत 'वीरेन्द्र आर्ट ग्यालरी'को समेत स्थापना भयो ।

२०५३ साल पुस महिनामै आधुनिक नेपाली चित्र र मूर्तिकलाको उत्कृष्ट सङ्कलन एवं संरक्षणद्वारा नेपाली कलाकृतिहरूको एक सङ्ग्रहालय निर्माण गर्ने उद्देश्यले ललितकला संस्थाकै कक्षमा 'वीरेन्द्र कला भवन'को रूपमा 'वीरेन्द्र आर्ट ग्यालरी' खोलियो । २०५२ सालदेखि सो ग्यालरीलाई अरू व्यवस्थित पारिएको छ । चित्र र मूर्तिको १६० थान कृति सङ्ग्रहित सोही कक्षमा नेपाली कलाक्षेत्रका अग्रज र युवा पुस्ताहरूको व्यवस्थासमेत गरिएको सो ग्यालरीमा रहेका चित्रहरूको प्रथम प्रदर्शन २०४३ सालमा भएको थियो ।

यद्यपि हिजोको जस्तै आज कला, क्रियाकलापमा नियमित सक्रियता समन्वयात्मक छैन । कलाक्षेत्रकै गतिविधिमा शिथिलता आउन थालेकाले पनि कलाप्रतिको सहभागिता मात्रै होइन चासो र चर्चामा समेत संलग्नता टुटफुट हुनथालेको छ । यसक्रममा कला-समीक्षाको पक्ष टाढा रहनु वा सम्बन्ध विच्छेद नै हुनपुग्नुलाई कमजोर मानसिकताको परिचायक हो भन्न सकिदैन । वास्तवमा कलाकार र कला-समीक्षकको सम्बन्ध सधैं

आत्मीय रहनुपर्छ ।

हामीकहाँ संस्कार स्वयं अपाङ्ग छ । यसले गर्दा अन्यत्र झैं कला-समीक्षकबाट कलाकारहरूले आफूलाई सुधार्ने चेष्टा गर्ने आवश्यकताको बोध गर्ने गरेका छैनन् । समीक्षकबाट डराउने वा समीक्षकले वा अथवा कला-साहित्यप्रतिको उपेक्षाले वर्तमान अरू खण्डहरू हुन पुगेको छ । त्यसो हुँदा कलाकारलाई समीक्षकको आवश्यकता पनि छैन र सिर्जनालाई सुधार्ने मानसिकता पनि छैन । एकप्रकारले कलाको विगत जस्तै वर्तमान उस्तै र उसरी नै उपलब्धिमूलक रहन नसक्दा चित्र-चिनारी खाका चौपटको हुनपुगेको छ । यो यथार्थ हो ।

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।

बुद्धिमान तामाङ
(भू.पू. मन्त्री)
तथा
केन्द्रीय सदस्य -
राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

योगेन्द्र श्रेष्ठ
(वडा अध्यक्ष) तथा
का.म.पा. वडा नं. १ परिवार

शुभ-कामना

✍ **सुरेन्द्रजङ्ग वराल**

जनताका पिता राजा वीरेन्द्रका छायाँ मुनि
नेपालका ज्योति हाम्रा स्वर्णिम आभा तिमी ।
जन्म दिनको शुभ उत्सव शुभ साइतको
शुभ मङ्गल अर्पण गर्छु शुभ-कामनाको ।

नेपाल र नेपालीमा आलोक छर्की दिने
विकाशको पथमा आज आँखा खोलिदिने ।
चिरायुको कामना छ दीर्घायुको कामना छ
मौसुफका जन्म दिनमा मेरो कोटी वन्दना छ ।

उकाली र ओरालीमा हिंडी दुःख हर्ने
दीन दुःखी गरीबमा सधैं माया बाँड्ने ।
चौवन्नऔं शरदको पावन जन्म दिनमा
लाखौं लाख शुभ-कामना यस शुभक्षणमा ।

मौसुफका जीवनले लामो आयु पाइरहोस्
जनतामा उन्नतीको आलोक छाइरहोस् ।
चिरायुको कामना छ कोटी कोटी भावनाले
सुख, शान्ति दीर्घायुको शुभ-कामनाले ।

रत्न राज्य क्याम्पस
प्रदर्शनीमार्ग ।

एक टुक्रा

टिप कमल तारा बिहानी फिंजाऊ सारा नगर भरी भरी,
अश्रु छ नयन सारा कलधारा छलछल गरी गरी ।
वासना यिनको चुम्छन् भ्रमर भुनभुन गरीगरी,
रुँदै बित्ने भो तिम्रो जीवन यसै गरी गरी ।

-आत्माराम ढुङ्गना
ताथली, भक्तपुर ।

कविता

उत्ताउलिएका घामका झुल्का

✍ रामेश्वर राउत 'मातृदास'

आकास धुम्मिएको धेरै भयो
बल्ल चाल पाएँ,
तिम्रो मुहारमा बादल लागेछ र पो !

मनका तारहरू झङ्कृत पारेर
एक्कासी एकैपल्ट बादल वर्षने आशङ्काले
आफूलाई बलदेव ठान्ने पत्थरहरू,
आफैंदेखि थर्कमान छन् भित्रभित्रै क्या आश्चर्य !

खै, बैंश मात्तिएर हो कि !
पोशाक च्यात्तिएर हो !
भनौं भने उजुरी सुनिदिने कोही छैनन्
आजकल घामका झुल्काहरू उत्तालिएर
देखादेखि लाजै नमानी,
आफ्नै पिंढीमा लाज बिसाउन थालेका छन् तिनीहरू ।

म त पहाडको थुम्को,
हिउँ वर्षे पनि थाप्लोमा बोक्नुपर्छ
हुरीले बेकसुर ठ्यामठ्यामी गाला पड्काएर पनि
सहनुपर्छ,
उडौं भने आफ्ना त पखेटा पलाएनन्
गुडौं भने पाङ्ग्रो हावै नथाम्ने गरी प्वाल परेको छ,
सतोसत हृदयदेखि नचाहँदा-नचाहँदै,
खर्ल्याम-खुर्लुम आफ्नै निधारमा क्यास प्लेन झर्छ
तिनकै पीडामा आँसु झार्न,
फेरि त्यो भावीले
यो खप्परमा लेखिदिएछ कि क्या हो !

कविता

बुझ, ब्युँझ !

✍ केदारप्रसाद सुवेदी

ए आत्माहरू हो ! अझै नाम था' छैन ?
बुझ-ब्यूँझ; आत्मा सबैको एक होइन ?

ए धर्मात्माहरू हो ! अझै धर्म था' छैन ?
बुझ-ब्यूँझ; बली मारकाट के ठीक हो ?

ए स्वघोषित बुद्धिमानीहरू हो ! प्रकृतिसँग सिकेनौ ?
बुझं-ब्यूँझ; र दाँज पृथ्वी फाट्यो कि मान्छे ?

ढुङ्गाहरू हो ! देउता बन्न खोज्दै छौ ?
बुझ-ब्यूँझ; कतै कंक्रीट बन्ने त होइनौ ?

ए पाखण्डीहरू हो ! अझै ढुङ्गेयुगमा किन ?
बुझ-ब्यूँझ; आफ्नो उमेर अब कति बाँकी छ ?

ए कुम्भकर्णहरू हो ! अझै निद्रामा किन ?
बुझ-ब्यूँझ; एकदिन सधैंको लागि त सुत्दैनौ ?

ए दुष्टहरू हो ! अझै दुष्ट्याइँ किन ?
बुझ-ब्यूँझ; जस्तो जन्म्यौ त्यस्तै जाने होइन ?

ए मानवहरू हो ! कर्म दानवझैं किन ?
बुझ-ब्यूँझ; जीवन-चक्र घुम्दैछ था' छैन ?

ए धूर्तहरू हो ! अझै धुर्त्याइँ किन ?
बुझ-ब्यूँझ; कालले कुत्कुत्याएको था' छैन ?

ए मान्छेहरू हो ! सत्कर्म के हो था' छैन ?
बुझ-ब्यूँझ; इहलोकबाटै परलोक सुधार्ने होइन ?

- राम्चे, धादिङ ।

कथा

चन्दा

✍ नवराज पुडासैनी "ज्योत्स्ना"

उनको सौन्दर्यताको अगाडि यो नाम अझै फिक्का लाग्यो । पूर्णिमाको रातमा साह्रै प्रसन्न चित्तले आकाशमा निहार्दा पनि यति मनमोहकता, यति विधि चञ्चलता अनुभवगर्न सकेको छैन मैले चन्द्रमामा । उनको नाममा अझै कञ्जुस्याई गरिएको जस्तो लाग्यो । के हुनु पर्दथ्यो मलाई पनि थाहा छैन । तर उनको नामले उनको सम्पूर्ण सौन्दर्यताको प्रतिनिधित्व गर्न नसकेकै हो । छाडा छाडेको रेशमी केशरासीको चेपबाट चिहाइरहेको गोरो मिलेको अनुहार, त्यसका बीचमा मृगका जस्ता एक जोडी नेत्र हिरा चम्चमाइरहेका, गम्भीर मुद्रमा केही पिइरहेको । हुन सक्छ, कुनै हार्डड्रिंक्सनै होस् अथवा कुनै नरम पेय पदार्थ -मेरो मित्रले के सोचेको थियो मलाई थाहा छैन । तर मेरो अन्दाजमा उनी कुनै सम्पन्न परिवारकी सुशिक्षित मनमौजी केटी हुनुपर्दछ । 'तपाईहरू यस टेवुलमा बस्नोस्' उनी सँगैको अर्को टेवुलमा सरिदिइन् । वास्तवमा हामी त्यस कुनेटोको टेवुल चाहिरहेका थियौं । उनले हाम्रो मनोदशा बुझेर गरेको भद्र व्यवहारले म अझै उत्सुक भएँ तर कृतज्ञता जाहेरगर्ने शब्द पाइरहेको थिइन । मित्रको फर्माइस अस्वीकार गर्न नसकेर म त्यहाँ गएको थिएँ । त्यसैले मिनु हेरेर परिकार र पेयको छनौट मैले गर्नुपर्ने थियो । जसका लागि म विल्कुलै अभ्यस्त मान्छे होइन । मेरो मनोदशा बुझेर होला 'के मगाई दिउँ तपाईहरूलाई' हामीप्रति सीधा सरोकार नदेखाएरै सोधिन ऊन्ले । हामी मुखामुख गर्यौं । नवोलेरै प्रश्न साटासाट गर्यौं -म र विनोदले ।

"तपाईं ..... " विनोदले वाक्य पूरा नगर्दै मैले थपें "साउनी..... ?" -"वोनलेस चिकेन हुन्छ ?" हाम्रो वाक्य पुरा गर्न दिइनन् उनीले । वोलिमा यति माधुर्यता यति सुरिलोपना छ कि कुनै नामुद गायिका हुनुपर्छ यिनी ।

हामी सोझा केटा देखेर ठट्टा गर्दैछिन् शायद ! यसरी यहाँ साँझमा आएर हामीजस्ता केटाहरूलाई उल्याउने आदत रैछ क्यार यिनको ! यस्तै सोचिरहन्थें म । मैले सानमिगेल वियरको प्रस्ताव राखें । विनोदले ठीक छ मत व्यागपाइपर पिउँछु भनेपछि मैले पनि सोही सकारें । खर्च बढि गराइदिनु पनि त भएन नि मित्रको । यसैबीच क्वाटर व्यागपाइपर आइपुग्यो -हाम्रो टेवुलमा । वल्ल हामी निष्कर्षमा पुग्यौं । यिनी यस रेष्टुराँको मालिकनी हुनुपर्छ ।

चारवटा पोलेको पापड आइपुग्यो प्लेटमा । हामीले पापड बढी भएको सिकायत गर्यौं । उनले त्यसलाई फर्काउने चासो नदेखाएरै वसिन् पूर्ववत् आसन लिएर छेवैको टेवुलमा । एउटा पापड सघाउने विनोदको प्रस्तावलाई अन्कनाउँदै अन्कनाउँदै स्वीकारिन् उनले । यसवाट विनोदको आत्मबल अलि बढेछ क्यार ! एक पेग लिने प्रस्ताव राख्यो तर मानिनन् । कोकाकोला फ्यान्टाको प्रस्ताव पनि स्वीकारिनन् ऊनले । 'चुरोट खान्छु वरु' मुण्टो निहुराएर भनिन् । म छानाबाट खसेजस्तो भएँ । विनोदले पनि आँखिभौं उचाल्यो । हाम्रो आदेशमा चार खिल्ली सूर्य चुरोट ल्याइन् तिनले । सलाई कोरेर हाम्रो चुरोट सल्काउन सघाइन् र आफ्नो पनि सल्काइन् । मैले सोचेको थिएँ -अव उनले त्यस चुरोटलाई दुई औंलाको चेपमा राखेर सानसँग उडाउँछिन् हामीलाई चेलेञ्ज गर्दै । तर त्यसो गरिनन् तिनले । बूढी औंलाको कापमा राखेर मुट्ठी भित्र पारेर अलिक लुकाउन खोज्दै पिउन थालिन् चुरोट । अन्य परिचारिकाहरू तर्फ इसारा गर्दै भनिन् -'छोटा छन् यिनीहरू देख्यो भने भनिदिन्छन् साहुलाई ।' उनको चुरोटको सर्को तनाइले अलि तनावपूर्ण मानसिकतामा छन् जस्तो देखिन्थ्यो । लवाइमा कुनै उत्ताउलोपना पनि थिएन । पाकिस्तानी कुर्ता-सलवारमा सजिएको थियो त्यो सुन्दरता । बेञ्चमा बसेर एउटा खुट्टा हल्लाइरहेकी थिइन् । उनको सम्पूर्ण शरीरको लचकता प्रदर्शन भइरहेको थियो ।

अव हाम्रो अन्दाज फेरियो -'त्यसो भए यहाँ काम गर्नु हुन्छ तपाईं ?' यसको सीधा उत्तर आएन । उनी भन्दै गइन् -'मेरो नाम चन्दा, अठार वर्षकी भएँ ।' वास्तवमा उनको उमेर चाहिं सही थियो । पाकिस्तानी कुर्ता-सलवार भित्र अटाइ-नअटाइ लुकेको थियो उनको जवानी । व्यागपाइपरले हल्का रुपमा आफ्नो करामत देखाइसकेको थियो 'आँखामा तिमी यस्तरी आयौ कि केही देख्नै सकिन, भावमा तिमी यस्तरी आयौ कि केही लेख्नै सकिन ।' मेरो यो गजल नसकिदै उनले थपिन् -'गुलावलाई देखेर भाइ हातले नछुनू, मनले चाह्यो मोहनि लाग्यो, निर्दयी नहुनू ।'

मसिनो स्वरमा उनी अझै गुनगुनाइरहिन् । 'म भनेको फक्रेको फूल हैन दाइ ? पारखिले त कोठामा सजाएर राख्छन् । तर, त्यस्तैको हातमा पऱ्यो भने त गल्लिमा फ्याँकि दिन्छन् चुडेर । मलाई देखेर कतिले आफ्नो घर परिवार विगारेका छन्

हैन दाइ ?' उनी हाम्रो ध्यानाकर्षण गर्न सम्बोधन पनि गर्दै थिइन् -बीच बीचमा । यस्ता उच्चकोटीका परिपक्व अभिव्यक्ति दिंदै थिइन् तिनी । हाम्रो जिज्ञासा अझै तिव्र हुँदै थियो -उनीप्रति । उनका हरेक कुरालाई चासो दिइरहेको थिएँ म । किनभने, यस्ता कयौं रहस्यमय चन्दाहरूका विषयमा जान्न चाहन्थें म । मेरो एक प्रश्नको उत्तरमा उनी भन्दै गइन् -'सात महिनाकी थिएँ आमा मर्दा । दश महिनामा बाबुले अर्को विवाह गर्नुभयो ।' उनको स्वरमा आर्द्रता छायो, उनी रोकिइन् । मैले दुःख व्यक्त गरें र भनें -'अनि ?' 'बढो दुःख गरेर आठ कक्षा पास गरें । हाम्रो घर अहिले सीतापाइला । तर म यहीं चुच्चेपाटीमा बस्छु ।'

'एक्लै ?' विनोदले उत्साहित हुँदै सोध्यो ।

'हैन ! यस रेष्टुराँमा काम गर्ने अरु बहिनीहरूका साथ । पाँच जना केटीहरू छन् यहाँ, तर मोरीहरू ग्राहकसंग व्यवहार गर्नै जान्दैनन् । डर लाग्छ मलाई असाध्य । मारेर फाली दिने हुन् कि कुनै दिन भनेर ।' साँच्चै भयभित थियो उनको अनुहार । 'कस्ता कस्ता डरलाग्दा मान्छे आउँछन् यहाँ । म त कुरै गर्दिन उनीहरूसँग । तपाईंहरूसंग मात्रै, असल मान्छें ठानेर ।'

यस्तैमा बोनलेस चिकेनफ्राइ तयार भएर आयो । विनोदले उनलाई पनि एक टुक्रा खान अनुरोध गऱ्यो । यसको बदलामा उनले फेरी चुरोट सल्काइन् हाम्रो टेबुलबाट लिएर अनि टेबुलमा मुन्टो घोप्टो पारेर राखिन् ।

'किन सञ्चो छैन ?'

'हो ज्वर आइरहेछ, चक्कर लागिरहेछ ।'

'अनि छुट्टि बस्नुपर्छ नि त यस्तोमा ।'

'छुट्टि बस्यो भने निकालिदिन्छ साहुले ।'

'एकपल्ट मलाई विधातासँग रीस पनि उठ्यो । किन दिएको यति विधि सुन्दरता उनमा अथवा किन नदिएको उनको सुन्दरताको सदुपयोग हुने परिवेश ?'

काउण्टरबाट घण्टी लाग्यो । अनि हातको चुरोट हाम्रो टेबुलमा मिल्काएर गइन् । उनको अनुपस्थितिमा विनोदले भन्यो - 'होइन, कस्ती आइमाइ हो यो ?' मैले पनि यसको सहि जवाफ दिन सकिन । लगत्तै आइपुगिन् उनी आफ्नो पूर्वस्थानमा । 'विवाह गर्ने विचार छैन ?' चुस्कि लिंदै विनोदले प्रश्न गऱ्यो । 'हेर्नुस् दाइ, हाम्रो समाजमा राम्री केटी देखेपछि जसले पनि विवाह गर्न अघि सर्छ तर पछि त्यसै छाडिदिन्छ रस चुसेर । त्यसैले आफ्नो खुटामा उभिन नसकुञ्जेल विहा गर्दिन ।'

'यस्तो रेष्टुराँमा काम गरेर कहिले आफ्नो खुट्टामा उभिनु हुन्छ तपाईं ? कति दिन्छ ?'

'एकहजार दिन्छ, खाएर ।'

कुन नियतले भन्यो विनोदले मलाई थाहा छैन - 'चारहजारको नोकरी भोलि मिलाइदिन्छु, छोड्ने हो यहाँ ?' यसको पनि सीधा उत्तर नदिएर भन्दै गइन् उनी -'सिलाई सिकेकी छु, छ महिना काम गरेर आफै टेलर खोल्ने विचारले यो दुःख गरिरहेकी छु । त्यसो त तपाई जस्तै ग्राहकले पैसा टिप्स दिन्छन् मलाई । तर कसले कुन विचारले दिन्छ कुन विचारले, होइन दाई ? लिइहाल्नु त भएन नि ! सबै तपाईहरू जस्तै असल त हुँदैनन् नि !' हाम्रो प्लेट खालि भएछ । -'त्यसो त मैले यो प्लेट उठाउनुपर्ने होइन तर सबै केटीहरू एउटा-एउटा केटा लिएर गजलमा गइसकेछन् ।' कुरैकुरामा उनले अर्को नयाँ रहस्यको उद्घाटन गरिन् । 'यस्तै छन् यिनीहरू, रीस उठ्छ मलाइ त । अरु स्न्याक्स के ल्याउँ ?' भन्दै हाम्रो प्लेट उठाइन् तिनले, निकै झिझिंदै थिइन् तिनी -प्लेट उठाउन परेकोमा । नियमित पियक्कड नभएकाले हामीलाई मात्रा पुगिसकेको थियो -एक क्वाटरले । अब हामी उठ्दा पनि हुने थियो तर विनोदले चुरोट मगायो फेरी । हाम्रो चुरोटमा सलाई कोरेर लगाइ दिंदै कानेखुसीको भावमा अनुरोध गरिन् 'तपाईहरू अहिल्यै न गैदिनुस् न प्लिज ! उता मोर हरू कस्तो हल्ला गरिरहेछन्, गुण्डाहरू ! कस्तो डर लागिरहेछ ।' धारे हात लगाउँदै थिइन् अरुले नदेख्ने गरी ।

भर्खर ख्याल भयो मलाई, अन्य टेबुलमा पनि ग्राहकहरू थिए र स्वभाविक हल्ला गरिरहेका थिए ।

बिल आइपुग्यो । अस्वभाविक किसिमले बढ्ता थियो बिल । तथापि उनको सौन्दर्यपूर्ण रहस्यमय आत्मीय सामीप्यताको अगाडि खास थिएन । विनोदले बिल तिऱ्यो । उनले फिर्ता ल्याएको पैसाबाट पचास रूपैंया उनको हातैमा राखिदियो उसले । उनीले लिन इन्कार गर्दागर्दै पनि विनोदको विशेष आग्रहमा स्वीकार गरिन् । रातीको दश बजिसकेको थियो । हामी हिड्ने तर्खरमा थियौं । आत्मीयतापूर्वक उनले उठेर मुण्टो निहुराउँदै भनिन् -'अब कहिले भेट हुन्छ तपाईंहरू सँग ?' चाँडै नै आउने वाचा गऱ्यौं हामीले । उनले 'गुड नाइट' भनिन् । सो स्वीकरेर हामी निस्क्यौं ।

छ महीना, वर्ष दिनको फरकमा पहिले पनि पिउने गरेकै हो मैले तर आज अर्कै अनुभव भइरहेको छ । घर पुग्ने एक घण्टाको बाटो भरि मेरो मुख एक्लै हाँसीरहेको छ, मन एक्लै नाचिरहेको छ । म झल्याँस्स भएँ, जब श्रीमतिले खाना पस्कंदै भनिन् -'होइन कतै गाँजा-भाङ्ग खाएको हो कि क्या हो, हाँसिरहेको देख्छु ?' मेरो मुख अझै मुस्कुराई रहेको छ, मनमा एउटा प्रश्न आलैछ -होइन, कस्ती केटी हो यो चन्दा !

-गोठाटार, काठमाण्डौ ।

मौनता भित्रको स्वर्णिम क्षितिज

✍ काशीराम 'विरस'

मौनताभित्र खै के हुन्छ !
त्यो मन नै जानोस्,
तर, त्यो मौनताभित्र
कैयौं नफुलेका फूलहरू
फुल्न आतुर छन् ।
त्यो बन्द परिबन्द भित्र
हरेक उन्मुक्तिका स्वरहरू
पातला छिद्रबाट हुईँकिएर
खुल्ला आकाशमा गुञ्जिन तत्पर छन् ।
यसर्थ,
प्रत्येक बन्द मौनताभित्र
एउटा स्वर्णिम मौनताभित्र
जुन प्राप्तिको लागि
ऊ आफ्नै मनसित
विद्रोह गर्न थाल्छ ।
ऊ स्वर्णिम क्षितिजलाई
मनको बहबाट
हटाउन मान्दैन,
चाहे ऊ आफ्नै सहचरहरूले
एक्लै किन नछाडुन् ।
ऊ आफ्नै गतिमा
कछुवाशीर बिस्तार-बिस्तारै
मौनताभित्र गर्भिएको
स्वर्णिम अङ्कुरणलाई
अझ बढी हुर्काउन चाहन्छ ।
त्यही सुन्दर सपना साँचेर
निरन्तर अगाडि बढिरहेछ ।
यसर्थ,
निश्चित समयको अन्तरालमा
मौनताभित्र हुर्किएको अङ्कुरणलाई
ऊ जन्माउन चाहन्छ ।
धर्तीभरिको खडेरीलाई सिँचेर
हरियाली भर्न चाहन्छ ।

गीत

✍ रमेशजङ्ग सिजापति

रुदैनन् सम्झेर मलाई घात धेरै छ ममा
भन्दैनन् हाँसेर मलाई प्रीत धेरै छ ममा ।

रुझिदिन्छु धीत मारी आँसुको वर्षाभरि
बनिदिन्छु शीतसरि मनको केसाभरि ।

हिँडिरहन्छु गन्तव्यमा पैतालामा ठेला के
हाँसी रहन्छु कर्तव्यमा हृदयमा भाला के ।

रुने बानी भुलिसकें एकान्तमा हाँस्दा
मैले सबै बुझिसकें गन्तव्यमा हिंड्दा ।

फकदैन सम्झेर मलाई मात छ धेरै चोटको
भन्दैनन् बिर्सेर मलाई साथ छ धेरै ओठको ।

-भक्तपुर ।

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
हार्दिक मंगलमय शुभकामना चढाउँछौं ।

सुरेन्द्रवादे श्रेष्ठ
(प्रमुख) तथा
बनेपा नगरपालिका परिवार

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
हार्दिक मंगलमय शुभकामना चढाउँछौं ।

बेलप्रसाद श्रेष्ठ
(प्रमुख) तथा
धुलिखेल नगरपालिका परिवार

समालोचना

कवि विद्यारण्यकेशरीको लघुपरिचय

प्रभात सापकोटा

सुगौली-सन्धिको च्यापोमा परेर नेपाली कविताको धीरधाराले मधुरिनु परेपछि कविहरूबाट भक्तिमार्गको अनुशरण भएको देखिन्छ । प्राथमिक कालको उत्तरार्धमा भक्तिभाव अन्तर्गत सृजित नेपाली कविता सगुण तथा निर्गुण दुई धारामा बेग्लिएको र सगुण अन्तर्गत राम, कृष्ण, देवी आदि गरी विभिन्न शाखामा हाँगिएको पाइन्छ । यसमा कृष्णभक्ति अन्तर्गत समाहित हुने तत्कालीन कविहरूमा इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, धीरशाली पन्त आदि रहेका देखिन्छन् । यहाँ यी विभिन्न कविहरूमध्ये विद्यारण्यकेशरीको सन्दर्भलाई दुई-चार वाक्यमा उन्काउने धृष्टता गरिएको छ ।

कवि विद्यारण्यकेशरी नुवाकोट जिल्लाको सुनखानीमा १८६३ सालमा जन्मिएका थिए भन्ने कुरामा स्रोत-अन्वेषकहरूको मत एउटै देखिन्छ । यिनको मृत्युको सम्बन्धमा भने एकपता पाइँदैन । पुराना कवि र कविता (छैठौं सं.), नेपालीका केही आधुनिक साहित्यकार (दोस्रो सं.) र २०३४ सालमा प्रकाशित नेपाली साहित्यको संक्षिप्त इतिहासमा यिनको मृत्यु समय १९०२ दिइएको छ । यता नेपाली साहित्यको इतिहास (तेस्रो सं.) र साझा समालोचना (तेस्रो सं.) को बालचन्द्र शर्माद्वारा लिखित 'इन्दिरस, विद्यारण्यकेशरी र बसन्त शर्मा' मा १९१२ लाई कवि विद्यारण्यको मृत्यु समय मानिएको छ । यसरी कवि विद्यारण्यकेशरीको जन्म स्थान र जन्ममिति सम्बन्धी मत वाझिएको नदेखिए पनि यिनको जीवनलीला समाप्ति मितिमा दश वर्षको अन्तर आएको देखिन्छ । इतिहास शिरोमणि बाबुराम आचार्य र विद्वान् समालोचक बालचन्द्र शर्माले विद्यारण्यकेशरीको परिचय दिंदा 'उनका वंशज पं. पद्मनाथकेशरी अर्यालका कथनानुसार' भनी प्रमाण दिएर पनि यिनको दिवङ्गत मिति १९०२ र १९१२ बेग्लाबेग्लै दिइएकोले यो अन्तर अझ स्पष्ट हुन महत पुगेको छ । अतः यस्ता सानातिना अन्योल र मतभिन्नतालाई मेटाउन निक्योल खोज्न पर्ने देखिन्छ ।

विद्यारण्यकेशरीका पिता दैवज्ञकेशरी हुन् । दैवज्ञकेशरी पनि 'अश्वशुभाशुभपरीक्षा' र 'गोरक्षयोग शास्त्र' का सर्जक भएको मानिन्छ । यी दुई कृतिको माध्यमबाट दैवज्ञकेशरी आफ्ना समयमा निकै बलिया पद्यकार मात्र नभएर खिरिला गद्यकारसमेत भएको पाइन्छ । यिनै विद्वान् एवं प्रतिष्ठित पिताका सन्तानका रूपमा जन्मिएका विद्यारण्यकेशरीलाई सुनखानीको माटोले स्वागत गर्न पाउनुमा पनि यिनका पिता दैवज्ञकेशरीलाई काठमाडौंले अस्वीकार गर्नुको कारण जोडिन आएको देखिन्छ । १८६३ सालमा दैवज्ञलाई काठमाडौंबाट निकालिएको थियो । त्यसपछि यिनी आफ्नै विर्ता सुनखानीमा गएर बसेको र त्यहीं कवि विद्यारण्यकेशरीको जन्म भएको अड्कल गरिएको छ ।

वृद्धावस्था भएपछि दैवज्ञकेशरी काशी गए । विद्यारण्यकेशरी पनि पितासँगै काशी गएको हुनाले अध्ययनको राम्रो मौका पाएको बुझिन्छ । पिताको देहावसानपछि विद्यारण्यकेशरी आफ्नै जन्मस्थल सुनाखानीमै आएर बसेको र १८९४ सालमा काठमाडौं छिर्ने अनुमति मिलेको हुनाले त्यसपछि जीवन पर्यन्त काठमाडौंमै रही अध्ययन अध्यापनमा संलग्न भएको पाइन्छ ।

आरम्भमा कवि विद्यारण्यकेशरीलाई मुलुकको सदरक्षेत्रमा प्रवेश निषेध गरिएको भए पनि काशी गएर पढ्ने सन्दर्भ मिलेको हुनाले यिनी विद्वान् बने । संस्कृत तथा हिन्दी भाषाको प्रभाव हृदयभित्र गाडिन पुग्यो । त्यसो हुँदाहुँदै पनि यिनले नेपाली भक्तिकालीन कवितालाई अझ उठाउन सक्दो योगदान दिएका छन् । त्यसैले यिनले जे-जति र जस्ता रचना दिएका छन् तिनको मूल्य कुनै न कुनै रूपमा स्तुत्य रहेको छ । हुन त विद्यारण्यकेशरीलाई 'द्रौपदी स्तुति' को 'हुँगि मैं जनम जनम की चेरी' जस्ता केही लहर उद्धृत गर्दै केहीले परिभाषाबाट बिटुलिएका कविको रूपमा चिनाउन खोजेका छन् । केही पङ्क्ति र शब्दका आधारमा मात्र विद्यारण्यको योगदानको आँकलन गर्नु तत्कालीन कविताको महत्त्व घटाउनु हो । साँचो कुरा त के हो भने, सुगौली सन्धिले छेडेको नेपाली हृदयको घाउमा शीतल हुनेगरी मलमपट्टी लगाउने स्तरीय रचना दिन काठमाडौंको समाजले यिनलाई छेके पनि समकालीन अन्य कविसरह नै आफूले सकेको आध्यात्मिक गङ्गा बगाएर पाकेको घाउ धुने काम त गरे नै । यसको साथसाथै नेपाली साहित्यको उन्नयनमा पनि राम्रो टेवा दिएको

पाइन्छ । चारभन्ज्याङको रेखा बनाएर पिताकै पालादेखि काठमाडौं प्रवेशमा रोक लगाउँदा लगाउँदै पनि दैवज्ञको मुक्ति-मृत्युको परिवेशले विद्वान् बन्ने सुविधा पाएका विद्यारण्यको प्रतिभालाई काठमाडौंले अन्त्यमा उपयोग गर्नु उचित ठान्यो । यदि यिनको जीवनको पुछार उपत्यकाको अध्यापन-प्रवचनबाट बेग्लै स्वतन्त्र अध्ययन-चिन्तनमा बित्न पाएको भए वर्तमानमा प्राप्त रचनाभन्दा संख्यात्मक हिसाबले त धेरै हुन्थे नै गुणात्मक दृष्टिले पनि माथिल्ला तहका सृजना पाइन सक्थे ।

काशीमा बसी ज्ञान आर्जन गर्दा संस्कृत र हिन्दीमा राम्रो दखल गरेका विद्यारण्यकेशरीका रचनाका सम्बन्धमा समालोचक-विद्वान्हरूले अलग-अलग मत दिएको पाइन्छ । समालोचक तारानाथ शर्माका अनुसार कवि विद्यारण्यका 'युगल गीत' र 'द्रौपदी स्तुति' दुई कृति मात्र देखा पर्छन् । त्यसमा पनि शर्माले यिनका रचनालाई 'हिन्दी, व्रज आदि बाट असाध्यै बिटुलिएका' र 'महाभारतबाट अनुवाद गरिएकाले मौलिक कृति' नभएको आरोप लगाएका छन् । दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्माद्वारा लिखित नेपाली साहित्यको संक्षिप्त इतिहासमा 'वेणुगीत' र 'वंशीचरित्र'को पनि उल्लेख गरिएको र वेणुगीत हिन्दीमा लेखिएको वंशीचरित्रकै अर्को नाम हुनसक्ने मत व्यक्त गरिएको छ । त्यसै वेणुगीत र वंशीचरित्रको छुट्टाछुट्टै अस्तित्व देखाउन खोज्दै मोहनराज शर्माले 'विद्यारण्यका सबै रचनाहरू रूपान्तरण भए पनि तिनमा विषयवस्तुको स्वतन्त्र प्रस्तुतिकरण' भएको ठहर गरेका छन् ।

इन्दिरसु, विद्यारण्यकेशरी, वसन्त शर्मा लगायतका कविहरूको सृजन-समय नै अनुवाद-रूपान्तरणमा आधारित भएको देखिन्छ । त्यसैले धेरैभन्दा धेरै उपयोगी हुनखोज्दा पनि तत्कालीन भक्तिपरक रचनाले अजेय नेपाली वीरतामा लागेको ठक्करबाट विकसित भएको निराशलाई निष्क्रिय-आशामा उठाउने कामसम्म गरेको अड्कल हुन्छ । त्यसभन्दा बढी नै थियो भने पनि स्तोत्र पाठमा सुविधाको चाहना अभिलक्षित हुन सक्छ । यत्ति हो, यस्ता चाहना र क्रियाकलापले मातृभाषामाथि प्रेम तथा सद्भावना भने प्रदर्शन हुन थालिहाल्छ । यस्तो परिवेशमा सिर्जिएका विद्यारण्यका रचनाले नेपाली भक्तिकालीन परम्परालाई सम्पुष्ट बनाउन सकेसम्म भरथेग गरेको देखिन्छ । विद्यारण्यलाई नेपालीका सर्जक र सृजनासँगको संसर्ग भएको भएं यिनका रचनाले अवश्य बेग्लै मोड दिन सक्थे । अझ तत्कालीन नेपाली कविताको पृष्ठभूमि एवं सृजन परम्पराको सम्बन्धमा सर्जकलाई लघु ज्ञान मात्र हुने परिवेश बन्न सकेको भए परिस्कारको नयाँ शरीर पाउन नेपाली कविताले माध्यमिक काललाई पर्खिनु पनि पर्दैनथ्यो । प्राथमिक कालको उत्तर-चरणमा भक्तिमार्गको अनुसरण गर्ने नेपाली कविहरूलाई यस्ता सुविधा थिएनन् । झन् विद्यारण्यकेशरीलाई त त्यस समयको शासन-व्यवस्थाले देशको सदर क्षेत्र उपत्यका प्रवेश पनि निषिद्ध गरेर लामो समयसम्म सामान्य सुविधाबाट बञ्चित गर्ने बहादुरी देखाएको थियो । त्यति हुँदा पनि कवि विद्यारण्यकेशरीले नेपाली भक्तिकालीन कविताको उन्नयनका लागि आफ्नो सृजन-प्रतिभालाई प्रदर्शन गर्न पछि परेनन् । यिनले आफ्ना रचनालाई संस्कृतबाट रूपान्तरित गर्दा नेपालीका कस्ता श्लोक बनाए भन्ने जान्न 'युगल गीत' का निम्न पङ्क्ति हेर्न सकिन्छ :

'सन्ध्याकाल जसै उदाइ दिनको सन्ताप् हरण गर्दछन्
उस्तै चन्द्र गजेन्द्रको गमि गरी यादव् कुलैका मणी
व्रज्का हानि सबै वियोगीजनको सन्ताप् शमन गर्नको
इच्छा भैकन देखिया नागिचमा पूर्णेन्दु जस्ता हरि ॥'

त्यस्तै 'द्रौपदी स्तुति' का निम्न लहरलाई पनि हेर्न सकिन्छः

'धर्म छैन कुरूका सभामहाँ
भीष्म द्रोण प्रभृति त छन् जहाँ
लाज गाल सब गै जहाँ कहाँ
येहि बात खुलि गै जहाँ जहाँ ।'

यी पङ्क्तिहरू हेर्दा विद्यारण्यकेशरी आफ्ना समयका स्वतन्त्र प्रतिभाका रूपमा उभिएका देखिन्छन् । 'युगलगीत' मा यिनले अन्त्यानुप्रासको नियमित प्रयोगतिर ध्यानै दिएका छैनन् । यता 'द्रौपदी स्तुति' लाई भने अन्त्यानुप्रासले राम्रोसँग सङ्गतिको देखिन्छ । त्यस्तै संस्कृत लय एवं विषयवस्तुको संयोजनमा पनि यिनले आफ्नो पहिचान दिएका छन् । छायानुवादभन्दा भावानुवादलाई बढी प्रश्रय दिनु पनि विद्यारण्यको विशेषता नै हो । यिनका रचनागत कमजोरी केही पनि छैनन् भन्न खोजेको होइन । शब्द मात्र होइन लहरका लहर हिन्दीका पङ्क्तिहरू देखिनु, संस्कृत र नेपालीकै पनि कतिपय शब्दलाई भाँच्ने र तन्काउने गरी छन्द मिलाउन खोजेको देखिनु विद्यारण्यका सृजनसीपमा पाइने शिथिलता हुन् । यस्तो हुँदाहुँदै पनि विद्यारण्यलाई लागेको उपत्यका प्रवेशको

प्रतिबन्धात्मक मार र सञ्चार समस्याले गाजिएको तत्कालीन परिवेशमा रचिएका सृजनालाई वर्तमानका आँखाले हेरेर खोटको ओइरो लगाउन खोज्नुभन्दा यिनका अद्वैस श्लोके 'युगलगीत', दस श्लोके 'द्रौपदी स्तुति' र अन्य रचनाहरूको पनि ऐतिहासिक मूल्य ठम्याउनु उपयुक्त हुन्छ । आजको विकासे जर्सी गाईले बाल्टिनका बाल्टिन दूध दिन थालेको छ भनेर त्यतिबेलाको ग्रामीण जुखुरी गाईले दिएको आधा दुगो दूधको मूल्य बिर्सन पनि त सकिन्न । साँच्चै भन्ने हो भने पौराणिक कथावस्तुलाई स्वतन्त्रतापूर्वक अनुवाद गरी मौलिकताको थालनी गर्ने विद्याण्यकेशरी आफ्ना युगका प्रतिनिधि कविका रूपमा दरिएका देखिन्छन् । त्यसैले आजका जाँगरिला कलापारखी खासगरी नुवाकोटे साहित्यानुरागी समीक्षकहरूबाट कवि विद्यारण्यकेशरीको सम्बन्धमा विस्तृति समेटिने किसिमले व्याख्या एवं विश्लेषण प्रकाशित गरिनु आवश्यक लाग्छ । र, अन्त्यमा ज-जसका सृजना पढेर यसलाई यस रूपमा प्रस्तुत गर्न हौसला मिल्यो, ती सर्जकप्रति नत हुनु पनि कर्तव्यभित्रैको विषय रहेको सम्झना गर्दछु ।

✧✧✧

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५४ औं शुभ-जन्मोत्सवको
शुभ अवसरमा मौसूफको
सु-स्वास्थ्य एवं दीर्घायुको लागि
हार्दिक मंगलमय शुभ-कामना
चढाउँछौं ।

नेपाल बङ्गलादेश बैंक

केन्द्रिय कार्यालय/मुख्य शाखा
पो.व.नं. ९०६२, विजुली बजार, नयाँ वानेश्वर
फोन: ४९०१९५, ४९०६९८, ५९०७६७, ४९०७७०
फ्याक्स: ०९७७-१-४९०८२४

कविता

बूढो हुनुको यथार्थ

राजेश्वर रेग्मी

कति सजिलै भनिदिन्छन् मान्छेहरू
कति सजिलै घोषणा गर्न सक्छन्
शीरमा ठ्याप्पै एउटा केश फुल्नु पनि पर्दैन
आँखा अलिकति मधुरो/अस्पष्ट हुन पनि पर्दैन,
उमेरमा जीवन दाँज्दै-
तानेका चुरोटका सर्काहरू
अलिकति वियोगमा लिएका रक्सीका चुस्कीहरू
मध्य -मध्यरातितर सम्झिरहनु पनि पर्दैन,
ढुक्कैसँग भनिदिन सक्छन्-
अब हामी चाउरी पर्दै गएका छौं !
अब हामी बूढो हुँदै गएका छौं !

विचारमा त चाउरी पर्दै गएका छन् मान्छेहरू
सोचाइमा त बिरामी नै देखिन्छन् मान्छेहरू
र पनि चाउरी पर्नुको यथार्थलाई
महसुस गर्ने हो भने .
बूढो हुनुको सत्यबाट टाढा नभाग्ने हो भने
उमेरको लहरेखोकी खोक्नै पर्छ भन्ने केही छैन
आँखामा चस्मा/हातमा लौरो
राख्नै पर्छ भन्ने केही छैन ।
बजारमा आवश्यकताका भाउहरू-
दाल/चामलहरूसँग
छोराछोरीका स्कूलका बीलहरू-
कपि/किताबहरूसँग
हातेमालो गर्दै हिंड्न थालेका छौ भने-
म त मान्छु,
तिमीले परिपक्वताको लाठी समाइसकेका छौ !
तिमीले बूढो हुनुको कपाल फुलाइसकेका छौ !!

- हिमालीपथ, बिराटनगर

गजल

✍ खड्गसेन ओली

विषालु फूल बोकेर मन्दिर धाउनेहरूको बिगबिगी छ अचेल
कालो कम्बल ओढेर भजन गाउनेहरूको बिगबिगी छ अचेल ।

विश्वास नछर्नू कतै, भत्केला र पहिरोभित्रै हराइएला
क्षत-विक्षत टुक्रेको शरीर चपाउनेहरूको बिगबिगी छ अचेल ।

मान्छे-मान्छेबीच फिका छ सम्बन्ध, बीचमा छ तिलस्मी दौलत
श्रीमती बेचेर मन बहलाउनेहरूको बिगबिगी छ अचेल ।

मानवताको सङ्कट परेको बेला मन त रून्छ, तर चुहाउनु हुन्न आँसु
अर्काको पीडा र छटपटीमा रमाउनेहरूको बिगबिगी छ अचेल ।

जतिसुकै कष्ट झेल्नुपरोस्, मनको कुनामा जोगाइराख्नु आस्था
मान्छेको ज्यूँदो दस्ताबाट नाम हटाउनेहरूको बिगबिगी छ अचेल ।

- गुल्मी

उर्दू

गजल

✍ कैलाशसिंह ठकुरी 'आँसु'

रूख़से चिलमन हटा दिजीए ।
बज़्म रौशन बना दिजीए ॥

लज्ज़ते ग़म बढा दिजीए ।
आप फिर मुस्कुरा दिजीए ॥

मेरी उल्फ़त अगर जुर्म है ।
मुझको वेशक़ सज़ा दिजीए ॥

इक समन्दरने मुझसे कहा ।
मुझको पानी पिला दिजीए ॥

शोलाए ग़मको मेरे ज़रा ।
आप 'आँसु' हवा दिजीए ॥

-चुच्चेपाटी, काठमाण्डौ ।

On the
Auspicious Occasion of
His Majesty King
54th Birthday
We Humbly Offer Our
Loyal Felicitations

NIRJA APPARELS
Baluwatar
Pho No. 414383
Kathmandu, Nepal.

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
मौसूफको सु-स्वास्थ्य, दीर्घायु, दीर्घ
सुशासनको लागि हार्दिक मंगलमय
शुभकामना चढाउँछौं ।

नेपाल आयल निगम
परिवार

कथा

परिचय

कमला सरुप

'मतिमीसँगको परिचयमा खुशी व्यक्त गर्छु' मैले भनें । मेरो कुरा सुनेर ऊ अलिक गम्भीर भयो र भन्यो -'म भोलिको सम्भावित कुरामा त्यति विश्वस्त हुन सक्दिन । किनभने हामी सबैलाई जीवन अस्थाइ रूपमा दिइएको छ । म ठान्छु वर्तमानमा हाम्रो सम्बन्ध जे छ त्यो नै महत्त्वपूर्ण छ -भोलि मित्रता रहला या नरहला । हामी कसरी अहिल्यै नै निर्क्यौल निकाल्न सक्छौ र ?'

हामी यतिखेर सँगै छौं । ऊ गम्भीर छ र म उसको गम्भीरतालाई पढिरहेकी छु । उसको कुरा सुनेर म अवाक भएको कारण यतिखेर सडक पनि सुनसान छ, सुनसान यस अर्थमा मैले ऊ बाहिक अर्को मान्छे सडकमा देखिरहेको छैन । अहा कति आनन्ददायक क्षण ऊ र उसको गम्भीरता अनि सिङ्गै सडकमा म र ऊ मात्रै ।

'तर मित्र जीवन केही बन्न र केही गर्नको लागि हो ।' मैले आदर्श पोखें । वातावरण झन सुनसान भयो । उसले मेरो कुरा कति बुझ्यो या कति बुझेन त्यो त मलाई थाहा छैन तर 'समयलाई पर्खनु पर्छ' भन्ने थोरै शब्द बोलेर ऊ चुप लाग्यो । 'म लक्ष्यहीन जीवन बाँच्न सक्दिन ।' मैले मेरो असन्तुष्टि फेरि पोखें । 'यति चाँडै र थोरै दिनको परिचयमा नै मैले यसरी मेरो कुराहरू ऊ सामु पोख्न हुन्थ्यो कि हुँदैनथ्यो त्यो पनि मलाई थाहा छैन तर जब मनले कुनै निश्चित कुराको निर्णय दिन सकिरहेको छैन भने मैले ऊ सामु असन्तुष्टि पोख्नुको अर्थ पनि नरहन सक्छ ।

'हाम्रो कहिल्यै भेट भएन भने के गर्ने ?' मैले हिड्दा हिड्दै प्रश्न गरें । उसले यो कुरालाई त्यति महत्त्व दिएन र सहजताका साथ बोल्यो - 'हामीले त्यो घट्नालाई पनि त्यति गम्भीरताका साथ लिनु हुँदैन । किनभने म आशावादी र जीवनलाई सधैं सकरात्मक ढङ्गले हेर्ने मान्छे हुँ ।' ऊ चुप लाग्यो तर म कहाँ भागें ? जतातते मान्छेहरू छन्, भीड छ, आवाज छ, मन पनि दुःखेको छ । कारण ऊ किन बिछोड हुने कुराले दुख्दैन । 'के तिमी विश्वास गर्छौ कि हाम्रो मित्रता यसरी नै सधैं बाँचिरहने छ ?' उसले प्रश्न गऱ्यो । उसले सोधेको प्रश्नको जवाफ मैले दिनुपर्छ, यही सोचेर भनें - जीवनलाई हरेक मान्यतावाट त्यतिबेलासम्म पृथक् मान्न सकिदैन जुनबेलासम्म शून्यतावाट जीवन परिभाषित हुँदैन । साँच्चै नै जीवन किन शून्यताबाट अस्तित्ववादी चिन्तनतर्फ उन्मुख हुन्छ । त्यसो भए जीवन निराकार हुनुपर्छ । म अधिकांश समय यही सोचिरहन्छु - आखिर मानिसको उद्देश्य के हो ? जीवन विसङ्गति नै विसङ्गतिको थुप्रो हो भने बाँच्नुको उद्देश्य के हो त ?"

मैले उसले सोधेको प्रश्नको जवाफ पनि दिन सकिन र हामी चिया खान होटलभित्र पस्यौं । उसले चिया मगायो र म भने उसलाई र उसका अवयवहरूलाई हेरिरहें । 'मित्र, डि.एच. लरेन्सले एकताका लेखेका थिए - मैले आफ्नो वर्तमान विर्सिएर तिमीलाई प्रेम गरें । यो अर्थमा कि मसँग सबै कुराहरू खाली थिए । एउटा खाली शून्यताबाट मैले तिमीलाई माया गर्दा हामीभित्र थुप्रै विद्रोह जन्म्यो । मैले त्यतिखेर के बिर्सिरहेको थिएँ भने प्रेम अस्थाइ हुन्छ, त्यसैले प्रेम गरेको मान्छे पनि अस्थाइ हुन्छ । जीवनले यही निर्विवाद तथ्यलाई नै औंल्याउँछ । नीलो समुद्र, चराहरू र निस्फिक्रि हाँसिरहेका थुप्रै युगल जोडीहरूको कल्पना गरेर हामी खुशी त हुनसक्छौं तर जीवन प्रेममा पनि एक्लो पर्छ । मैले बोल्न नसिद्धयाउँदै चिया आइपुग्यो र हामी चिस्तारै चिया खान थाल्यौं । उसले मेरो कुराहरू गम्भीरताका साथ नै सुनिरहेको थियो । मैले फेरि आफ्नो कुरा अगाडि बढाउँदै भने - हामी सुखद अनुभूति र आशा जीवन हो भन्ने भ्रममा धेरै समय खर्चिन्छौं तर जीवन रित्तो क्यानभास हो सधैं पूर्ण नभएको । वास्तवमा अन्त्यमा गएर क्यानभासलाई उज्यालो पार्ने भन्ने कुरा नै हाम्रो लागि जटिल प्रश्न हुनसक्छ । अर्थात् जीवनले कुन निर्विवाद तथ्यलाई औंल्याउँछ भने जुनसुकै कलात्मक सृजनशीलता एकान्तमा मात्रै सम्भव हुन्छ । फेरि पनि हाम्रो सृजनशीलता र जीवन निर्णय गर्न नसकिने अवस्थामा स्वीकार्दै जानुपर्छ । त्यसोभए फेरि पनि हामी एउटा घटना जस्तो भएर बाँच्दै जान्छौं । तर के हामी यसरी नै प्रत्येक क्षण विषयान्तर बाँचेका छैनौं र ?'

मेरो कुरा सुनिसकेपछि उसले प्रत्युत्तरमा बोल्यो -'अत्यधिक आनन्द र सुखले पनि पीडा दिन्छ । तिमी भावुक छयौ तर पीडाहरू भित्र र मान्छेहरूको भीडभित्र तिम्रो भावुकताको कदर हुन सक्दैन, न त तिमी तिम्रो मित्रताको खोजी नै गर्न

सक्छ्यौ ।' होटलमा मान्छेहरू फाट्टफुट्ट मात्रै देखिन्थे । सबै खानामा व्यस्त जसरी हामी पनि जीवन बाँच्न र बाँच्ने बहानामा बोल्न व्यस्त थियौं । मैले यतिखेर कल्पना गरें - यहाँ नीलो आकाश तल हामी छौं । शान्त र सुन्दर आकाश तल हाम्रो आनन्द र हाम्रो खुशी व्यक्त गर्ने शब्दहरू हराएका छन् । हामी हराएका छौं - अद्भूत खुशी र आनन्दमा । 'म किन बहकिएँ । उसले मसँग पृथक् सम्बन्ध मात्रै स्वीकारी रहेको हुन सक्छ । प्रेम एकतर्फी र थोरै दिनको परिचयमा नै सम्भव हुन सक्छ र ? चिया चिसो हुँदै थियो त्यसैले उसको ध्यान चिया हतार-हतार खानुमा थियो । चिया खाएपछि उसले भन्यो -'हामीले बाँच्नुपर्छ' उफ: ..... म चाहन्छु - ऊ धेरै बोलोस्, म चाहन्छु - ऊ यो होटलबाट बाहिर नजावोस्, म चाहन्छु - यो साँझ, साँझ नै भै रहोस् र म चाहन्छु रात नपरोस् तर किन ऊ बाहिरिन हतारिएको छ, ऊ किन सम्पूर्ण साँझ मसँग बिताउन चाहँदैन, या यसरी नै उसको भावुकता बाँड्न चाहँदैन ।

हो, मलाई पनि थाहा छ संसारको सुख हाम्रो ध्येय हुन सक्दैन, हाम्रो लक्ष्य हुन सक्दैन । हामी यसरी पनि बाँच्न चाहन्छौं । यसको अर्थ यसरी पनि लगाइन्छ कि हामी मरिरहेका छौं । एउटा कमी छ जो कहिल्यै पूरा हुन सक्दैन । प्रेमले अन्त्यमा पीडा मात्रै दिन्छ । जीवन बाँच्न सिक्नुपर्छ । हामीले बाँच्न सिक्नु भनेको हाम्रो प्रेम जति नै महत्त्वपूर्ण छ । जे भएता पनि म सोच्दछु - तिम्रो हृदयमा मेरोलागि सानो ठाउँ रहला कि नरहला । हाम्रो जीवनको आधार सृजनाबाट शुरु हुन्छ जहाँ - मृत्यु समान [illegible]लाई परिस्कृत गर्न सकिरहेका हुँदैनौं र हाम्रो स्वाभाविकताको विजयको लागि वर्तमान हाम्रो पक्षमा छ कि छैन त्यो पनि सोच्न सकिरहेका हुँदैनौं ।

'अब जाने हैन' उसको प्रश्नले म झस्किएँ उसले कति चाँडै चिया पनि खाइसकेछ । उसलाई जानुपर्छ अर्थात् मलाई पनि मेरो घर जानु छ । अब एकैछिन पछि ऊ उसको बाटो लाग्नेछ म आफ्नो । तर यो समय हामी साथ रहेको यो समय किन स्थिर हुँदैन ।

'फेरि कहिले भेट्ने ?' मेरो अचानक र उसले आशा नगरेको प्रश्नले ऊ झस्कियो क्यार ! उसले विस्तारै भन्यो -आशा गर्छु चाँडै भेट होला । उफ: के यो भेट हाम्रो अन्त्य भेट हो त ? फेरि भोलिदेखि ऊ मसँग नबोल्न पनि त सक्छ, या मेरो उपस्थिति उसको लागि त्यति महत्त्वको नहुन पनि त सक्छ । मैले विस्तारै भनें - जब तिमी खुशी हुन्छौ, तिमी यही सोच्छौ तिमीले सबै कुरा प्राप्त गऱ्यौ । तर जीवन रात जस्तै भ्रम हो । तनाव, दु:ख असफलता यिनै अवस्थाहरूबाट गुज्रिएर वास्तवमा हामी बाँचिरहेका छौं । मेरो कुरा नसकिदै हामी बाहिरियौं ।

सडकमा सँगै हिंड्दाको आनन्दलाई मैले ऊ सामु व्यक्त गर्न सकिरहेको थिइन । तर जीवनमा आनन्दसँग बाँच्न कति गाह्रो छ । तिमी प्रेम गर्न सक्छौ तर प्रेममा तिमीले आनन्द प्राप्त गर्न सक्दैनौ किनभने दोस्रो व्यक्तिको प्रेममा आश्रित हुन्छौ र त्यो व्यक्ति तिम्रो प्रेमलाई बुझ्न असमर्थ हुन सक्छ । म तिमीसंग बाँच्न पनि सक्दिन र तिमीसँग मर्न पनि सक्दिन । प्रेम यसरी नै परिभाषित हुन्छ ।

'के सोचिरहेको ?' म बहकिएँ छु, उसको अनुहार हेरें । हामी यति धेरै लामो बाटो आइसके छौं । अब अगाडिको बाटोबाट ऊ आफ्नो बाटो जानुपर्छ र मेरो जाने बाटो अर्कै छ । यो साँझ कति एक्लो छ - कारण हामीलाई सँगै बस्न अनुमति पनि दिएको छैन ।

'अब म जान्छु ।' उसले अनुमति माग्यो र म एकोहोरो उसलाई हेर्न थालें । जाडो पनि बढेको छ, मानिसहरूको भीड पनि बढेको छ । बाटोभरि ट्याम्पो र ट्याक्सीको हर्न सुनिन्छ । अर्थात् हामी सढकमा दुईजना मात्रै छैनौं र सडक शून्य छैन । हामीलाई मान्छेहरूले घेरेका छन् । मलाई उसको प्रश्नको जवाफ दिन पनि मन लागेन । 'ल त म गएँ म हतारमा छु' भनेर ऊ फटाफट आफ्नो बाटो लाग्यो । मैले जवाफ दिन नभ्याउँदै ऊ फटाफट आफू हतारमा रहेको बाहानामा कसी एकैचोटि मलाई बीच सडकमा छोडेर आफ्नो बाटो लाग्यो । म फगत:... अवाक... ऊ गैरहेको हेरिरहें । यतिखेर बीच सडकमा उभिएर म ऊ गएको र ऊ धेरै टाढा गएको हेरिरहेको छु । र, यतिखेर मेरो आँखाभरि आँसु भरिएको छ ।

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

५४ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा

मौसूफको सु-स्वास्थ्य, दीर्घायु, दीर्घ सुशासनको

लागि हार्दिक मंगलमय शुभ-कामना चढाउँछौं ।

सॉल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड समुह परिवार

कविता

नेतृत्व

✍ यादव भट्टराई

कथा भइदिनु पर्छ तिमी
आफ्नै शब्दहरूको,
कविता बनिदिनु पर्छ तिमी
आफ्नै भावनाहरूको ।
सगरमाथा जस्तै उँचो भइदिनु पर्छ तिमी
धर्ती र आकाश झैं विशाल बनिदिनु पर्छ तिमी
तिमीले,
नेतृत्व गरेको हुनुपर्छ
बादल र चट्टानहरूको
भूमि र नदीहरूको ।
तिमी बाँच्नुपर्छ बाँच, यहाँ
तर सधैं जिउँदो भएर बाँचेको हुनुपर्छ ।
तिमी मर्नुपर्छ एकपटक यहाँ,
तिम्रो लासले पनि-
जिउँदो समाजको नेतृत्व गरेको हुनुपर्छ ।

- सिद्धार्थनगर,

गजल

✍ एस.के. चौलागाई 'निर्दोष'

प्यार पाउने आशैआशमा केवल मैले धोका पाएँ ।
देशभक्त नेताबाट आश्वासनका पोका पाएँ ॥

आनायास चारैतिर घात-प्रतिघात पाएँ ।
पूर्णिमाको चन्द्रभित्र यो औंशीको रात पाएँ ॥

मायालुको मायाभित्र मुटु घोच्ने बात पाएँ ।
जीवन केवल बतासले उडाएको पात पाएँ ॥

यो धर्तीमा मानिसको मैले दुई जात पाएँ ।
पूर्णिमाको चन्द्रभित्र यो औंशीको रात पाएँ ॥

वसन्तको बहारमा पिरतीको गीत गाएँ ।
अन्तरात्मा साक्षी राखी धेरै चोटि प्रित लाएँ ॥

बदलामा सबैबाट घात-प्रतिघात पाएँ ।
पूर्णिमाको चन्द्रभित्र यो औंशीको रात पाएँ ॥

जोरपाटी -३, काठमाण्डौ ।

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभ-जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त
गर्दछौं
***
जडिबूटी उत्पादन तथा प्रशोधन कं. लि.
परिवार
कोटेश्वर, काठमाण्डौ ।

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभ-जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त
गर्दछौं
***
नगर विकास कोष
परिवार
नयाँ वानेश्वर, काठमाण्डौ ।

भुल्न नसकिने यात्रा : पूर्णागिरि

✍ ऋषिराम डाँगी

मानव शरीर केवल भोतिक तत्वहरूको स्थुल स्वरुप मात्र नभएर यो आध्यात्मिक चेतना र शक्तिको संकल्पद्वारा सिर्जित र संचालित प्राणी हो भन्ने कुरा प्राचीन हिन्दू, इशाई, मुश्लिम र बौद्ध सन्त महन्तहरूद्वारा स्वयं महशुस गरी लोकमा चरितार्थ गराउँदै आएको पाइन्छ। आधुनिक युगमा मानव जीवनको परिभाषालाई ज्यादा भौतिक पक्षसँग संवद्ध गरेर व्याख्या गरिएको भएतापनि यसवाट संसारका अधिक भन्दा अधिक मानिसहरूको दुःख हट्दै जानुको सट्टा झन् बढ्दै गइरहेको कटु सत्य आज हाम्रो सामु उपस्थित छ । यदि खानु, लाउनु, ऐसआराम गर्नु, इन्द्रिय सुखभोगमा लिप्त रहनुलाई नै पूर्ण सुख मान्ने हो भने पशु र मानिसको जीवन समान हुनेछ, जुन कदापी हुन सक्दैन। पृथ्वीका जीवनन्तुहरू मध्ये मानिस मात्र यस्तो प्राणी हो जसमा मष्तिस्क वा चेतनाको सवभन्दा वढी विकास भएको छ। यस्तो अनुपम उपहार पाएका हामी मानिसले यसको सदुपयोग गरेर अधिकाधिक ज्ञानी वन्न सक्छौ, जीवनको वास्तविक सुखानुभुती प्राप्त गर्न सक्छौं । तर आफ्नो नाभीमा रहेको कस्तुरीको ज्ञान नहुनाले जसरी मृग वन-वनमा कस्तुरीको खोजीमा भौंतारिन्छ, त्यसैगरि आज विश्वभरका दिग्भ्रभित मानिसहरू सुखको खोजिमा अनेक दुःख कष्टहरूको पासोमा फँस्दै गइरहेका छन् । यस्तो दुःखद परिस्थिति सृजना हुनुमा पश्चिमी मुलुकमा हुर्केको 'म खाउँ मै लाउँ .....' वादी संस्कृतिलाई अन्धानुसरण गरिनु र झलक्क हेर्दा दोषयुक्त र रुढीवादी जस्तो देखिने तर गुणैगुणले युक्त पूर्विय परम्परा र संस्कृतिलाई लत्याउनु नै हो भन्दा अतिशयोक्ति नहोला ।

उपर्युक्त चिन्तनहरू मैले पूर्णागिरितर्फ यात्राका पाइलाहरू सार्दासार्दै आफ्नो मनमा उब्जिएका भावनाहरू हुन्, कसैलाई उपदेश गरेको होइन । हाम्रो पूर्वीय संस्कृतिमा ज्ञान आर्जन वा मनोरन्जनका लागि देश देशान्तर घुम्ने आधुनिक सोचाई भन्दा अलि भिन्न ढंगमा आर्मिक उद्देश्यका लागि तीर्थ घुम्ने परम्परा रहि आएको छ। सोही परम्परालाई आत्मसात् गर्दै गतवर्ष मैले भारत स्थित पूर्णागिरि मन्दिरको यात्रा गरेको थिएँ ।

वि.सं. २०५४ साल फागुन महिनाको दोस्रो सातातिर माध्यमिक शिक्षा विकास परियोजनाको विद्यालय निरीक्षण कार्यक्रम अन्तर्गत एकजना साथी सहित परियोजनाको विद्यालय निरीक्षण कार्यक्रम अन्तर्गत कंचनपुर पुगिसकेपछि पूर्णागिरि माताको मन्दिरमा नपुगी फर्कन मनले मान्दैनथ्यो । त्यसैले विहान दिउँसो नभनी काममा जुटीरहँदा तोकिएको समयभन्दा एकदिन पहिल्यै परियोजनाको काम सकियो । तत्पश्चात् रात बसेको घरमा विहानै चारवजेतिर उठी नुहाई-धुवाई गरी साथी राजेन्द्र र म नेपाल-भारतको सिमाना गाऊँ भुजेलाको वाटो हुँदै तीर्थ-यात्रामा हिंड्यौं ।

विहानीपख महाकाली नदीवाट नेपालतिर आइरहेको नहरको दृश्यावलोकन गर्दै साथमा वहेको चिसो हावाको स्पर्शले यात्राको शुरुआतलाई रोमाञ्चित बनाइरहेको थियो । बाटोमा दूधका गोल्टिन वोकेर भारतीय वजारमा पुऱ्याउन जाने नेपाली दाजुहरू अघिपछि देखिंदै थिए । केही दिनमा हामी सीमा चौकी 'गड्डा चौकी' पुग्यौं जहाँ नेपाली रूपियाँलाई भारतीयमा साटेर भारतको भूमिमा पदार्पण गऱ्यौं । त्यहाँदेखि आधा किलोमिटर जति पश्चिममा सन् १९२८ मा अंग्रेजहरूले वनाएको महाकाली नदीमाथिको शारदा व्यारेज देखिंदै थियो । चन्द्रशम्शेरको पालामा अहिले जुन ठाउमा पुल वनेको छ त्यहाँसम्म नेपालको जमिन पर्दथ्यो तर अंग्रेजहरूले महाकालीको प्रभाव क्षेत्रभित्र पर्ने टापु दोधारा-चांदनी दिएर हालको गड्डाचौकी देखि पूर्व महाकाली नदीसम्मको करिव आधा किलोमिटर जमिन भारतमा गाभेका थिए । दोधारा-चांदनी क्षेत्र वर्षेनी महाकाली नदीको बाढीबाट पीडित रहँदै आएको छ ।

शारदा व्यारेजको पुलमाथिवाट महाकाली तर्दा मेरो मनले कल्पियो - नेपालले आफ्नै क्षमताद्वारा कर्णाली, राप्ती, नारायणी जस्ता ठूला नदीहरूमा यस्तै ठूला बांध बांधेर नहर निर्माण र विद्युत् उत्पादन गरी मुलुकमा आर्थिक क्रान्ति ल्याउने कहिले होला ? महाकाली पुलको पश्चिम किनारावाट भारततर्फ विशाल नहर वगिरहेको देखिन्थ्यो भने नदीको पूर्वी किनाराबाट नेपालतिर विशांश कम पानीको नहर वगिरहेको थियो । शारदा व्यारेज तरेपछि हामी रिक्सा लिएर भारतको वनवासा वजारतर्फ

लाग्यौं । यो बजार नेपालीहरूको लागि बसाइएको बजार जस्तै लाग्दथ्यो - जहाँ बिहानैदेखि नेपालीहरू छ्याप्छ्याप्ती भेटिन्थे ।

पूर्णागिरि देवीको मन्दिर नेपालको सुदूर पश्चिमी अञ्चलहरू र भारतको पिथौरागढ (गढवाल) देखि दिल्ली र पश्चिम यु.पी. क्षेत्रहरूमा खुबै प्रसिद्ध रहेछ । किनभने पूर्णागिरिको दर्शन गर्न आउने भक्तजनहरू खासगरी माथि उल्लेख गरिएका क्षेत्रबाटै बढी आउने गर्दा रहेछन् भन्नेकुरा यात्राको क्रममा थाहा पाइयो । यो मन्दिर महेन्द्रनगर बजारबाट १०-११ किलोमिटर उत्तर-~~पूर्वमा~~ पश्चिमतिर पर्ने टनकपुर बजारको उत्तरी चुरे पहाडको श्रृङ्खलामा बनेको छ ।

वनवासा बजारमा पुगेपछि त्यहाँ भेटिएका नेपाली रिक्सा चालकलाई सोधी हामी टनकपुरको लागि बस चढ्यौं । चौडा र सिनित्त परेको बाटोमा यात्रा गरिरहँदा र नजिकै फलामको लिगबाट रेल हुँइकिएको देख्दा भारत सरकारले यातायातको क्षेत्रमा गरेको विकास देखेर प्रभावित नभइ रहन सकिएन । वनवासा र टनकपुरको बीचमा 'टनकपुर पावर हाउस' रहेछ, जहाँ महाकाली नदीबाट ल्याइएको पानीबाट विद्युत उत्पादन गरी पानीलाई पुन: नदीमा पठाइएको छ ।

करीब ३५ मिनेटको बस यात्रापछि हामी टनकपुर बजार पुग्यौं । टनकपुरबाट मन्दिरसम्म जानको लागि दुइवटा विकल्प रहेछन् । एउटा छोटो बाटो भएर पैदल जाने र अर्को जीप चढेर घुमाउरो बाटो हुँदै मन्दिरको नजिकसम्म जाने । हामीले सोधो विकल्प रोज्यौं र पच्चीस-पच्चीस रूपियाँको भाडा निधो गरेर जीपमा चढ्यौं । हामी चढेको जीपमा आठजना यात्रु थिए । जीप चालकले बिहानको करीब एघारबजेतिर टनकपुरबाट उत्तरतर्फ लाग्ने बाटो हुँदै जीप गुडायो । आधा घण्टा जति समथर बाटो हिंडाएपछि पहाडको उकालो बाटो शुरु भयो ।

बाटोको बीच-बीचमा पैदल यात्रा गरिरहेका भक्तजनहरूको आउने र जाने ताँती देखिन्थ्यो । हामी चढेको जीपमा र बाहिर बाटाहरूमा पनि 'पूर्णागिरि माँ कि जय, सच्चे दरबारकी जय, जय माता दी, बोलो जय मात दी' जस्ता जय जयकारका स्वरहरू गुञ्जिरहेका थिए । यिनै स्वरहरूमा आफ्ना स्वर मिसाउँदै जीपको यात्रा गर्दा अघिसम्म बाटोको दायाँबायाँ भारतीय बजार, मानिस, पसलहरू खेतबारी र गाउँका घर-गोठ आदि नियाल्दै नेपाली जनजीवन र परिस्थितिसँग तुलना गर्दै बहकिरहेको मन अहिले अध्यात्म चिन्तनतिर एकोहोरिन थाल्यो । जब हामी कुनै देवदेवीका मन्दिरहरूमा पुग्छौं त्यतिखेर हामी जो जे सुकै अवस्थाको होऊँ, आँखा चिम्लेर हे भगवान्, मेरा दु:ख हरण गरिदेऊ, सुख देऊ, तिम्रो भक्ति गरेर जीवनमुक्त हुन पाऊँ, यस्तै यस्तै भावनाहरू त्यहाँ व्यक्त गर्दछौं । यसले के कुरा प्रष्ट गर्दछ भने समस्त मानव सुख चाहन्छ, शक्ति चाहन्छ र मुक्ति चाहन्छ तर वास्तविक सुख एवं शान्ति आँखा खोलेर देखिने वस्तुमा होइन चिम्लिएर खोज्नु पर्ने आध्यात्मिक वस्तु वा ईश्वरमा छ भन्ने ठान्दछ । यस्तै सुख र शान्तिको खोजिमा ऐतिहासिक तीर्थस्थल, मठ-मन्दिरहरूमा धाउँछ अनि आँशिक शान्ति प्राप्त गर्दछ । महिनौंको समय लाग्ने टाढाका गाउँ शहरहरूबाट अन्त:स्करणको स्वयं प्रेरणाले मान्छे विकट भन्दा विकट धार्मिक तीर्थाटन गर्न निस्कन्छ । यो मानवको अध्यात्म वस्तुप्रतिको चेतना हो ।

यसरी मनका तरंगहरूमा डुबुल्की मार्दै उकालो लाग्दा हामीले दुई घण्टाको यात्रा तय गरिसकेछौं । झुठा दरबार भनिने ठाउँसम्म पहाडको पाखैपाखा कच्ची बाटो बनेको रहेछ जुन बाटोमा साना-साना जीपहरू मात्र आवतजावत गर्दा रहेछन् । अहिले पनि बाटो विस्तार गर्ने, स-साना खोल्साहरूमा पक्की पुल बनाउँने कामहरू भारत सरकारले गरिरहेको देखिन्थ्यौं । हाम्रो नेपालका पहाडहरूमा कैयौं ऐतिहासिक महत्त्वका प्राचीन मठ- मन्दिर र तिर्थहरू छन् । तिनीहरूको अस्तित्वलाई लोप हुन नदिने काम सरकारको हो । त्यहाँ लाग्ने मेलालाई व्यवस्थित पार्ने, बाटो पुऱ्याउने, धर्मशालाहरू बनाउने, महत्त्व झल्किने पुस्तिकाहरू प्रकाशन गर्ने काम सरकारद्वारा गरिनु पर्दछ । यसबाट राष्ट्रको संस्कृति, धर्म र कलाको समेत संरक्षणमा मद्दत पुग्दछ भन्ने कुरामा विवाद नहोला ।

यसरी झुठा दरबारको मन्दिर पुगेर हामी बसबाट उत्रियौं । त्यहाँ दर्शन गरी केहीबेर मन्दिरका बाबाहरूसँग बसी पूर्णागिरि माताको कथा सुन्यौं । त्यसपछि ठाडो उकालो बाटो हुँदै देवीको मन्दिर रहेको पहाडको चुचुरोतिर हामी उक्लिन थाल्यौं । यद्यपि म पूर्णागिरिको मन्दिर दर्शन गर्न यस अघि वि.सं. २०३९ सालतिर आइसकेको थिएँ, त्यसैले मेरो यो दोस्रो यात्रा थियो । तथापी त्यस समयमा टनकपुरबाट आधाघण्टा उत्तरको ठाउँसम्म मात्र बस जान्थ्यो त्यसपछि आठ-दशघण्टाको लामो यात्रा गरेर झुठा दरबारसम्म पुगिन्थ्यो । त्यस समय र अहिलेमा भारत सरकारले तीर्थयात्रीका लागि धेरै सुविधाको विकास गरिसकेको

'विश्वामित्र' माथि विचरण गर्दा

इन्दिरा प्रसाई वर्तमान नेपाली साहित्य विधाकी चर्चित लेखिका हुन् भन्ने कुरा जो कोहीलाई पनि थाहा छ । उनैद्वारा लिखित तथा कान्तिपुर कोसेलीमा धारावाहिक प्रकाशित भएर हाल कृतिको रुपमा प्रकाशित भएको छ - विश्वामित्र । यसर्थ कान्तिपुरको माध्यमबाट अधिकांश व्यक्तिहरूले यस उपन्यासको आस्वाद लिई सकेको हुनु पर्छ । तर एक वा दुई-तीन बसाइमा पढी तुरेको आस्वाद त्यस खण्डित पढाइबाट अवश्य पाइँदैन होला - जुन अनुभव मलाई भयो ।

एउटा सफल उपन्यासले मानव जीवन र जगत्को पूर्णाश प्राप्ति वा अनुभूति प्रदान गर्दछ, अर्थात् यो लामो कथा हो - जुन कथाले जीवनयात्रालाई विविध पक्षबाट निरुपण गर्दछ र एक-अर्काको सुख दुःखमा सामीप्यता प्रदान गर्नुको आतिरिक्त मानव मूल्य र मान्यतामा सहयोग गर्न मद्दत पुऱ्याउँछ ।

अर्कोकुरा उपन्यास पढ्न थालेपछि पाठक जिज्ञाशा र उत्सुकताको प्रवाहमा डुबुल्की मार्दै, उपन्यासका पात्र र घटनासँग एकाकार हुँदै गतिमान हुन्छ र मनमा एउटा अमीट छाप छोडेर विसर्जन लिन्छ ।

यस उपन्यासको पहिलो विशेषता यो हो कि अब घटनाले अगाडि यस्तो मोड लिनुपर्छ भन्ने कल्पना गर्दागर्दै उपन्यासको घटना यथार्थमा परिणत हुनु ।

जम्मा चौध भागमा विभक्त यो उपन्यास पूर्णरुपेण यौनवादी उपन्यास हो भन्नुपर्छ, तर चरम अश्लिलताले भने यसमा स्थान पाएको छैन । घटना वर्णन गर्ने लेखकको आफ्नै शैली हुन्छ, अर्थात् कथाको एउटै विषयवस्तुको वर्णन गर्दा कसैले के मा त कसैले के मा बढी जोड दिने गर्छन् । यस उपन्यासमा एउटा दम्पतीको दैनन्दिनी घटनालाई विना पक्षपात आद्योपान्त वर्णन गरिएको छ, अर्थात् दिन भरिका क्रियाकलापहरू वर्णन गरिए जस्तै स्त्री-समागमका स्वाभाविक प्रकृयाहरू र शारीरिक यौन सुखभोगका यथार्थ चित्रणहरू पनि चरणगत रुपमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासले दिएको अर्को बेग्लै खालको विशेषता के हो भने - लेखिकाले 'प्रारम्भ हुनु अघि' मा संक्षिप्त कथाको पूर्वाश प्रस्तुत गरेकी छन् र 'समाप्त भएपछि' मा कथाकी सह-नायिका 'मेनका' लाई लक्ष्य गर्दै 'आफ्नै कथाहरूमा जेलिएको आफ्नो कथावाट आफै आफूसित मुक्त हुन सकिन्छ, सकिन्न ...!' 'मेनका माने म, म माने मेनका' भन्दै आफ्नो जीवनमा आएको मोडलाई वाध्यात्मक मोडको सङ्केतात्मक वयान दिन खोजेकी छन् - जुन लेखिकाको निजी मान्यता हो ।

घटनालाई अघि वढाउँदा लेखिकाले हरिशङ्करको व्यायाम प्रशिक्षणको कुरा उठाएर होस् या मनजंगको तरवारको चर्चा गरेर होस् - बडो कलात्मक पाराले कथालाई सविस्तार अगाडि बढाएकी छन् ।

एउटा अनौठो लाग्ने घटना के देखिन्छ भने - दुई स्वास्नीको लोग्ने, चार सन्तानको बाबु - जुन पचास वर्ष पुगिसकेको छ र जसकी छोरी वीस वर्षकी भै सकेकी छ, उसमा यतिसम्म प्रवल यौनोत्तेजना जागृत हुन्छ कि रात्रीभोग पश्चात् विश्राम लिएको विश्वामित्र विहान उठ्नासाथ मेनकाको पारदर्शी वस्त्रमाथि आँखा गाडेर पुनः सुखभोग गर्न तम्सन्छ । मदिराको नशा लागेको वेलामा त झन् ..... !

उपन्यासको मुख्यपात्र विश्वामित्रले तीसवर्ष सँगै बसेकी विवाहित स्वास्नी (सुमित्रा) र तीनवटा छोराछोरीलाई छाडेर आफ्नी छोरी बराबर उमेरकी मेनकालाई विहा गरेर अलग्गै बस्छ - पारपाचुके नगरे पनि 'अब सुमित्रासँग कुनै सम्बन्ध छैन' भनेर । तर छोरी ओजस्वीको मुखबाट सुमित्रा सिकिस्त विरामी भएको थाहा पाएपछि तीनवर्ष पछि भेट्न जान्छ । त्यो तरीका मेनकालाई सहन हुँदैन र प्रतिवाद गर्छे । विश्वामित्र मानवताको नाताले मात्र हेर्न गएको भनी सम्झाउँछ तर मेनका सम्झन तयार हुँदिन । ऊ विश्वामित्र दुईतिर विभाजन भएको देख्न सक्तिन - जेसुकै भएपनि विश्वामित्र मेरो एकलौटी हो भन्ने विश्वासिलो आधार तयार गर्न चाहन्छे । यस घटनाले मेनकाको विभाजित मन (हिमायती मन र पराइ मन) मा द्वन्द्व पैदा हुन्छ र त्यो द्वन्द्वबाट उसले मुक्ति पाउन सक्तिन । आखिर झ्यालढोका बन्द गरेर भान्साकोठा भरी ग्यास भरेर आगो लगाई आफूलाई भस्म पार्छे ।

यसरी दुईजोइ र एकपोइ बीच हुने यथार्थ घटनालाई उजागर गर्न यो उपन्यास सफल भएको छ। तर, एउटा भन्नै पर्ने कुरा - विरामी भएकी एउटी आफ्नै जहानलाई - मात्र दुई दिन भेट्न गएको, सहवास पनि नभएको र द्वन्द्वले चरम सीमा नाघि नसकेको परिस्थितिमा मेनकाले मारिहाल्नु पर्ने घटनाको सिर्जना अलि हतार हतारमा गरिएको जस्तो लाग्छ । जेहोस् समग्रमा उपन्यास अत्यन्त सरस, सरल र आकर्षक छ ।

उदय राजभण्डारीको श्रृङ्गारिक कला एवं आकर्षक आवरणले सजिएको यो उपन्यास देख्ने जो कोहीलाई पनि हेरुँहरुँ, पढुँ पढुँ लाग्नेछ ।

कृति : विश्वामित्र (उपन्यास)
लेखिका : इन्दिरा प्रसाई
प्रकाशक : पिल्ग्रिम्स बुक हाउस
प्रथम संस्करण : २०५५
मूल्य :
पृष्ठ संख्या : १३३

'स्वतन्त्रता'लाई समेट्दा

प्राय: नेपाली छापाहरूमा प्रचारित नभएर र साहित्यिक सभा, समारोहरूमा नदेखिएर आफ्नै स्वाध्ययन र लेखनमा लाग्दै आएका पुष्पनाथ शर्माका आफ्नै विशेषताहरू छन्। दार्जिलिङबाट निस्कने 'भारती' पत्रिकामा 'लोकगीत' निबन्ध छपाएर प्रथमत: २०१० सालदेखि निबन्ध लेखन शुरु गरेका लेखकको ढिलै भएपनि सातौं कृतिको रुपमा यो निबन्ध सङ्ग्रह प्रकाशित भएको छ ।

निबन्ध मूलत: कतै कसैको बन्धनमा नबाँधिएर मुक्त रुपमा तर संयम अपनाएर लेखिने विधा हो । यस विधाले सबै क्षेत्रलाई समेट्छ । अलिकति काव्य, अलिकति यात्रा, अलिकति कथा, अलिकति आत्मकथा र अलिकति सामाजिक संरचना एवं सांस्कृतिक विविधता सबैलाई समेट्छ। यस सङ्ग्रहमा पनि यी सबै विविधता मौजुद रहेका छन् त्यसैले यो सङ्ग्रह अत्यन्त सफल निबन्धको रुपमा प्रस्तुत भएको छ ।

जम्मा १५ वटा निबन्धहरू सङ्ग्रहित भएको यस सङ्ग्रहमा केही आत्मपरक निबन्धहरू छन्, केही वस्तुपरक। केही सामाजिक सांस्कृतिक र समस्यामूलक निबन्धहरू छन् । जसमध्ये दुईवटा निबन्धहरू लण्डनको सेरोफेरोमा समेटिएका छन् ।

निबन्धलेखन त्यति सजिलो छैन। सफल निबन्धकार हुन उसद्वारा लेखिने सम्बन्धित विषयवस्तुमा उसले गहन अध्ययन गरेको हुनु पर्छ । प्रस्तुत निबन्धहरू हेर्दा कतिपय निबन्धहरूमा लेखकले निकै सतहसम्म पुगेर विषयवस्तुको सूक्ष्म व्याख्या गरेका छन् । चाहे जीवनको वारेमा होस्, चाहे चाडपर्वको वारेमा होस्, चाहे सामाजिक संस्कार, सामाजिक विकृति र प्रवृत्तिका वारेमा होस् सरल भाषामा लेखिएका प्रस्तुत निबन्धहरू अत्यन्त मार्मिक छन् । सङ्ग्रहित निवन्धहरू पढेर हामी राष्ट्रिय स्वतन्त्रता, शान्ति र वर्तमान समाजका प्रवृत्तिहरू प्रति चिन्तित हुन पुग्छौं भने हाम्रा संस्कृतिहरूमा पनि एकछिन रुमलिन्छौं । यसैगरी कहिले नेपालका डाँडाकाँडा घुम्दै यौवनको उत्कर्षमा नव-यौवनासित लैवरीको तालमा नाच्न गाउन थाल्छौं भने कहिले गोअरकोष्टको सुन्दरतामा हराउँदै लण्डनकी वार्वरासँग क्वीन्सपार्कमा लट्टीन पुग्छौं । वीरेन्द्र खुजेलीद्वारा भूमिका लेखिएको यो निवन्धसङ्ग्रह अत्यन्त सरल, सरस र गहन छ भन्नमा धक मान्नु पर्दैन । त्यसैले यो पठनीय एवं सङ्ग्रहणीय छ भंन्न करै लाग्छ ।

कृति: स्वतन्त्रता (निबन्धसङ्ग्रह)
लेखक: पुष्पनाथ शर्मा
प्रकाशिका: नर्वदा शर्मा
प्रकाशन वर्ष: २०५५
मूल्य रू. ५०/-
पेज सख्या: ८८+४

-राप्रप

'सपना र खण्डहरहरू' नियाल्दा

नेपाली कथा साहित्यको क्षेत्रमा एउटा हस्ताक्षर हालै देखा परेका छन् - दीनवन्धु शर्मा । यदाकदा दायित्व पत्रिकामा पनि कथा पठाई सहयोग गर्ने शर्माका कथा सरल र रुचिकर लाग्ने भएको हुनाले पत्रिकाको निरन्तरता पाइरहोस् भन्ने दायित्व परिवारलाई लागिरहन्थ्यो । चार-पाँचवर्षको अन्तरालमा नै चर्चित हुनपुगेका कथाकार शर्माले अनेक पत्र-पत्रिकामा कथा छापेका मात्र होइनन् पुस्तकाकारका रुपमा प्रस्तुत भएका छन् । नेपाली कथा साहित्यलाई केही समयको अन्तरालमा धेरै कथा दिन सक्ने क्षमताका धनी शर्माका प्रत्येक कथामा ऊर्जा छ, सरलता छ, समसामयिक दृष्टिकोण छ, सामाजिकता छ, र उद्देश्य पूर्ति पनि छ ।

'सपना र खण्डहरहरू' कथा सङ्ग्रह हालसालै प्रकाशित भएको छ जसमा बीसवटा कथा समाविष्ट छन् । यसको शीर्षक समना र खण्डहरहरू पनि यसै सङ्ग्रह भित्रको एउटा कथा

हो - छोटो, मीठो कथा । यसमा पुराना सम्झना र नयाँ अनुभूति सामान्य विषयवस्तुमा पनि उत्कृष्ट बन्न पुगेका छन् । यो कथा सङ्ग्रह उनका अप्रकाशित कथा सङ्ग्रहहरू धेरै भएपनि प्रकाशित रुपमा पहिलो कथा सङ्ग्रह हो । यसमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित र अप्रकाशित कथाहरू समाविष्ट गरिएको छ ।

यस सङ्ग्रह भित्रका कथाहरू २०५१ देखि २०५५ साल सम्म लेखिएका छन् र बीसवटा कथाहरू मध्ये 'पात्रहरू मात्र, सपना र खण्डहरहरू र नाटकको अन्त्य' मात्र अप्रकाशित कथाहरू हुन् । देशभित्रका साहित्यिक पत्रिकामा मात्र नभई विदेशवाट प्रकाशित हुने पत्रिकामा पनि प्रकाशित भएको देखिन्छ ।

यस सङ्ग्रहको भूमिकामा वरिष्ठ समालोचक प्राध्यापक ठाकुर पराजुलीले भन्नुभएको छ - 'कथा आफैमा एउटा सृष्टि वा सिर्जना हो ....।' यो भूमिकाबाट नै यस भित्रका कथाहरूको विषयमा आद्योपान्त ज्ञान हुन्छ र शर्माका कथाहरुलाई पढ्न मन लाग्छ । यस्तै कथाकार मनु ब्राजाकीको मन्तव्य पनि यस कृतिले प्राप्त गरेको छ ।

राजनीनिशास्त्र र नेपालीमा एम.ए. गरी प्राध्यापन पेशा अंगाल्ने कथाकार दीनबन्धु शर्माका कथाहरूको विषयवस्तु समाजबाट नै लिएको हुनाले आफ्नै सेरोफेरोमा देखिएका, घटेका घटनाहरूलाई च्वाट्ट मुटु छुने किसिमबाट प्रस्तुत गर्नु उनको विशेषता हो । एकसय दुई पृष्ठको यस सङ्ग्रहको मूल्य नेपाली समाजका पाठकहरूले भेट्न नसक्ने भए तापनि साहित्यप्रेमी पाठकवर्गको लागि पढ्नुपर्ने, सङ्ग्रह गर्नुपर्ने अवश्य देखिन्छ । यस भित्र रहेका कथाको विषयवस्तु, लेखनशैली, परिमार्जित भाषालाई नियाल्दा कथाकारको निरन्तरता रहिरहोस् भन्ने आकाङ्क्षा सहित शुभ-कामना व्यक्त गर्दछु ।

कृति - सपना र खण्डहरहरू (कथा सङ्ग्रह)
कथाकार - दीनबन्धु शर्मा
संस्करण - प्रथम (२०५५)
मूल्य - १००।-

- ठाकुर

'अन्तर्ध्वनि'का ध्वनिहरू

सिर्जनाको अंकुरण हुने माध्यमहरू अन्यान्य छन् । शाब्दिक सिर्जनशीलताको प्रारम्भ प्राय: कवितावाटै हुने वातावरणको ईशारा कवि-लेखकहरूमा देखिन्छ । यही शव्दपथका काव्यिक यात्री बनेका छन् -कवि ठाकुर शर्मा । फुटकर कृतिको प्रशस्त प्रकाशन पश्चात् मौलिक रुपमा 'अन्तर्ध्वनि' शर्माको प्रथम कृति हो ।

गद्य र पद्यका तिख्खर झाँकी 'अन्तर्ध्वनि'मा अनुभूत गर्न पाइन्छ । पद्यका १३ र गद्यका २१ काव्यिक रुनझुन यहाँ तरङ्गित छन् । मानवीय चेतनाले बेहोरेका जाग्रत्, सुषुप्त र मृत सिम्फोनी स्वरहरू अन्तर्ध्वनिका ध्वनिहरू हुन् । कतै परिष्कारको मूर्त रुप यस्तो छ -

गुराँस, लालुपातेको छायाँमा वस्छ पोखरा
विश्वको मनमा रम्छ सर्वत्र रम्छ पोखरा ।

यस्तै शालीन संयोजन, अर्को पंक्ति -

वन्दैन केही न उठी सबैले
सुपुप्त वस्ने हुनुहुन्न मैले ।

वैयक्तिकतालाई यथार्थको दृष्टिबिन्दुसाथ काव्यिक संयोजन गरिएमा रचनाको स्तरमा उँचोपन, अर्थपूर्णता र शाश्वतको सन्निकटता प्राप्त हुन्छ । र, यसको स्वल्पानुभूति कवि शर्माका थोरै कवितामा सम्पन्नसाथ अनुभव हुन्छ । अझ साङ्गीतिकता र सौन्दर्यचेतको रमरम मज्जा गद्यका तुलनामा पद्य कवितामा पाइन्छ - अन्तर्ध्वनिको बिचरण गर्दा ।

समकालीन व्यक्तिसत्ताको सांसारिक क्षितिज उघार्ने प्रचेष्टा अन्तर्ध्वनिका कवि ठाकुरले गरेका छन् भन्ने निस्सा यहाँ आँकन सकिन्छ । जटीलताको जालो, दुरुहको दूर्ग, अगमताको अर्थले यहाँ उपस्थित नपाए पनि परिष्कृतको पारिलो घाम यहाँ अझै लागी नसकेको तथ्यलाई बोल्नै पर्ने हुन्छ ।

शिल्प र प्रस्तुतिको नवीनता, वैचारिक धुस्रेफुस्रे रुन्चे रुवाइबाट अब विमुक्त हुनै पर्छ । परम्परित साँचो मै ढालिएर सिर्जने आकांक्षावाट कवि शर्मा मुक्त हुनुपर्छ - अन्यथा कविताको प्रयोगवादी स्वरुप र समाजमा विस्मृत हुने डर बढिरहन्छ, झ्याँगिरहन्छ ।

नूतन परिकल्पना भन्दा मनकै वह मार्मिक हुन्छ, जल्पना भन्दा विपनाकै वेदना मर्मान्तक हुन्छ । 'खाडी हरपल जन्मिरहेछ त्यस्तै विश्वासको भ्वाङप्वाल टाल्ने यत्न हो कविको । र, केही सुस्वादु काव्यिक पंक्तिहरू सुवासित छन् अन्तर्ध्वनिमा ।

कविताको यो यात्रामा कविको सक्षम सोपानको मनोवाञ्छा सहित थप केही पंक्तिहरू -

चढ्न सक्छु भन्दैमा कढ्न पनि सोच्नुपर्दो रहेछ
परिणति नवुझ्नेको दर्दनाक दशा पनि देखें
भूतको ज्वाला वर्तमानमा
निभेको पनि देखें
जे देखें यथार्थ देखें ।

-युवराज नयाँघरे

तिहारको एकदिन

✍ कृष्णप्रसाद ढकाल

बाह्रबज्न लागिसकेको थियो -अनिन्द्य कटाक्षमा निद्रा रमण गर्दा हिजो राती। हिजो राती चौसे त कति आए कति के साध्य गनेर र भनेर। जेहोस्, हिजो वेलुका निद्रा धेरै पल्ट त्यार त्यार च्यातियो -कुहिएको तन्नी जस्तै।

रातको त्यही ३ बजेतिर आइपुग्छन् मेरा वेलुकाका साथीहरू -चौसी खेल्दै, मारुनी नचाउँदै। जहान सबै उठ्यौं, रामरमाइलो हेर्‍यौं। वास्तविक तिहार त्यतिखेर अनुभूत भयो, जति खेर मादलको तालमा चौसीका स्वरहरू गुञ्जिदै थिए मधुर स्वरमा। त्यो हूल चौसे उम्काइसकेपछि म सुतें फेरि र अरू जहान पनि -बाहेक घरका आइमाई। उनीहरू घर लिपपोत गर्न थाले। साँच्ची गजबै छ हो गाउँघरका आइमाई र त्यसमा पनि बुहारीको दिनचर्या -निर्मम, कहालीलाग्दो यातनामय। धन्य हुन् नारी, पृथ्वी र त सहन्छन् यो घोर दासत्व, अन्याय र अत्याचार। बिहान चार बजेदेखि लिपपोत गर्नु, भाँडो चोख्याउनु, पूजासामान ठीक गर्नु, खोले पोनी, वस्तुधन्दा, भकारो सोत्तर गर्नु, एक कोर्‍यादेखि पानी ओसार्नु, घाँस पराल गरी वस्तु पाल्नु - अहो! नारी कमजोर होइन वलिया हुन्छन् -नत्र कसरी सम्पादन गर्छन् यी अनवरत कामहरू रिठ्ठो नविराई। मध्यान्ह वाह्र बजेतिर एक डल्लो चिसो त्यो पनि अभरपेट ढिँडोलाई नुनिला आँसुमा मुछेर खान्छन् फेरि सासू-ससुराको राम्रो मुख, वचन, व्यवहार भए त राज्यै जितें जस्तो हुन्थ्यो नि हगि विचरीहरूलाई - त्यो पनि छैन। लुरे, चाउरे, कुपोषणग्रस्त बच्चाको झिंजो र लुछाइवाटै बन्छन् आधा। तैपनि एक शब्द बोल्न हुन्न -नारीधर्म यही हो। अन्यथा लोग्नेले फेर्छ जुत्ता वा ल्याउँछ सौता-गजव छ हाम्रो चलन पनि। मेला पर्म गर्न, साह्रागाह्रो गर्न, भारी बोक्न डल्ला फोर्न जे परिआउँछ बिसन्चो, विरामी जे भए पनि सासू, ससुरा वा लोग्नेको मर्जीमुताबिक तयार हुनुपर्छ - दिउँसो बुहारीले भ्याएसम्म र कतिका त नभ्याए पनि अरूले काम गर्नुहुन्न। यो त पुरुषधर्मे हो -गाउँघरको के शहरकै पनि। सिन्दूर सिउँदो पोते गलाको प्रतीक हो अमोक्ष बन्धनको। नलगाउँ-जेल लगाउने रहर, लगाइसकेपछि सुमेरु पर्वतभन्दा गह्रौं हुन्छ सिन्दूर पोतेको भार।

चिसो चुल्होमा अँध्यारो जमिसकेपछि भात, दाल, तरकारी अचार तयार गरेर अझै पस्कने वेलामा बुहारीको मुहार हँसिलै देख्न चाहन्छन् - सासू ससुराहरू। नत्र ता अलच्छिना घोप्टे। सम्झँदा पनि अत्यास लाग्ने दिनभरिका त्यत्रा काम गरेर, गाली सहेर पनि अझ कसरी उनीहरूकै भान्सा उज्यालो पार्न हाँसो आओस् लौ लौ। वाध्य हुन्छ पीडा वाफिएर शीत बनी नयनवाट खस्न नपाउँदै ओठ र दाँतहरूमा लतपताउन - अस्वीकृत मुस्कान बनेर। 'तरकारी पकाएर जश पाउनु र छोरी पाएर यश पाउनु' कल्पनाको लक्ष्मणरेखा भन्दा बाहिरको कुरा हो- यो ठाउँमा। रहेपहेको चिसो ढिँडो र साग, सासू-ससुराका क्षुद्र वचनसँग खूब स्वादिला हुँदा रहेछन् कि -कपाकप खान्छन् फेरि। न दिनभरिको भोकले पो हो कि, कसले विवेक गर्ने? 'नवाँधेको गाई र नकुटेकी जोई' एकै हुन् भन्ने कहावत चरितार्थ गर्छ लोग्ने र जाँडको तालमा सेक्छ ढाड, कहिले त रगतका फाल्सा, मैले नै देखेको छु कति त, काँडा सिरिङ हुन्छ सम्झँदा पनि। सासू, नन्द-आमाजू र लोग्नेलाई मल्दा (सेवा) जस्तै नबजे पनि वज्छ वाह्र। त्यसपछि सुरु हुन्छ -कुपोषणग्रस्त रोगी वच्चाहरूको टोकसाइ। रोग र भोक अनि चिन्तासँग निद्राको अरि परेछ कि कसो? यी तीनको गन्ध मात्रले निद्रा त दूरिदुवाई। निद्रा त सुखी र सन्तोपीका निम्ति मात्र न हो।

म दोस्रोपटक व्युँझदा एक जुवामाथि आइपुगेका छन् घाम। विहान गएँ वेंसी र गोरुलाई घाँसपराल हालेर हानिएँ घर तिर। वस्न त एकैछिन वसें लम्साल हरिसँग तर विह्वल भएँ उसको दारुण कथा सुन्दा। १२ वर्ष देखिन् मुरीका धोका बोकेको हो उसले -काम गर्नमै रत्तियो सानैदेखि।

ऊ सरहका अहिले पढ्छन् ९/१० कक्षामा तर ऊ सधैं वेंसी गोठ र खेतीमा। कहाँ छन् मानव अधिकार र वाल अधिकारका देखाउने वाहियात दाँतहरू। भन्छ, शहरतिर गिलास माझ्न मात्र पाए पनि जान्थें - खान पुगे भो। शहरमा जे गरे पनि लाज केको? हुन्छ नै को र चिनेको तर गाउँमा मैले अझसम्म छैन भाँडा माझेको लाज हुन्छ। उसले समग्र नेपालीको र अझ विदेश गएर स्वाभीमानको लिलाम विक्री गरी भेडागोठालो लाग्ने नेपालीहरूको मानसिकताको प्रतिनिधित्व गरेको थियो।

गंगादिदी म भन्दा एकठेलो मात्र अगाडि आइपुगिछ । सीता आइन यसपालि -भुँडी छ भरे भोलिको । जेठी त हिजै आएकी । चौसी खेल्न गएको भाइ ढिला मात्र आइपुग्यो ।

१२ बजिसकेछ टीका लगाउन सुरु गर्दा । माथ्लाघरे भतिजाहरू पनि यसपालि हामीकहाँ नै आए टीका थाप्न । दाइहरूले टीका लगाउन भएन -ठूल्यामा खसेकी । पल्लाघरेले त पोहोरैबाट छुट्टै लगएका । यसपालि त झन् अस्ति मात्रको त्यो सङ्ग्राम ।

हिलेखोलाबाट काल्दिदी आइछन् । पल्लाघरका ठूलाबाले उनको हातको टीका नलगाएकोले चित्त दुखाइन् । इप्टमित्र पनि तेरामेरा गर्न थाले अब त । पोहोरसम्म सरावर लगाइराखेको टीको । यसपालि ..... । भाइ टीको लगाउँदा लगाउँदै झुल्न थाल्यो-घुच्याउँदै थिएँ म त । तर रातभरि चौसीले मन्सिएको निन्द्राले अहिले वेलैले अँठयायो उसलाई । टीका लगाई सकेपछि सबैलाई हँसायो -'खोइ त टीका लगाएको, मैले त थाह नै पाइनँ । फेरि लगाइदेओ' भनेर ।

तर विडम्बना, टीको भन्नासाथ काँडा उम्रने समय आएको छ -चाहे त्यो तिहारको होस्, चाहे दशैंको वा श्राद्ध, विवाह वा अरु जुनसुकै वेलाको । टीकासँगै दक्षिणारुपी कालो अजिङ्गर पछि लाग्न थालेको छ । आशीर्वचन, आत्मीयता, प्रेम, सद्भाव मिलनजस्ता टीकाका सुकुमार आदर्शलाई सुलुक्कै निलिदिएकोछ यही हजिङ्गरले । कहिले उसलाई कहिले उसलाई तर पालैपालो सबैलाई डस्छ यसले ..... फरक यत्ति हो -धनीलाई कमै महसुस हुन्छ यसको डसाइ तर गरीबको त कलेजो-फोक्सो नै उछिट्टयाउँछ । जे होस् संस्कारमा आएको ठूलो विकृति हो । एउटा दुइटाले भनेर लाग्छ नै के -अभियान चाहिन्छ सामाजिक कलङ्क पखाल्न । पऱ्यो समस्या यस्तै सकिनसकी ल्याएका छन् दिदीहरूले मसला । घाटापार्नु भएन -दक्षिणा दिने कति ? अनुरत्तरित प्रश्नका अनन्त लामको एउटै जवाफ हुनेछ -संचेतना । हामी चाडवाड किन मनाउँछौं, यसको वास्तविक उद्देश्य के हो र कसरी मनाउने, चाडवाडको सुरुवात किन र कसरी भयो भन्ने कुरामा नघोत्लिएसम्म पवित्र संस्कृतिमा आएका यी भस्मासुर विकृतिहरू यति भयावह हुनेछन् कि गाह्रो हुनेछ छुट्टयाउनलाई -यी चाडवाड हाम्रै हुन् कि हुन् विदेशवाट आयातित भनेर ।

दिउँस गाउँतिर गइयो, माझाघरमा जमेको रैछ भीड -एउटै आँगनमा सात आठवटा खाल । जुवा, तास, लङ्गुरवुर्जा के, के । तिहार जुवाका कौडीमा, तासका पत्तामा, लङ्गुरवुर्जाका गोटीमा कररकरर कन्दन गरिरहेथ्यो, परदेशवाट टीका थाप्न आएका दाजुभाइहरू, कहिले आउला तिहार र खेलौंला चौसी भनेर चीर प्रतिक्षारत वालवालिकाहरू समेत कौडा र गोटि अनि तास संगै पसारिइरहेका थिए घाममा । धिक्कार ! दिग्भ्रमित भएँ म -छु कहां क्यासिनो हलमा वा तिहारको रमझममा । तर भ्रम भन्ने एउटै आधार थियो -गलाका रङ्गीविरङ्गी फूलका प्रालम्ब र निधारका सप्तरङ्गी टीका -सिर्फ यत्ति । तिहारमा जुवा हारे दशा जान्छ रे ! भनेर ५-१० रुपैयाँ च्याँखे थापें तर पुर्पुरो मेरो साह्रै अभागी -गैंहाल्यो । हुन त जुवासँग भाग्यको ट्राजिटी नै छ, रै छ क्या हो -जितें भन्ने त नगण्य र भए पनि क्षणिक -मृगमरीचिकाजस्तै जिते पनि अझवढी जितुं जस्तो लाग्ने, हारे पनि अब पो आउँछ कि भन्ने आश जाग्ने । यही भएर त भन्या नि -'नखेल्नु जुवा र तास, धनको नास जीवनको बनीवास' हारें भनेर खप्परमा हात राख्ने र आँसु वहाउनेकै साङ्खिक आधिक्यता रहेपनि तिहारमा हारेमा जान्छ रे दशा भनेर -नभएको दशा पखालेर वास्तविक दशा निम्त्याउँदै थियौं । तर मैले कौडाचाहिं छोइन । म सोझो छु -चाहिंदो भन्दा पनि वढी र होचो छु समय भन्दा धेरै । तसर्थ मेरो शिरमाथि दगुर्छन् समयका पाइलाहरू -म सधैं कुल्चिइरहन्छु । लाग्छ -मेरो सोझोपन मिक्की-माउसभन्दा पनि वेजोड व्यङ्ग्यचित्र हो वा अझभनुं -चार्ली च्याप्लिनको अद्वितीय हास्यअभिनयको एक दृश्य हो । जसको मजा लिन्छन् सबैले र हाम्छन्, रमाउँछन्, इच्छाअनुरुप प्रयोग गर्छन् ।

मन लागेन धेरै बेर वस्न -त्यो मानिसको व्यवसायिक जङ्गलमा । घर आएं र अध्ययन तथा लेखनमा लागें -मजस्ता विद्याव्यसनी किताबको कीरालाई यो नै मीठो ।

संसार नै अहिले एक्लै छ -विकल छ । किनकि म एक्लै छु आज -श्रीमती गई विहानै माइत । लाग्यो तिहार मेरो गाउँमा मात्र आओस् -श्रीमतीको गाउँमा होइन । जे होस् मीठो अनुभूति भित्र -छाती उम्लिरहेको छ पीडाको दहमा । साँच्ची छातीमा त दुःख र पीडाको दह नै छ क्यार ! किनकि भोलि विहानै म बिदाई गर्दैछु -रमाइलो तिहारलाई, छोडदैछु प्यारो गाउँलाई, र पस्दैछु -पूर्ववत् शहर -काठमाण्डौमा ।

रानीवन-३, काभ्रे ।

जुनसुकै पनि कर्तव्य पवित्र हुन्छ,
कर्तव्यसेवानै इश्वरको सवभन्दा ठूलो पूजा हो । - विवेकानन्द

शालिग्राम शिला सङ्गात्सर्वं याति पवित्रताम्

✍ तुलसीराम पाण्डेय

प्राचीन वैदिक एवं पौराणिक कालदेखि नै नेपाल 'ने' मुनिद्वारा पालन गरिएको प्रसिद्ध तपोभूमि, देवी-देवताहरूको निवासस्थान, सिद्ध महात्माहरूले सिद्धि प्राप्त गर्न तपस्या गर्ने पवित्र ठाउँ हो । यसै भूमिमा व्यास पाणिनी-वाल्मीकि-वशिष्ठादि ऋषिमुनिहरूले सिद्धि प्राप्त गरी प्रसिद्धि पाए । यहाँ पूर्वमा वराह क्षेत्र, जनक राजाले पालना गरिएको जनकपुर धाम जहाँ सीताजीको प्रादुर्भाव भयो, यही पवित्र स्थलमा पुरुषोत्तम रामको आगमन भई सीताजीको पाणि ग्रहण भयो । त्यस्तै पश्चिममा पनि मुक्तिनाथ धाम, रिडी हृषिकेश, पाल्पा भैरव, कास्की पोखरामा विन्ध्यवासिनी, स्याङ्जामा शालिग्राम शिला छन् । आजभन्दा केही वर्ष पूर्व शालिग्राम शिलाको दर्शन गर्ने अभिलाषा लिएर गएको थिएँ सेतीवेनी । त्यो रमणीय दक्षिण-पश्चिम प्रवाहिनी श्रीकृष्ण गण्डकी जो वाराह पुराणमा उल्लिखित 'श्वेतनदी सुविख्याता' भनेर सुविख्यात सेती नदीको सङ्गमस्थलमा अवस्थित शिला रहेको स्पष्ट छ । त्यो स्थान लुम्बिनी , गण्डकी र धौलागिरी अञ्चल का क्रमशः गुल्मी, स्याङ्जा र पर्वत जिल्लाको पनि सङ्गमस्थल हो । त्यो ठाउँ विकासको दृष्टिले पनि सामान्य छ तापनि भाँडाकुँडा र कपडादेखि लिएर खाद्य, पेय सबै पदार्थहरू प्राप्त गर्न सकिन्छ । शिक्षाको क्षेत्रमा पनि यो स्थल राम्रो छ । यहाँ शालिग्राम गा.वि.स. मा माध्यमिक विद्यालय छ भने एउटा बोर्डिङ्ग स्कूल पनि खुलेको छ । धार्मिक दृष्टिले अति पवित्र मानिने शिला साक्षात् नारायण स्वरूप हुन् ।

किम्वदन्ती यस्तो छ -परापूर्व कालमा त्यहाँ अवस्थित शिला गुल्मीतर्फ थिए रे ! एकदिन एक महिलाले स्नान गरी आफ्ना लुगा शिलामा सुकाइछन् । त्यसको फलस्वरुप शिला दोस्रो दिन स्याङ्जातर्फ सरेको पाइन् । नभन्दै ऐले पनि शिला स्याङ्जातर्फ नै अवस्थित छन् । यो स्थल मुक्तिनाथवाट प्रवाहित श्रीकृष्ण गण्डकी र पर्वतको लुखु स्याङ्जाको पिंडिखोला सिंगारकोश पर्वतको टकलाक हुँदै जहाँ सेतीनदी र कालीगण्डकी संगम भएको छ । स्थानीय वूढापाकाहरूको भनाइ छ - शिलाभित्र वहुमूल्य धातुका मूर्तिहरू गाईका बनोट छन् । सम्वत् २०२०/२५ सालतिर एक विदेशी पर्यटकले सूक्ष्म यन्त्रद्वारा अवलोकन गरी त्यहाँ वहुमूल्य वस्तुहरू छन् भन्ने थाहा पाई यस शिलालाई फोड्ने र बहुमूल्य वस्तुहरू हात पार्ने इच्छाले श्री ५ महेन्द्र समक्ष विन्ती चढाएका थिए रे ! तर श्री ५ वाट अमूल्य निधिहरूको संरक्षण, धार्मिक आस्थालाई दिगो राखी आँच आउन नदिन फोड्न नदिने हुकुम भएको थियो रे !

पहिले स्थानीय जनताले खरको झोलुङ्गोद्वारा आवतजावत गर्ने गरेका थिए । भनिन्छ - पछि चन्दा सङ्कलन र जनश्रमदान समेत गरी साङ्लोको झोलुङ्गे पुल राखेका थिए । उक्त झोलुङ्गे पुल सम्वत् २०१८ साल कार्तिक महिनाको हरिबोधनी एकादशीका दिन झोलुङ्गे पुल चुँडी २०/२२ जना तीर्थयात्रीको ज्यान गएको थियो । उक्त घटना संझँदा अद्यापि मेरो मन भयभित हुन्छ । त्यसपछि त्यहाँ आवत-जावत गर्न धेरै बाधा-व्यवधान पऱ्यो । त्यहाँका जनताको बारम्बार आग्रहले गर्दा सरकारको दृष्टि परी करीब २०४०/४२ सालतिर दोस्रो राम्रो झोलुङ्गे पुलको निर्माण भयो । हाल सोही पुलबाट आउने जाने भइरहेको छ ।

यस स्थानमा जानको लागि हाल निर्माण भइरहेको कालीगण्डकी 'ए' जलविद्युत योजनावाट करीब डेढकोश पूर्वोत्तर हर्मिचौरको आँधी, हार्सेको भीर हुँदै अर्वेनीको काहुँ र स्याङ्जाको आँधीखोला तरी खबारको वन हुँदै त्यो स्थलमा पुग्न सकिन्छ । धार्मिक आस्थाले परिपूर्ण, पर्यटकको दृष्टिले समेत यो स्थल अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

हिन्दू संस्कृतिका महत्त्वपूर्ण पर्वहरूमा यस ठाउँमा हज्जारौं तीर्थयात्री मेला भर्न आउँछन् । वर्षको पहिलो दिन मेष संक्रान्ती, हरिशयनी एकादशी, हरिबोधिनी एकादशी, मकर संक्रान्ती जस्ता पर्वहरूमा शिलाको दर्शन गरी आफ्नो यात्रा सफल सझन्छन् । हामी पनि एकपटक कृष्णा गण्डकीको पवित्र जलमा स्नान गरी ऐतिहासिक शिलाको दर्शनद्वारा मानवजीवन सफल पारौं ।

-कपन, काठमाडौं ।

प्रतीक्षा

✍ सिर्जना शर्मा

मानिस हुँ त्यसैले एक्लै बाँच्न सक्तिन । यो जिन्दगी जहाँ एउटै बाँच्ने सहारा छ त्यो पनि खोसिन लाग्दा ज्यादै नै एक्लोपनको आभास हुँदो रहेछ । हो, मानिस जन्मेपछि अवश्य मर्छ तर त्यो वियोग मैले भोगेकाले आफ्नो जन्म पश्चात् अलिक ठूलो भएपछिका यी क्षणहरू बिताउने दौरानमा साथ थियो त एउटा भाइ जो आज आफ्नो मृत्युको घडी गनेर बसि रहेछ ।

समाजमा फैलिएको विकृतिले आज मानिसहरू आफ्नो इज्जतको कुनै लाज र धक नमानेर नचाहिँदो र जान नहुने बाटोतिर लम्कन पुगिरहेका छन् । यसरी लम्कन पुगेका मानिसहरूको भीडमा मेरो प्यारो भाइ पनि पुग्न गयो । प्रयास गरेको थियो होला उसले त्यता नलाग्न तर पनि उ त्यस भड्खालमा जाकिन पुग्यो । कल्पना त उसले गरेको थियो एउटा असल नागरिक बन्ने तर आज समाजमा फैलिएको यस विकृतिले भइदियो एउटा अर्थहीन व्यक्ति । म तमासा हेरिरहें चुपचाप, केही सोच्न सकिन । संसारमा रहेका अनेकौं वस्तुहरूको आ-आफ्नै मूल्य छ, ती मध्ये माया एउटा साह्रै अमूल्य वस्तु हो । अरु कुराहरूको दाँजोमा यसको आफ्नै विशेषता छ । यसलाई जति बाँड्यो उति बाँडिदै र बढ्दै जान्छ । माया गर्ने र माया लाग्ने कुराले आफ्नो दैनिक जीवनमा ठूलो ठाउँ ओगटेको हुन्छ । जसलाई माया गरिन्छ त्यसलाई त केही गरी पनि बिर्सन सकिन्न ।

बाँच्ने•र एउटा सक्षम नागरिक बन्नको लागि दुःख गरेर भएपनि राम्रो शिक्षा, उचित लालनपालन र आदर्शको काखमा आफ्नो भाइलाई हुर्काएकी थिएँ । राम्रो विद्यालयको एउटा असल विद्यार्थी थियो भाइ । लगनशील एवं मिहेनत गरेर आफ्नो कार्यहरू गर्थ्यो । विद्यालयमा उसलाई नचिन्ने प्रायः थोरै थिए । उसको भावना र सोचाइ यति गहिरो थियो कि मैले बुझ्नै सक्तिनथें । उ केवल आफ्नो मात्र हीतको कुरा गर्दैनथ्यो, न त मेरो नै । उसलाई समाज र देशप्रति भित्री आस्था थियो । उसले देशको माटो र शहीदको रगतलाई ताजा गराउन चाहन्थ्यो । उसको यस्तो उदार भावना देखेर म आफूलाई गर्व गर्थें ।

हुन त समाजमा सबै एकैखाले व्यक्तिहरू हुँदैनन्, सबैको स्वभाव एउटै हुँदैन । समाजलाई विनाशको दिशातिर लैजाने खतरनाक कीराहरू पनि यहाँ छन् । यस्तै कीराहरू नै समाजको शान्तिलाई खल्बलाउने काम गर्छन् । जसले मेरो भाइलाई पनि बाँकी राखेन । यस्तै सामाजिक कुसङ्गतको प्रभावले आज मेरो भाइले आफ्नो अस्तित्व नै गुमाउन पुगेको छ । उ देशको सच्चा नागरिक हुन्छ भन्ने मेरो कल्पना कल्पनामा नै सिमित भएको छ । मेरा सपनाहरू सीसा जस्तै चकनाचुर हुन पुगेका छन् ।

साथीहरूको सङ्गतमा लागेर जाँड, रक्सी देखि लिएर जुवा, तास खेल्न समेत पछि परेन मेरो भाइ । हो, मेरो त्यही प्यारो सानो भाइ, जून भाइ पाएर म आफूलाई गौरवशाली सम्झन्थे आज त्यही भाइ देखेर म आफ्नो शीर निहुराएर हिंड्छु - त्यही समाजमा, जुन समाजमा बसेर मैले मेरो भाइलाई एक सच्चा समाजको इमान्दार व्यक्ति बनाउने कल्पना गरेको थिएँ । म आफैलाई धिक्कार्छु, शायद मेरो लालन-पालनमा कुनै कमी भएर हो कि जसले गर्दा आज यो अवस्थाको सृजना हुन पुग्यो । राती घर ढिला आउने, आएपछि नबोलि आफ्नो कोठामा सुत्ने । उसको यस्तो आचरणले मलाई ठूलो आघात पुग्ने गर्थ्यो । मेरो मायाको पोकोमा ठूलो बज्र प्रहार हुन जान्थ्यो । मैले यस्तो दुःख गरेर हुर्काएको मेरो भाइले आज मेरा सारा सपनाहरूलाई एकै झड्कामा चकनाचुर पाऱ्यो । उसले मेरो बर्षौको तपस्यालाई एक क्षणमा भङ्ग गरिदियो । जसले गर्दा मलाई त्यस अवस्थामा ज्यादै एक्लो अनुभूति भयो । म एकछिन मेरो विगतलाई आफ्ना दुई आँखा अगाडि ल्याउन लागें । मलाई मेरो आफन्त विछोडको कमी महसूस हुन पुग्यो । अब त मेरा कानमा पनि केवल कोलाहल र चित्कार मात्र गुञ्जिन थालेको छ । मेरो जिन्दगी वरिपरि कालो बादल मडारिन थालेको छ ।

मलाई मेरो भाइ एक देशप्रेमी र पहिले जस्तै चकचके, छुकछुके नै भएको मनपर्थ्यो । तर अब साथीहरूको सङ्गत भनौं या उसको कुबुद्धिले कुबाटोतिर डोऱ्याएर घरको वाटो भुल्न थालेको छ । म रातभरि जागेर आफ्नो भाइलाई भेट्ने आशामा बस्थें तर उसको भने अत्तोपत्तो छैन । म मेरो भाइलाई राम्रो शिक्षा दिनको लागि पैसा खर्च गर्न सक्थें । भाइलाई हुर्काउन जति गाह्रो पर्छ त्यो भन्दा वढी अहिले उसको स्थिति देख्दा हुन्छ । घर व्यवहार आफ्नो खर्च र भाइको खर्चको जिम्मेवारी उठाए पनि केवल जागिरको

भरमा सबै मुश्किलले चलाउनु पर्थ्यो । मैले मेरो भाइलाई ठूलो बनाएर आफ्नो यो जिम्मेवारीमा मद्दत पुऱ्याउँछु भन्ने सोचेको थिएँ तर त्यो सोच्नु व्यर्थ भैरहेछ । म उसलाई चाहे जति वस्तुको उपभोग गराउन नसके तापनि उसलाई आमाबाबु दुबैको माया दिन सक्थें तर त्यो मेरो भाग्यमा रहेन । यस्तै दुःखै दुःखको भुमरीमा पिल्सिन पुगेको बेला एकदिन मेरो घरमा इन्सपेक्टरको प्रवेश भयो घरको खानतलास भयो घरमा केही नभेटाए पछि मैले उनको आउनुको तात्पर्य सोधें । उसलाई चोरीको आरोप लागेको रहेछ ।

त्यसपछि झन् मेरो जिन्दगीलाई अर्को ज्वालामुखीको सामना गर्नुपऱ्यो । मेरो जिन्दगीले अर्कै मोड लिन थाल्यो । पछि मेरो भाइलाई थुनामा राखेको थाहा पाएँ । जुन भाइ हत्या, मारकाट, लुटपीट देखि परपरै भाग्ने गर्थ्यो आज उसैमाथि चोरीको मुद्दा लाग्न थालेको देखेर म आकाशबाट खसे झैं भएँ । यो स्थितिको सामना गर्नुपर्छ भन्ने मैले सपनामा पनि चिताएको थिइन ।

यसरी मेरै अगाडि मेरो वर्षौंको मिहेनत र मैले सिंगारेको सपना एक झड्कामा नै चकनाचुर भयो । म मेरो प्यारो भाइको चित्कार सुन्न पुग्छु -'दिदी दिदी ! म निर्दोष छु, मैले केही पनि गरेको छैन' तर मैले विश्वास कसरी गर्ने ! उसलाई बचाउन मैले केही सबुत प्रमाण पुलिसको हातमा पेश गर्नुपर्थ्यो । भाइलाई सम्झेर छटपटाइ रहन्थें । हरपल मेरा दुई नेत्रपल अगाडि मेरो त्यही देशप्रेमी भाइ उभिन्थ्यो । म उसलाई भेट्न जेलमा गएँ, उसले मसँग धेरै पछुताउ गऱ्यो । उसको कुरामा सत्यता छ भन्ने आभाष मैले पाएँ । हुन त आफन्तको गल्ती केलाउन गाह्रो हुन्छ तैपनि मलाई पूर्ण विश्वास थियो मेरो भाइमा । मेरो भाइ यस्तो दलदलमा जाकिन पो पुगेको रहेछ भन्ने कुराको भान भयो । उसलाई निकाल्न मैले धेरै ठाउँबाट आशा राखें तर यहाँ असहायको वेदना सुन्ने को ? यहाँ कसैको दुःखमा कसैले साथ दिदैन ।

अदालतमा मुद्दा चल्यो । केही ठोस सबुत फेला नपरेकोले मेरो भाइलाई अनिश्चितकालीन कारागारको सजाय सुनाइयो । म र मेरो भाइको जीवनमा झन् कालो बादल मडारिन थाल्यो । जीवन अस्तित्व विहीन हुनपुग्यो । मेरो भाइ जेल सजाय भोग्न बाध्य भयो । उन्नाइस वर्षीय मेरो भाइ र म एक अर्काबाट अलग हुन पुग्यौं ।

आफ्नो सम्पूर्ण जीवन उसको स्याहार-सुसारमा लगाएर यत्रो बनाएको भाइ अनिश्चितकालीन कारावासको सजाय भोगेर बसिरहेछ र म उसलाई बचाउन त्यहाँबाट मुक्त गर्न हरदम लागिरहेछु । यसरी समाज र देशको विकास चाहने मेरो भाइ आज एक्लो र समाजबाट नै तिरस्कृत हुन पुगेको छ । म प्रतीक्षा गरिरहेकी छु - उसको जेलमुक्ति र आचरण सुधारको प्रतीक्षा । अनि उसको आत्मालोचनाको प्रतीक्षा र हामी दिदीभाइ बीचको मिलनको प्रतीक्षा ।

✧✧✧

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

५४ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा

मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै

मौसूफको सु-स्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि

श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

- नेपाल राष्ट्र बैंक

परिवार

वान्टेड

✍ प्रसन्ना शर्मा

इज्जत र स्वाभिमान भएका
निरन्तर काममा समर्पित रहने
परिश्रमी व्यक्तिहरू
देशलाई चाहिएको छ
तर ...
यो देशको वातावरणमा
भेटिएला जस्तो लागेन,
त्यसैले देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

आफ्ना सन्तान मेहनती नभएकाले
प्रशस्त उब्जनी पनि नभएकाले,
आयातित अन्न स्वादिष्ट नभएर
आफ्नो अन्न चाख्ने रहरले
देशले मेहनती किसान खोजेको छ,
त्यसैले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

व्यक्तिगत स्वार्थलाई
किञ्चित स्थान नदिई,
राष्ट्रिय भावनाले ओतप्रोत
नेताको अनिकाल लागेकाले
यस्ता नेताको खोजमा,
देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

आफ्नो लागि नभएर
अरूको लागि पढ्ने
धारणाको वृद्धि भएको हुँदा,
भविष्य अवलोकन नगर्ने
र दायित्व नसंझने
नयाँ बिहानी ल्याउनको निम्ति,
देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

काम गर्नमा भन्दा
गफ गर्नमा बढी व्यस्त रहने
कलम समाउनमा भन्दा
प्राय: कुर्सीमा निदाउन मन पराउने
यहाँका कर्मचारी भएकाले
काममा सुनिश्चितता ल्याउनको निम्ति,
देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

राम्रो बनाउन भन्दा
बिगार्न दक्ष यहाँका प्राविधिज्ञ भएकाले
सक्षम प्राविधिज्ञको आवश्यकता पूर्ति गर्न,
देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

अनुशासित नभइकन
अनुशासनको पाठ पढाउने र
इमान्दार शिक्षामा भन्दा बढी
भिक्षामा ख्याल राख्ने
यहाँका प्राय: शिक्षक भएकाले
उच्च शिक्षा दिनको निम्ति,
देशले पत्र-पत्रिकामा
'वान्टेड' दिनुपरेको छ ।

- जुहाङ, गुल्मी

मेरा गाउँवासीहरूलाई – पत्र

मेरा प्यारा गाउँवासी बाबुआमा, दाजुभाइ तथा दिदीबहिनीहरू !

मधुपर्कको २०५४ साल चैत्र अङ्कमा प्रकाशित 'मेरो गाउँ:केही परिवर्तन भएछ' शीर्षक कथाले तपाईहरू मध्ये केहीको मन बिझाउने काम गरेछ । तर मैले कसैलाई घोचपेच गर्ने नियत नराखेर गाउँले जीवनमा देखिएका केही विकृतिहरूलाई साङ्केतिक रूपमा निरुपण गरेको मात्र हुँ । कसैको व्यक्तित्व हनन वा नैतिक पतन गर्ने दृष्टिले लेखिएको होइन । त्यो त वर्तमान नेपालका अधिकांश गाउँको कथा हो, नेपालका सम्पूर्ण सचेतवर्गले पढ्नुपर्ने कथा हो । समष्टिमा यो कथा मात्र हो । कथामा- भएका घटनाहरू पनि हुन्छन्, हुन सक्ने कुराहरू पनि हुन्छन्, काल्पनिक कुराहरू पनि जोडिएका हुन्छन् । यो कुरा तपाईंहरूले बुझीदिनु पर्दछ ।

आफ्नो गाउँ सम्पन्न र वैभवशाली होस्, मेरा गाउँले वन्धुवान्धवहरू चेतनशील र सुसंस्कृत बनुन् भन्ने मेरो भित्री आकांक्षा छ । तर त्यसो हुनको लागि त्यहाँ प्रचलित कुरीति, कुसंस्कार र कुविचारहरू हट्नु पर्दछ । यिनै विकृति र विसंगतिलाई मैले साङ्केतिक भाषामा कथाको रूप दिएको हुँ ।

अत: मेरो आग्रह के छ भने - सक्नु हुन्छ भने साङ्केतिक रूपमा आफूमाथि प्रहार भएको भन्नेहरूले अवदेखि कुनै पनि असामाजिक र अव्यवहारिक कार्य नगरी सुपथमा लाग्ने प्रयाश गर्नुहोला, यदि त्यसो गर्न आफ्नो स्वत्वले स्वीकार गर्दैन भने आफ्नो जीवनमा कथाको घटना मिल्न गएकोमा संयोग भएको संझेर कथालाई कथाकै रूपमा राखी मनबाट विद्वेषको भावना त्यागी दिनुहोला । अन्तमा: मेरो कथा पढी दिनु भएकोमा सम्पूर्ण गाउँवासीहरूलाई हार्दिक धन्यवाद !

- रामप्रसाद पन्त

देश भन्नोस् चाहे राष्ट्र - त्यो भूगोल होइन, त्यो माटो होइन, त्यो यथार्थमा जनता हो । जुन कुराले जनताको हीत हुन्छ त्यही कुरो देश हीतको कुरो हो । जनताको अधिकार हनन् देशको अधिकार हनन् हो । **- विश्वेश्वर प्रसाद कोइराला**

श्री ५ महाराजाधिराज सरकारको
५४ औं शुभजन्मोत्सवको उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

काठका विभिन्न सामाग्रीहरूको आवश्यक
भएमा हामीलाई सम्झनु होस्

आर.के. फर्निचर्स
डिल्लीबजार, काठमाडौं

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५४ औं शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसुफको गाथमा सुस्वास्थ तथा
समृद्धिको लागि हार्दिक मङ्गलमय
शुभकामना टक्र्याउँदछौं ।

खेमराज पोखरेल
(मेयर) तथा
इनरुवा नगरपालिका परिवार